मेलम्ची नगरपालिकाद्धारा नगरवासीहरुमा जारी सन्देश

- भवन आचारसंहिताको पूर्ण रुपमा पालना गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा गई घटनादर्ता गरौं ।
- आफ्नो घर, टोल, सडकमा जथाभावी फोहर नगरौं, व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।
- समयमै राजश्व तिरौं, सभ्य तथा असल नागरिकको परिचय दिऔं ।
- सडक अधिकार क्षेत्रभित्र निर्माणजन्य तथा व्यापारिक वस्तुको भण्डारण नगरौं ।
- नक्सा पास गरेरमात्र घर निर्माण गरौं ।
- प्राकृतिक तथा दैवी प्रकोपबाट मानविय तथा भौतिक क्षति न्यूनिकरणका लागि सचेत र सजग बनौं ।
- स्रोतमै फोहरको वर्गिकरण गरौं । फोहरमैला व्यवस्थापनमा अव्वल नगर बनाउन सबैले सहयोग गरौं ।
- कृषि तथा पशुजन्य उपजको उत्पादनमा बृद्धि गरी आत्मनिर्भर नगर निर्माण गर्ने नगरपालिकाको नीतिलाई कार्यान्वयन गर्न नगरको कृषि तथा पशुसेवा शाखाको समन्वयमा कृषि तथा पशुजन्य व्यवसाय संचालन गरौं ।

मेलम्ची नगरपालिकाको आार्थिक वर्ष २०७७/७८ को नीति, कार्यक्रम, योजना र बजेट सहितको

वार्षिक नगर विकास योजना



मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
फोन नं. ०११-४०११४१, ०११-४०११४२ Fax : ०११-४०१०८९
इमेलः dms.melamchimun@gmail.com **वेवसाइटः** www.melamchimun.gov.np

प्रमुख संरक्षक

श्री डम्बर बहादुर अर्याल – नगर प्रमुख

संरक्षक

श्री भगवती नेपाल – उपप्रमुख

सल्लाहकार

श्री कुमार प्रसाद कोइराला – प्रमुख प्रशासकीय अधिकृत

सम्पादन तथा प्रकाशन

श्री रविप्रसाद शर्मा – उपसचिव (शिक्षा)

श्री मुरारी पुडासैनी – लेखा अधिकृत

श्री सुधिनराज बुढाथोकी – अधिकृत सातौँ (शिक्षा)

श्री भोजराज खनाल – जनस्वास्थ्य अधिकृत

श्री जयराम गजुरेल – अधिकृत सातौँ (प्रशासन)

श्री जिवनाथ भण्डारी – अधिकृत छैठौँ (प्रशासन)

श्री रामकुमार के.सी – अधिकृत छैठौँ (प्रशासन)

श्री अरुण कुमार झा – इन्जिनियर

श्री अर्जुन अर्याल – इन्जिनियर

श्री जीत बहादुर कार्की – इन्जिनियर

श्री अर्पना श्रेष्ठ – सूचना प्रविधि अधिकृत

श्री राजेन्द्र दुलाल – सहायक पाँचौँ

श्री जयराम घोरासैनी – कम्प्युटर अपरेटर

श्री इशु पौड्याल – सहायक चौँथो

प्रकाशक

मेलम्ची नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

सर्वाधिकार

मेलम्ची नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

Website : www.melamchimun.gov.np

E-mail : info@melamchimun.gov.np

dms.melamchimun@gmail.com

फोन नं : ०११–४०११४१, ०११–४०११४२, ०११–४०१०८९

मन्तव्य

मेलम्ची नगरपालिकाको आ.व. ०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम, बजेट र योजना सहभागितामुलक पद्धतिवाट तयार गरी यहाँहरु समक्ष ल्याउन पाउँदा खुसी लागेको छ । यस अवसरमा ईतिहासको विभिन्न चरणमा परिवर्तनको लागि भएको आन्दोलनमा आफ्नो प्राण उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्न चाहन्छु ।

नेपालको संविधान, २०७२ ले स्थानीय सरकारको व्यवस्था गरेपश्चात भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिको रुपमा हामीले चौँथो वर्षको नगर विकास योजना तयार गरी सार्वजनिकिकरण गरेकाछौं। चौँथो नगर विकास योजना जनप्रतिनिधि, राजनैतिक दल, निजी क्षेत्र, नागरिक समाज, सरोकारवाला, कर्मचारी र सम्पुर्ण नगरबासीको माग तथा सुझावको आधारमा तर्जुमा गरिएको छ ।

कोरोना भाईरसको विश्वव्यापी संक्रमण एवं महामारीको यो जटिल परिस्थितिमा सिमित स्रोत र साधन तथा नगरबासीको असिमित माग र आवश्यकता पुरा गर्न कोभिड–१९ संक्रमण नियन्त्रण र नगरबासीको बाँच्न पाउने अधिकारलाई प्रमुख प्राथामिकतामा राखि सबै क्षेत्रलाई समानुपातिक रुपमा समेट्ने गरी नगर विकास योजना बनाएका छौं।

विकास बहुआयामिक, बहुउदेशिक, सकरात्मक, गतिशिल, अग्रगामी परिवर्तनको निरन्तर प्रक्रिया हो। विकास निर्माण तथा योजना निर्माण प्रक्रियकाका चरणहरुलाई प्राथामिकता र आवश्यकताको आधारमा Buttom Up Approach बमोजिम हुने गरी तर्जुमा देखि कार्यान्वयनसम्म सहभागितामुलक ढंगबाट अगाडि बढाई सम्पुर्ण नगरबासी तथा सरोकारवालाको सारभूत रुपमा अपनत्व बढाउने सोचका साथ यो वार्षिक नगर विकास योजनाले नगरपालिकालाई समृद्धिको बाटोतर्फ लैजाने उदेश्यमा अगाडि बढाउनेछ भन्नेमा म विश्वस्त छु। तीन वर्ष भित्र हामीले ऐन, नियम, तथा कार्यविधिहरुको व्यवस्था, नगर विकास गुरुयोजना निर्माण, जनशक्ति तथा कार्यालयको व्यवस्था लगायतका कार्यहरु गरी नगरका कृयाकलापहरुलाई पारदर्शी एवं उत्तरदायी बनाई निरन्तर सुधार मार्फत सुशासनको बाटोमा नगरपालिकालाई डोर्याएकाछौं । आगामी दिनमा अझ बढी व्यवस्थित र प्रभावकारी काम गर्नसक्छौं भन्ने विश्वास लिएको छु । यो वार्षिक नगर विकास योजना तर्जुम गर्नमा साथ र सहयोग गर्नु हुने सम्पुणमा धन्यवाद व्यक्त गर्दछु ।

अन्तमा यस नगर विकास योजनाको सफल कार्यान्वयनको लागि सवै पक्षवाट पुर्णरुपमा साथ र सहयोग प्राप्त हुने आशा र विश्वास लिएको छु ।

धन्यवाद ।

असार, २०७७

(डम्बर बहादुर अर्याल)
नगर प्रमुख

मन्तव्य

मेलम्ची नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को नीति, योजना तथा कार्यक्रमका साथै बजेट सार्वजनिकरण गर्न पाउँदा अत्यन्तै हर्षित छु । नेपालको सन्दर्भमा सङ्घीयता आफैंमा बिल्कूलै नयाँ अभ्यास हो, कुनै पनि विषय वा प्रणालीको अभ्यास आफैंमा चूनौति र अवसरसहित अगाडि बढ्ने गर्दछ । अघिल्ला वर्षहरुको तुलनामा हाम्रा अनुभवहरु समृद्ध हुँदै गए पनि नीतिगत, संरचनागत र प्रशासनिक जटिलताले पूर्णतः आकार ग्रहण गरी पुर्ण हुन अझै समय लाग्नेछ ।

सङ्घीय तहमा नीतिगत र कानूनी रुपमा धेरै विषयहरुको क्रमशः व्यवस्थापन भएकोमा संरचनागत र प्रशासनिक व्यवस्थापनले पनि निरन्तर पूर्णता पाइरहेको अवस्था छ भने कर्मचारी समायोजनको प्रक्रिया चुनौतिको साथ अगाडि बढिरहेको छ । त्यसको प्रत्यक्ष असर स्थानीय तहको सेवा प्रवाह, विकास र सुशासनका क्षेत्रमा परिरहेको छ । यद्यपि, हामीले स्थानीय तहबाट गर्ने प्रयासमा कमी आउन नदिन प्रयासरत छौं ।

स्थानीय साधन स्रोतको अधिकतम् उपयोग गरी नगरको भौतिक एवं पूर्वाधार विकास र नगरबासीको आर्थिक एवं मानवीय विकासका निम्ति हामी निरन्तर क्रियाशील छौं । लामो समय सम्म स्थानीय तहमा जनप्रतिनिधि नहुँदाको परिस्थितिमा पैदा भएका कैयौं बेथितिहरुलाई प्रणालीमा रुपान्तरण गर्ने हाम्रो प्रयासले अझै पनि पूर्ण सफलता प्राप्त गरिसकेको छैन । यसको प्रतिबिम्वका रुपमा देखिएका कतिपय अस्पष्टता र सीमाहरुको व्यवस्थापन यस वर्ष पनि हाम्रो कार्यसूचिमा रहेका छन् ।

नोवेल कोरोना भाईरस (कोभिड-१९) को संक्रमणले हाल विश्वभरका मानव जातिलाई आतङ्कित तुल्याएको छ । यो ससंक्रणबाट नगरपालिकाका सम्पुण जनता सुरक्षित राख्ने हाम्रो पहिलो प्राथामिकता रहेको छ । यो संक्रमणलाई मध्यनजर गरी आगामी दिनहरुको अवस्थालाई हेरेर भावी कार्यक्रमहरु संचालन गरिनेछ ।

सीमित साधन स्रोत र असीमित आवश्यकता एवं आकाङ्क्षाबीचको दूरी कसरी कम गर्दै नगरबासीका आधारभूत आवश्यकता र अपेक्षा कसरी सम्बोधन गर्नबारे हामी नियमित परामर्श र व्यवहारिक समाधानउन्मुख छौं । जिल्ला र नगरस्थित सम्पूर्ण राजनीतिक दल, प्रशासनिक संयन्त्र, सामाजिक, शैक्षिक एवं आयआर्जनको क्षेत्रमा क्रियाशील संघसंस्थासँगको सहकार्यलाई कसरी सघन बनाई प्रभावकारी समन्वय मार्फत सामुहीक सवालका विषय कार्यान्वयन गर्नमा हामी समीक्षा र सहकार्यको प्रक्रियामा छौं । यद्यपि, यहाँहरुले अपेक्षा गरेअनुरुपको सहकार्यमा हाम्रा केही सीमा रहेका छन्, आगामी दिनमा नगरको तर्फबाट यहाँहरुको आकाङ्क्षालाई अधिकतम् सम्बोधन गर्न प्रयत्न गर्ने कुराको म विश्वास दिलाउन चाहन्छु ।

साथै आर्थिक वर्ष २०७७/०७८ को नीति, योजना तथा कार्यक्रम बनाउने कार्यमा निरन्तर खट्नुहुने जनप्रतिनिधि, कर्मचारी, नगर विकासका लागि महत्वपूर्ण सल्लाह सुझाव दिनुहुने विभिन्न विषयगत क्षेत्रका विज्ञहरु, राजनितिक पार्टीका प्रतिनिधि तथा सम्पूर्ण नगरबासीमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

(भगवती नेपाल)
नगर उप-प्रमुख

मन्तव्य

कोरोना महामारी संकंमणको त्रासको विच मेलम्ची नगरपालिकाको नगर सभाबाट आ.व. ०७७/७८ को लागि स्वीकृत वार्षिक नगर विकास नीति, कार्यक्रम, योजना तथा बजेट समेटिएको नगर विकास योजना पुस्तक सार्वजनिकिकरण गर्न पाउँदा ज्यादै खुसी लागेको छ । जनताको नजिकको सरकारको रुपमा रहेको मेलम्ची नगरपालिकाको यस नगर विकास योजनाले कोभिड–१९ रोकथाम तथा नियन्त्रण, स्वास्थ्य, सडक लगायतका पूर्वाधार विकास, शिक्षा, कृषि, पशुसेवा, नगरपालिका तथा वडा कार्यालय निर्माण, पर्यटन तथा संस्कृती, लक्षित वर्गका आय तथा सीपमूलक कार्यक्रममा जोड दिएको छ । नगरपालिका क्षेत्रको व्यवस्थित र संस्थागत विकासको आधारशिला यो बजेटले तयार गर्नेछ ।

२०७२ सालको महाविनासकारी भूकम्पले थलिएको यस नगरपालिकामा पुनर्निर्माणले गति लिएकोछ भने कोभिड–१९ को विश्वव्यापी महामारीले सारा मानव जगतमा सामुहिक चुनौती दिएको वर्तमन सन्दर्भमा सिमित साधन र स्रोतमार्फत महत्तम उपलब्धी हासिल गर्नुपर्ने चुनाती हाम्रोसामु रहेको छ । नोवेल कोरोना भाईरसबाट समग्र नगरबासीलाई सुरक्षित राखी नगरपालिकाको सामाजिक विकास, दिर्घकालिन महत्वका रणनैतिक पुर्वाधार विकास तथा सेवा प्रवाहलाई व्यवस्थित बनाई नगरलाई सुशासनमैत्री बनाउने गरी वार्षिक नगर विकास योजना निर्माण गरिएको छ ।

योजना तर्जुमा कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न रहनु हुने जनप्रतिनिधि, राजनैतिक दलका पदाधिकारी नगरपालिकाका सम्पूर्ण राष्ट्रसेवक कर्मचारी साथीहरु, नागरिक समाज, विकास साझेदार दातृ संस्था, गैर सरकारी संघ/संस्था लगायत सवैलाई धन्यवाद दिन चाहन्छु । यो नगर विकास योजना कार्यान्वयनको कार्ययोजना (Action Plan) बनाई आर्थिक वर्षको शुरु देखि नै पारदर्शिता तथा जवाफदेहिताको बढोत्तरी गर्दै प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबैको साथ र सहयोग प्राप्त हुनेछ भन्ने आशा लिएको छु । धन्यवाद ।

असार, २०७७

(कुमार प्रसाद कोइराला)
प्रमुख प्रशासकीय अधिकृत

मेलम्ची नगरपालिकाको मिति २०७६ साल असार ९ गते बसेको सातौं नगर सभाको हाजिरी विवरण ।

क. स	नाम,थर	पद	ठेगाना	हस्ताक्षर
१	डम्बर बहादुर अर्याल	सभाध्यक्ष	मे.न.पा वडा नं ६	
२	भगवती नेपाल	सभा सदस्य	मे.न.पा वडा नं ५	
३	कृष्णप्रसाद चौलागाई	सभा सदस्य	मे.न.पा वडा नं १	
४	सन्तबहादुर तामाङ	सभा सदस्य	मे.न.पा वडा नं २	
५	बसन्त गुरुङ	सभा सदस्य	मे.न.पा वडा नं ३	
६	दमाइ मारलामा तामाङ	सभा सदस्य	मे.न.पा वडा नं ४	
७	सुदर्शन लुइटेल	सभा सदस्य	मे.न.पा वडा नं ५	
८	जितराज थापा	सभा सदस्य	मे.न.पा वडा नं ६	
९	ज्ञानेन्द्र श्रेष्ठ	सभा सदस्य	मे.न.पा वडा नं ७	
१०	ठेकराज गिरी	सभा सदस्य	मे.न.पा वडा नं ८	
११	कमलबहादुर खड्का	सभा सदस्य	मे.न.पा वडा नं ९	
१२	भक्तबहादुर खड्का	सभा सदस्य	मे.न.पा वडा नं १०	
१३	रुद्रप्रसाद दुलाल	सभा सदस्य	मे.न.पा वडा नं ११	
१४	रामबहादुर लामा	सभा सदस्य	मे.न.पा वडा नं १२	
१५	देवेन्द्र घोरासैनी	सभा सदस्य	मे.न.पा वडा नं १३	
१६	सावित्री कार्की	सभा सदस्य	मे.न.पा वडा नं १	
१७	शिवकुमारी सिरदेल	सभा सदस्य	मे.न.पा वडा नं ५	
१८	दुरधकुमारी तामाङ	सभा सदस्य	मे.न.पा वडा नं ११	
१९	पार्वती वि.क	सभा सदस्य	मे.न.पा वडा नं १२	
२०	जानुका डोटेल	सभा सदस्य	मे.न.पा वडा नं १३	
२१	आकाश माझी	सभा सदस्य	मे.न.पा वडा नं १०	
२२	कूल बहादुर दमाई	सभा सदस्य	मे.न.पा वडा नं ९	
२३	कल्पना पहरी	सभा सदस्य	मे.न.पा वडा नं १३	
२४	शान्ति नेपाली	सभा सदस्य	मे.न.पा वडा नं १	
२५	भीमसेन प्रसाद खतिवडा	सभा सदस्य	मे.न.पा वडा नं १	
२६	खम्बासिंह तामाङ	सभा सदस्य	मे.न.पा वडा नं १	

२७	गोमा दुलाल	सभा सदस्य	मे.न.पा वडा नं २	
२८	लक्मी दर्जी	सभा सदस्य	मे.न.पा वडा नं २	Laxmi
२९	नरेन्द्रप्रसाद खतिवडा	सभा सदस्य	मे.न.पा वडा नं २	
३०	मिनप्रसाद खतिवडा	सभा सदस्य	मे.न.पा वडा नं २	
३१	उर्मिला तामाङ	सभा सदस्य	मे.न.पा वडा नं ३	—
३२	बेलकुमारी दमाई	सभा सदस्य	मे.न.पा वडा नं ३	—
३३	राजेश लामा	सभा सदस्य	मे.न.पा वडा नं ३	
३४	राम बहादुर तामाङ	सभा सदस्य	मे.न.पा वडा नं ३	—
३५	फुलमाया तामाङ	सभा सदस्य	मे.न.पा वडा नं ४	—
३६	कृष्णकुमारी नेपाली	सभा सदस्य	मे.न.पा वडा नं ४	—
३७	कुलबहादुर राउत	सभा सदस्य	मे.न.पा वडा नं ४	—
३८	कृष्णकुमार तामाङ	सभा सदस्य	मे.न.पा वडा नं ४	—
३९	मनपरि सार्की	सभा सदस्य	मे.न.पा वडा नं ५	
४०	लुमडीराज खतिवडा	सभा सदस्य	मे.न.पा वडा नं ५	
४१	विष्णुहरि चौलागाई	सभा सदस्य	मे.न.पा वडा नं ५	—
४२	पार्वती थापा	सभा सदस्य	मे.न.पा वडा नं ६	—
४३	सुकुमाया सुनार	सभा सदस्य	मे.न.पा वडा नं ६	
४४	सुर्यबहादुर तामाङ	सभा सदस्य	मे.न.पा वडा नं ६	
४५	शेरबहादुर तामाङ	सभा सदस्य	मे.न.पा वडा नं ६	
४६	रेशमकुमारी भारती	सभा सदस्य	मे.न.पा वडा नं ७	
४७	देविमाया कामिनी	सभा सदस्य	मे.न.पा वडा नं ७	
४८	पासाङ तामाङ	सभा सदस्य	मे.न.पा वडा नं ७	
४९	काले तामाङ	सभा सदस्य	मे.न.पा वडा नं ७	
५०	जानुका गिरी	सभा सदस्य	मे.न.पा वडा नं ८	जानुकी
५१	कालि सार्की	सभा सदस्य	मे.न.पा वडा नं ८	
५२	कमि लामा तामाङ	सभा सदस्य	मे.न.पा वडा नं ८	—
५३	फुलबहादुर तामाङ	सभा सदस्य	मे.न.पा वडा नं ८	
५४	विमला तामाङ	सभा सदस्य	मे.न.पा वडा नं ९	विमला

५५	बाटुली साकीं	सभा सदस्य	मे.न.पा वडा नं ९	बाटुली
५६	जितबहादुर तामाङ	सभा सदस्य	मे.न.पा वडा नं ९	
५७	सुबाश खड्का	सभा सदस्य	मे.न.पा वडा नं ९	Subash
५८	अम्बिका बस्नेत	सभा सदस्य	मे.न.पा वडा नं १०	
५९	कौशिला नेपाली	सभा सदस्य	मे.न.पा वडा नं १०	कौसीला
६०	गोमानध्वज अधिकारी	सभा सदस्य	मे.न.पा वडा नं १०	
६१	रामशरण महरा	सभा सदस्य	मे.न.पा वडा नं १०	
६२	मालती मिजार	सभा सदस्य	मे.न.पा वडा नं ११	मालति
६३	टिकादत्त धितात	सभा सदस्य	मे.न.पा वडा नं ११	
६४	चन्द्रबहादुर तामाङ	सभा सदस्य	मे.न.पा वडा नं ११	
६५	बिन्दा ढकाल	सभा सदस्य	मे.न.पा वडा नं १२	
६६	बिनोदकुमार नेपाल	सभा सदस्य	मे.न.पा वडा नं १२	
६७	भगवती नेपाली	सभा सदस्य	मे.न.पा वडा नं १३	भगवति
६८	अर्जुन प्रसाद घोरासैनी	सभा सदस्य	मे.न.पा वडा नं १३	
६९	कृष्णबहादुर दनुवार	सभा सदस्य	मे.न.पा वडा नं १३	

विषय–सूची

भाग–एक

सि.नं.	विवरण	पृष्ठ
१.	नगरपालिकाको परिचय	१-३
२.	आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम	४-३१
३.	आ.व. २०७७/७८ को बजेट वक्तव्य	३२-४२
४.	सातौँ अधिवेशनका निर्णयहरु	४३-५२
५.	विनियोजन ऐन, २०७७/७८	५३-५४
५.१	आय तथा व्ययको प्रक्षेपण	५५-५७
५.२	राजश्व तथा अनुदान प्राप्तिको अनुमान	५८-५९
५.३	व्यय अनुमान	६०-६१
५.४	वित्तीय व्यवस्था अनुमान	६२-६२
५.५	क्षेत्रगत व्यय अनुमान	६३-६४
५.६	क्षेत्रगत बजेट विनियोजन	६५-८१
५.७	वार्षिक कार्यक्रम स्वीकृत कार्यक्रम	८२-९७
६.	आर्थिक ऐन, २०७७/७८ तथा कर तथा मूल्याङ्कन दर	९८-१४७
७.	संगठन संरचना तालिका	१४८-१४८
८.	निर्वाचित जनप्रतिनिधिहरुको विवरण	१४९-१५१
९.	नगरपालिका कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण	१५१-१५३
१०.	वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण	१५३-१५५
११.	स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरुको विवरण	१५५-१५८
१२.	संघ संस्थाहरुबाट पेश भएका बजेट तथा कार्यक्रमहरुको विवरण	१५८-१६०
१३.	नगरपालिका तथा मातहतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको तलबी प्रतिवेदन	१६१-१६७

नगरपालिकाको परिचय

वि.सं. २०७१ साल मंसिर १६ गते नेपाल सरकारको निर्णय बमोजिम साविकका ७ वटा गाविसहरु (मेलम्ची, ज्यामिरे, शिखरपुर, तालामाराङ, सिन्धुकोट, बाँसवारी र फटकशिला) मिलाएर मेलम्ची नगरपालिका गठन गरिएकोमा राज्यको पुर्नसंरचना पश्चात वि.स. २०७३ साल फाल्गुण २६ गते साविकका ४ वटा गाविसहरु (भोटेचौर, हैबुङ, थकनी र दुवाचौर) समेत थप गरी मेलम्ची नगरपालिकाको पुर्नगठन भएको छ । पुर्नगठन पश्चात यस नगरपालिकामा हाल १३ वटा वडाहरु रहेका छन् ।

१५८.१७ वर्ग कि.मी. क्षेत्रफल भएको यस नगरपालिकामा २०६८ को राष्ट्रिय जनगणना अनुसार कूल जनसंख्या ४५३४३ रहेकोमा पुरुषको जनसंख्या २३६१४ र महिलाको जनसंख्या २१७२९ रहेको छ भने जम्मा ९९९२ घरधुरीहरु रहेका छन् । नेपालको संविधान, २०७२ ले दिएको अधिकार, स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्था तथा मेलम्ची नगरपालिकाबाट जारी गरिएको ऐन, नियमावली र कार्यविधि बमोजिम यस नगरपालिकाले आफ्ना विकास निर्माणका कार्यहरुका साथै विषयगत शाखाहरु शिक्षा, स्वास्थ्य, कृषि, पशु सेवा, सहकारी, महिला तथा बालबालिका, सामाजिक विकास, योजना लगायतसंग सम्बन्धित कार्यहरु नियमित रुपमा संचालन गर्दै आइरहेको छ ।

नेपालको राजधानी काठमाण्डौबाट उत्तर–पूर्वमा पर्ने ३ नं. प्रदेश अन्तर्गत रहेको सिन्धुपाल्चोक जिल्लाका १२ वटा स्थानीय तहहरुमध्ये मेलम्ची नगरपालिका एक हो । यस नगरपालिकाको पूर्वमा ईन्द्रावती गाउँपालिका, पश्चिममा काठमाडौं जिल्लाको शंखरापुर नगरपालिका र नुवाकोट जिल्लाको शिवपुरी गाउँपालिका, उत्तरमा हेलम्बु र पाँचपोखरी थाङपाल गाउँपालिका तथा दक्षिणमा काभ्रेपलाञ्चोक जिल्लाको मण्डन देउपुर नगरपालिका रहेको छ ।

यस नगरपालिकाले तय गरेको विकासका चार खम्बे नीति कृषि, पर्यटन, उद्योग र जलाधारलाई मध्यनजर गर्दै नगरपालिकाले कृषि, पर्यटन, उद्योग र जलाधारको विकासलाई प्राथमिकतामा राखी कार्य गर्दै आइरहेको छ । नगरपालिका क्षेत्र भित्रका कृषि योग्य जमिनको पहिचान गरी केही क्षेत्रहरुलाई मकै जोन, कागती पकेट, किवी पकेट र चिया पकेट क्षेत्रको रुपमा घोषणा गरी कार्यक्रम अघि बढाइएको छ । यस नगरपालिका क्षेत्रको ईन्द्रावती तथा मेलम्ची नदीलाई पर्यटन प्रवद्र्धन गर्ने उद्देश्यले कसरी उपयोग गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्भाव्यता अध्ययनको कार्य भैरहेको छ ।

भौगोलिक विविधताको कारण नगरपालिकाको विभिन्न क्षेत्रमा पाइने हावापानी फरक फरक प्रकारको रहेको छ । उचाईको वृद्धि सँगसँगै चिसोको मात्रामा वृद्धि हुँदै जाने हुँदा यहाँ तातो हावा बहने मेलम्ची नदी किनारको क्षेत्र देखि बाह्रै महिना चिसो हुने भोटेचौर, हैबुङ, गुफा चांखु जस्ता स्थानहरु रहेका छन् । यस नगरपालिकामा चैत्र महिना देखि असोजको प्रारम्भसम्म गर्मी र असोज देखि फागुन महिनासम्म जाडो हुने भएकोले यहाँको हावापानीमा मौसम अनुसार विविधता रहेको पाइन्छ ।

यस नगरपालिकामा ग्रिष्म र वर्षा ऋतुमा मनसुनी बर्षा बढी हुने गर्दछ । मेलम्ची नगरपालिका दक्षिणपूर्वी मनसुन प्रभावित क्षेत्रमा पर्ने हुनाले असार देखि भाद्रसम्ममा प्रशस्त पानी पर्दछ । नगरका मुख्य जलाधार क्षेत्रहरू न्यून चापीय वायु हुँदै जाने हुनाले यस क्षेत्रमा बढी वर्षा हुने गर्दछ । समग्र नगरमा बार्षिक सरदर १६१५ मि. लि. सम्म बर्षा हुने गर्दछ ।

महाभारत क्षेत्र अन्तर्गत पर्ने मेलम्ची नगरपालिका जैविक विविधताले महत्वपूर्ण मानिन्छ । यस क्षेत्रमा पाइने मुख्य जडिबुटीहरूमा लोठसल्ला, सुगन्धवाल, चिराईतो, जटामसी, धसिंगरे, कुटकी, पाखनवेद, कुरिलो, सतिवयर, नूनढिकी, झ्याउ, पदमचाल, गुराँस, लप्सी, बेल, चुत्रो, दामपाते, घ्युकुमारी, काँचोपात, दतिवन आदि हुन् । यस क्षेत्रमा जडिबुटीको प्रचुर संभावना रहेकोले केही स्थानीय व्यक्तिहरुले व्यवसायिक रुपमा जडिबुटी खेती गर्न सक्ने संभावना रहेको छ भने केही किसानहरूले जडिबुटी खेतीको शुरूवात गरेका छन् । यस क्षेत्रमा पाइने रुख विरुवाहरुमा साल, अस्ना, खयर, कटुस, चिलाउने, उत्तिस, सल्ला, मौवा, लाँकुरी, गुराँस मूख्य रुपमा रहेका छन् । त्यस्तै डाले घाँसमा चिउरी, बडहर, कुटमिरो, किम्बु, खनिउँ, इपिल आदि पाइन्छ । वन क्षेत्रको विकास विस्तार र संरक्षणको लागि केही सामुदायिक तथा कवुलियत वन उपभोक्ता समितिहरुले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

यस नगर क्षेत्रमा पाइने मुख्य जनावरहरूमा सालक, चितुवा, बाघ, भालु, बँदेल, दुम्सी, खरायो, स्याल, रतुवा मृग, बाँदर आदि छन् भने चराचुरूङ्गीमा काग, परेवा, चिवे, कालिज, हुचिल, लाटोकोसेरा, भंगेरा, मैना, सुगा, बाज, ठेउवा, जुरेली, फिस्टा, तित्रा, बकुल्ला, चिल, गिद्ध, ढुकुर जस्ता पंक्षीहरु रहेका छन् । विभिन्न किसिमका माछाहरु, गोहोरो, सर्प, छेपारो, माउसुली, भ्यागुतो, विच्छी, फट्यांग्रा, मौरी, अरिङ्गाल, बारूलो लगायतका विभिन्न जिवजन्तु तथा किराहरू पाइन्छ ।

मेलम्ची नगरपालिका भित्र हिन्दु, बौद्ध, क्रिश्चियन लगायतका धर्मावलम्बीहरुको बसोबास रहेको पाइन्छ । यस क्षेत्रमा बोलिने मातृ भाषामा नेपाली, नेवारी, तामाङ, दनुवार, माझी, मगर, शेर्पा आदि रहेका छन ।

मेलम्ची नगरपालिका क्षेत्रभित्र महत्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थलहरु रहेका छन् । यस क्षेत्रमा त्रिवेणीघाट, फट्केश्वर महादेव, ईन्द्रेश्वर महादेव, कोटदेवी, सितलादेवी, धौलेश्वरी, कुण्डेश्वर, सिद्धेश्वर, कृष्ण मन्दिर लगायका अन्य मठ मन्दिर र गुम्बाहरु रहेका छन् । यस नगरपालिका क्षेत्रमा विशेषगरी ब्राह्म्मण तथा क्षेत्री जातीले दशै, तिहार, मातातिर्थ औंसी, बुद्ध जयन्ती, गुरु पुर्णिमा, साउने संक्रान्ती, नाग पञ्चमी, रक्षा बन्धन, कृष्ण अष्टमी, तीज, सोह्र श्राद्ध, धान्य पुर्णिमा, स्वस्थानी पूजा, माघे संक्रान्ती, श्रीपञ्चमी, महाशिवरात्री, फागु पुर्णिमा, चैते दशैं आदि पर्वहरु मनाउने गर्दछन् भने ल्होसार, घेवा जस्ता पर्व तथा रितिरिवाज तामाङ समुदायले मनाउँछन् । नेवार समुदायले ब्राह्म्मण समुदायले मनाउँने अन्य चाडपर्वको अलवा तिहारको भाइटिकाको दिन म्ह पूजा समेत गर्दछन् । त्यसैगरी माझी समुदायमा आफ्नो पितृको सम्झनामा पित्रा देखाउने प्रचलन रहेको छ ।

यस नगरपालिकामा रहेको कूल जनसंख्याको जातीय बनावट हेर्दा बहु–साम्प्रदायीक जात जातीहरू पाउन सकिन्छ । खास गरी मंगोलियन र आर्य सम्प्रदायहरू अन्तर्गतका विभिन्न जात जातीहरू विगत देखि नै बसोवास गर्दै आएका छन् । मंगोलियन सम्प्रदायहरूमा तामाङ, मगर, गुरूङ, दनुवार, माझी आदि मुख्य रहेका छन् ।


मेलम्ची नगरपालिका कृषि क्षेत्रको हिसाबले प्रचुर संभावना बोकेको क्षेत्र हो । नगरले कृषि क्षेत्रको विकासलाई आधार स्तम्भको रुपमा अंगिकार गरेकाले सोही बमोजिम कृषि कार्यक्रम अन्तर्गत मकै जोन, कागती पकेट क्षेत्र, किवी पकेट क्षेत्र, चिया पकेट क्षेत्रको घोषणा गरी कार्यक्रम संचालन गरिएको छ ।

नगरपालिका क्षेत्र भित्र उद्योग व्यवसायको रुपमा ईन्द्रावती नदी क्षेत्रमा हाल ९ वटा क्रसर उद्योगहरु संचालनमा रहेका छन् । यी क्रसर उद्योग व्यवसायबाट प्रत्यक्ष अप्रत्यक्ष रुपमा करिव १०० जना स्थानीय बासिन्दाहरुले रोजगारी पाउँनुका साथै नगरपालिकाको आन्तरिक आम्दानीमा समेत योगदान पुगेको छ ।

साना तथा मझौला खालका व्यवसायहरु नगरमा विधिवत रुपमा दर्ता गरी संचालनमा आएका छन् । हालसम्म यस नगरपालिकामा होटल व्यवसाय, थोक तथा खुद्रा व्यापार, फर्निचर, माछा पालन, कुखुरापालन, पशुपालन लगायतका व्यवसाय दर्ता हुन आएका छन् । नगरको पर्यटकीय स्थलको रुपमा मेलम्ची बजार, भोटेचौर चियाबगान, ईन्द्रावती नदी, हैवुङ चिसापानी, तपचुली डाँडा, पाटी भञ्ज्याङ, सुलिकोट ध्याङ, चाङखु गुफा, धौले डाँडा, ककनी आदि प्रमुख रुपमा रहेका छन् । यस्ता पर्यटकीय स्थलहरुले नगरको आर्थिक विकासमा थप टेवा पुग्ने देखिन्छ ।

मेलम्ची नगरपालिका क्षेत्र भित्र सामुदायिक क्याम्पस दुई वटा, सामुदायिक विद्यालय सत्तरी वटा, संस्थागत विद्यालय नौ वटा, सामुदायिक सिकाई केन्द्र चार वटा, समुदायमा आधारित बाल विकास केन्द्र पचपन्न वटा, श्रोत कक्षा एक वटा, प्राविधिक धार संचालन भएका विद्यालय दुई वटा र वैकल्पिक विद्यालय एक वटा रहेका छन् ।

मेलम्ची नगरपालिका क्षेत्रभित्र प्राथमिक स्वास्थ्य केन्द्र १, स्वास्थ्य चौकी १०, पोलिक्लिनिक निजी १, डेन्टल निजी २, शहरी स्वास्थ्य केन्द्र २, आर्युवेद औषधालय २, एकिकृत सेवा केन्द्र १, शहरी स्वास्थ्य इकाई २, आँखा उपचार केन्द्र १, भोटेचौर स्वास्थ्य सेवा संचालन समिति १, धुलिखेल अस्पताल आउटरिच क्लिनिक १ रहेका छन् । माथि उल्लेख भएका स्वास्थ्य संस्थाहरुबाट यस नगरभित्र आधारभूत स्वास्थ्य सेवा प्रदान गरिंदै आएको छ ।



मेलम्ची नगरपालिकाको नक्सा

सातौं नगर सभामा नगर प्रमुख श्री डम्बर बहादुर अर्यालज्यू बाट प्रस्तुत आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम

आदरणीय नगरसभाका सदस्यज्यूहरु,

सम्पूर्ण विश्व नै कोभिड-१९ को महामारीले आक्रान्त भएको यस विषम परिस्थितिमा आज यस मेलम्ची नगरपालिकाको सातौं नगर सभामा आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु । नगरपालिकाले गर्ने गरेका कार्यहरुमा साथ र सहयोग गर्नुहुने कार्यपालिकाका सदस्यज्यूहरु, नगरसभाका सम्पूर्ण सदस्यहरु, नगरपालिकाका सम्पूर्ण कर्मचारी, राजनैतिक दल, नागरिक समाज, संचार जगत, उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी, सरकारी तथा गैरसरकारी निकायहरु एंव नगरवासी सम्पूर्ण आदरणीय दाजुभाई तथा दिदी–बहिनीहरुमा यस नगर सभा मार्फत हार्दिक आभार प्रकट गर्दछु ।

आजको यस महत्वपूर्ण घडीमा नेपालको सार्वभौमसत्ता, अखण्डता, स्वाधिनता एवम् सङ्घीय गणतन्त्र स्थापनाका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात तथा अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु । नेपालको सामाजिक, आर्थिक एवम् राजनीतिक रुपान्तरणको लागि कुशल नेतृत्व प्रदान गर्ने हाम्रा अग्रज वीर पुर्खाहरुलाई उच्च सम्मान व्यक्त गर्दछु ।

सङ्घीय सरकार र प्रदेश सरकारसँग आवश्यक समन्वय र सहकार्य गरी कोभिड-१९ को संक्रमण रोकथाम र नियन्त्रणका लागि यस नगरपालिका दत्तचित्त भएर लागेको कुरा यहाँहरुलाई स्मरण गराउन चाहन्छु । सबै नगरवासीको एकता, धैर्यता र सहयोगले नगरबासी सबैको जीवन रक्षा गर्न सफल भएका छौं । यस महामारी बाट देश तथा विदेशमा ज्यान गुमाउने सम्पूर्ण नेपालीका शोकाकुल परिवारजन प्रति गहिरो समवेदना व्यक्त गर्दछु । साथै कोरोना संक्रमित सम्पूर्ण व्यक्तिहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै हाम्रा प्रयासले कोरोना संक्रमण रोकथाम तथा नियन्त्रणमा सफलता प्राप्त होस भन्ने आशा व्यक्त गर्दछु ।

कोरोना संक्रमणको जोखिमपूर्ण परिस्थितिमा अग्रपक्तिमा रहेर सेवा गर्ने चिकित्सक, नर्स एवम् अन्य स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाइकर्मी, एम्बुलेन्स चालक एवम् सम्पूर्ण राष्ट्रसेवकहरुको मुक्त कण्ठले प्रशंसा गर्दछु । यस विषम परिस्थितिमा पनि अत्यावश्यक वस्तुहरुको सहज आपूर्तिको व्यवस्था मिलाउने सबै व्यक्ति तथा संघसंस्थाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । कोभिड-१९ को संक्रमण रोकथाम र नियन्त्रणका लागि यस नगरपालिकाले चालेको कदममा साथ र सहयोगका लागि सम्पूर्ण महानुभावहरुमा आभार प्रकट गर्दछु । नगरपालिकाको कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोषमा रकम उपलब्ध गराउनुहुने सम्पूर्ण व्यक्ति तथा संघसंस्थाहरुलाई धन्यवाद दिन चाहान्छु ।

नगरपालिकाले लोकतन्त्रका आधारभूत मूल्य र मान्यता, मानव अधिकारको संरक्षण, सुशासन, भ्रष्टाचारको नियन्त्रण, विधिको शासन र जनताका मौलिक हक अधिकारका सम्बन्धमा प्रतिवद्ध भई विकास निर्माण तथा अन्य सेवा प्रवाहका कुराहरुलाई अगाडि बढाएको छ ।

हामी निर्वाचित भई नगरको विकास र सम्बृद्धिमा तीन वर्ष विताइ सकेका छौं । यो छोटो अवधिमा उपलब्ध स्रोतसाधनहरुको अधिकतम प्रयोग गरी नगरवासीका इच्छा, चाहना र भावनालाई कदर गरी उत्साहवर्द्धक उपलब्धी हासिल गर्न सफल भएका छौं । नगरका सबै वडाहरुलाई सडक सञ्जाल सँग जोडन सफल भएका छौं । मेलम्ची सिटी

पार्क निर्माण, आधुनिक सुविधा सम्पन्न वस पार्क निर्माण, मेलम्ची स्वप्न सरोवर निर्माण कार्यलाई नगरका गौरवका आयोजनाको रुपमा अगाडि बढाएका छौं।

देशको राजधानी काठमाडौंसँग सिमाना जोडिएको र जलश्रोत, कृषि, पर्यटन, उद्योग र जलाधार विकासको प्रचुर सम्भावना बोकेको यो सुन्दर नगरीको श्रोत एवं साधनको समुचित प्रयोगले नगरवासीको आर्थिक सम्वृद्धि र जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने कुरामा नीति तथा कार्यक्रमहरु केन्द्रित हुनेछन्। नगरको विकासलाई दीर्घकालीन सोच अनुरुप दिगो र व्यवस्थित बनाउँन एकिकृत नगर विकास गुरुयोजनाले निर्दिष्ट गरेको लक्ष्यहरुको आधारमा समग्र नगर विकासका कार्यहरुलाई अगाडि बढाइएको छ।

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड–१९) को संक्रमणबाट विश्व जगतसंगै हामी पनि अछुतो रहन सकेका छैनौं। कोरोना भाइरसको विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न भएको असहज परिस्थिति तत्कालै सामान्य अवस्थामा आउन नसक्ने देखिएकोले यसको असरलाई न्यूनिकरण गर्दै जनजीवनलाई सहज बनाउनु अहिलेको आवश्यकता हो। महामारीको अवस्थामा हाम्रा आवश्यकता र प्राथमिकता बदलिए सँगै नीति तथा कार्यक्रम पनि सामान्य अवस्थाका भन्दा फरक हुने नै भयो। नगरबासीहरुलाई राहत हुने गरी सामाजिक विकासलाई पहिलो प्राथमिकतामा राखी नगरको वार्षिक नीति तथा कार्यक्रम तयार पारेका छौं।

आदरणीय नगर सभाका सदस्यज्यूहरु,

अब म मेलम्ची नगरपालिकाबाट आ.व. २०७६/७७ मा सम्पादन भएका मुख्य कार्यहरुको संक्षिप्त रुपमा प्रकाश पार्न गइरहेको छु।

योजना निर्माण :

हामी जनप्रतिनिधिको रुपमा निर्वाचत भएको तीन वर्ष पूरा भएको छ। यो छोटो अवधिमा हामीले जनमुखी विकास निर्माण र जनमैत्री सेवा प्रवाहको माध्यमबाट सुशासनको अनुभूति दिलाउने गरी कार्य सम्पादन गर्दै आएका छौं। मेलम्ची नगरपालिकाले सरोकारवालाहरुको अधिकतम सहभागितामा योजना तर्जुमाका विभिन्न ७ वटा चरणहरु पार गर्दै योजनाहरु तर्जुमा गर्ने प्रणालीको अवलम्बन गरेको छ। नगरको एकीकृत गुरु योजना अनुरुप मेलम्ची सिटी पार्क निर्माण, नगर चक्रपथ निर्माण लगायत केही ठूला वहुवर्षिय आयोजनाहरु सञ्चालनका क्रममा रहेका छन्। यस नगरलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न ईन्द्रावती नदीमा मेलम्ची स्वप्न सरोवर निर्माण गर्नको लागि संभाव्यता अध्ययन भई DPR निर्माणको लागि आवश्यक तयारी गरिएको छ।

मेलम्ची नगरपालिकाको छैठौं नगर सभाबाट चालु आ.व. २०७६/७७ को लागि नगरपालिका तर्फ रु. १ अर्ब २८ करोड ७९ लाख २३ हजार २ सय ६७ रुपैयाँ पैसा १८ र गैरसरकारी संस्था तर्फ १४ करोड ६० लाख १३ हजार ६ सय ४८ रुपैयाँ पैसा ८४ गरी कूल जम्मा १ अर्ब ४३ करोड ३९ लाख ३६ हजार ९ सय १६ रुपैयाँ पैसा ०२ संशोधित बजेट निर्धारण गरिएको थियो।

उक्त बजेटबाट नगरका विभिन्न योजनाहरु वोलपत्र आव्हान भइ सम्पन्न भैसकेका छन् भने कतिपय योजनाहरु कार्यान्वयनको चरणमा रहेका छन्। सबै वडा कार्यालयमा इन्टरनेटको जडान भई इविलिङ प्रणालीको शुरु गरिएकाले नगरपालिकाको वित्तिय सुशासनमा सुधार आएको छ।

विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरसको संक्रमणलाई रोकथाम तथा नियन्त्रण गरी आम नगरवासीको जीवन रक्षाको लागि क्षेत्रीय स्तरका क्वारेन्टाइन र आइसोलेसनको निर्माण गरी सञ्चालनमा ल्याइएको छ। कोरोना भाइरसबाट प्रभावितहरुलाई राहत वितरण गरिएको छ। भूकम्प पश्चातको पुर्ननिर्माणको कार्य कोरोना भाइरस संक्रमणको कारण केही

अवरोध हुन पुगेता पनि पुर्ननिर्माणको कार्यलाई अगाडि बढाउँन आवश्यक नीतिगत निर्णय गरी कार्यान्वयनलाई अगाडि बढाइएको छ ।

कार्यान्वयन : मेलम्ची नगरपालिकाको चालु आ.व. २०७६/७७ को लागि नगर सभाबाट स्वीकृत भएका केही योजनाहरु सम्पन्न भएका छन्, केही योजनाहरु निर्माणाधिन अवस्थामा रहेका छन् भने केही योजनाहरु कोरोना भाइरस संक्रमणको कारण कार्यान्वयन हुन सक्ने अवस्थामा रहेका छैनन् ।

(क) प्रशासनिक व्यवस्थापन :

नगरपालिकाले आफ्नो श्रोत साधन र जनशक्तिको उच्चतम उपयोग गरी नगरपालिका र वडा कार्यालयहरुबाट दिइने सेवालाई प्रभावकारी बनाईएको छ । नगरपालिका र अन्तर्गतका वडाहरुबाट जनताका गुनासो व्यवस्थापन, विभिन्न प्रकृतिका देवानी मुद्धा तथा उजुरीहरुको न्यायको सिद्धान्तको आधारमा निरुपण गर्ने कार्य गरिएको छ । नागरिक वडापत्रको व्यवस्थापन, भूकम्प पीडित लाभग्राहीहरुको अनुदान प्राप्तीको सहज व्यवस्था गरिएको छ । मेलम्ची नगर कार्यपालिकाको कार्यलयमा विद्युतिय हाजिरी मात्र प्रयोग गरी E-Attendance को अवधारणलाई पुर्ण रुपमा लागु गरी कर्मचारीलाई नियमित गराईएको छ ।

स्वीकृत संगठनात्मक ढाँचा बमोजिम कर्मचारीहरुको व्यवस्थापन गरिएको छ । यस कार्यालय अन्तर्गतका सबै शाखाहरु, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु, निजी क्षेत्र, नागरिक समाज, गैरसरकारी संस्था लगायतका सम्पूर्ण सरोकारवालाहरुसंग आपसमा समन्वय र सहकार्य गरी आम नागरिकहरुलाई सहज रुपमा सेवा प्रदान गरिएको छ ।

(ख) पूर्वाधार निर्माण :

१) सडक तथा अन्य पूर्वाधार :

- ❖ चालु आ.व. २०७६/७७ मा मेलम्ची नगरपालिका वडा नं. ११ स्थित ईन्द्रेश्वरी मा.वि. देखि नगरपालिका भवनसम्मको सडक चौडा गरी २२९.९० मि. सडक अस्फाल्ट प्रविधिबाट कालोपत्रे गर्ने कार्य सम्पन्न गरिएको छ ।
- ❖ नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०७६।९।२८ को निर्णयबाट यस मेलम्ची नगरपालिका वडा नं. ११ स्थित डुँडेफाँटमा अस्पताल निर्माणको लागि मेलम्ची न.पा. वडा नं. ११ स्थायी निवासी श्री पुण्य प्रसाद दुलाल र तोयानाथ दुलालको कि.नं. ११६५ क्षे.फ. १–४–०–० र कि.नं. ११६४ क्षे.फ. ०–१०–०–० तथा कि.नं. १४७७ क्षे.फ. १–०–०–० गरी जम्मा २ रोपनी १४ अना जग्गा खरिद गर्न सैद्धान्तिक स्वीकृति प्राप्त भएकोमा ,
- ❖ प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित मुआब्जा निर्धारण समितिबाट उक्त जग्गा खरिद गर्न निर्णय भई जग्गा प्राप्तीको प्रक्रिया अगाडि बढेको छ ।
- ❖ मेलम्ची नगरपालिका वडा नं. १३ स्थित फट्केश्वर पँधेराचौर ठाँटी सडक निर्माणको लागि ठेक्का सम्झौता गरिएकोमा यस आ.व.मा ३.५ कि.मि. सडकको चौडा गर्ने, १५ वटा कल्भर्ट निर्माण, २ कि.मि. पक्की नाली निर्माणको कार्य सम्पन्न भई अन्य कार्यहरु निर्माणाधिन अवस्थामा रहेको छ
- ❖ मेलम्ची नगरपालिका वडा नं. १२ स्थित सिन्धुखोल गिरान्चौर सडक स्तरोन्नती कार्यमा १४०० मिटर ग्राभेल, २३४ घन मिटर ग्याविन जाली भर्ने काम सम्पन्न भै अन्य कार्यहरु निर्माणाधिन अवस्थामा रहेका छन् ।
- ❖ मेलम्ची नगरपालिका वडा नं. १० स्थित नगर चक्रपथ सडक खण्डमा २४०० मिटर कटीङ गर्ने काम सम्पन्न भई बाँकी कार्य निर्माणाधिन अवस्थामा रहेको छ । वडा नं. १० मै सितलादेवी सडक निर्माण कार्यको ठेक्का

सम्झौता भई निर्माण कार्य अन्तिम चरणमा पुगेको छ भने शीतलादेवी मावि टेवा पर्खाल निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

- मेलम्ची नगरपालिका वडा नं. १० स्थित चिलिङ भ्याटको निर्माण कार्य ठेक्कामार्फत अगाडी वढेको छ।
- मेलम्ची नगरपालिका वडा नं. १२ स्थित ढकालखहरे ठाँटी सडकको नाली र ग्राभेल निर्माण कार्य सम्पन्न भएको छ।
- मेलम्ची नगरपालिका वडा नं.१० स्थित शितला देवी मा. वि टेवा पर्खाल निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।
- मेलम्ची नगरपालिका वडा नं. ३ र ४ को सार्वजनिक शौचालय निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।
- मेलम्ची नगरपालिका वडा नं. १३ स्थित धर्मसाला निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।
- ओखे्रनीचौर बसेरी थानकुने पाटीभञ्ज्याङ्ग सडक निर्माणको लागि ठेक्का सम्झौता गरिएकोमा उक्त सडकमा हाल ३ कि.मि. बाटो चौडा गर्ने, १५०० मि. ग्राभेल तथा १०० मि. सोलिङ्गको कार्य निर्माणाधिन अवस्थामा रहेको छ।
- सोतीखोला पाटी भञ्ज्याङ्ग सडक स्तरोन्नती गर्नको लागि ठेक्का सम्झौता गरिएकोमा यस आ.व.मा १ वटा कजवे निर्माण, ३५० मि. पक्की नाली, ५५० मि. ग्राभेल, २८४ घ.मि. ग्याबिन वाल निर्माण गरी सडक निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ।
- मेलम्ची नगरपालिका वडा नं. १० स्थित मेलम्ची सिटी पार्क निर्माणको लागि ठेक्का आव्हान भई सम्झौताको कार्य अन्तिम चरणमा पुगेको छ।
- मेलम्ची नगरपालिका वडा नं. ५ स्थित लामदाली खेत झोलुङ्गे पुलको निर्माण कार्य सम्पन्न भएको छ भने मेलम्ची न.पा. वडा नं. ९ स्थित काफ्लेखोला र वडा नं ७ सुँगुरे फाँट जोड्ने झोलुङ्गे पुल निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ।
- मेलम्ची नगरपालिका वडा नं. १२ र १३ मा ६ घ. मि. क्षमताको २० वटा गोबर ग्याँस प्लान्ट निर्माण कार्य सम्पन्न गरिएको छ।
- मेलम्ची नगरपालिका वडा नं. ६ स्थित नेपाने मानेभञ्ज्याङ्ग पञ्चकन्या सडकको पहिलो चरणमा ठेक्का सम्झौता भई १४५० मि. सडक कटिङ, ५९० घ.मि. ग्याबिन हाल्ने कार्य भइसकेको छ भने अन्य कार्यहरु निर्माणाधिन अवस्थामा रहेको साथै सो सडकको दोश्रो चरणमा ठेक्का सम्झौता भई सडक कटिङ र ग्याबिन र मेशिनरी वाल निर्माण गर्ने कार्य शुरु गरिएको छ।
- ठाडोखोला पिप्ले सडक ठेक्काबाट सम्झौता भएकोमा ५६.७६ घ.मि. मेशिनरी वाल, ५७.४८ घ.मि. सडक ढलान, ९६.७३ घ.मि. सोलिङ, ७.५ मि. ह्युम पाइप सहित सम्झौता बमोजिम सडकको निर्माण कार्य सम्पन्न गरिएको छ।
- मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची बसपार्क निर्माणको लागि ठेक्का सम्झौता भई ४६ मिटर ¥याफ्ट निर्माण, ५०० घ.मि. मेशिनरी वाल, ८०२ घ.मि. ग्याबिन वाल, ५० घ.मि. पिसिसि र बसपार्कको लागि माटो ल्याउने र पुर्ने कार्यका साथै बसपार्कको द्यबकभ सम्याउने कार्य भइरहेको छ।

- ❖ चालु आ.व. मा मेलम्ची नगरपालिका वडा नं. १ मा रहेको महाभिर खाल्डे भञ्ज्याङ्ग सडकको स्तरोन्नती गर्ने कार्य सम्पन्न गरिएको छ । उक्त सडकमा ५५०० मि ग्राभेल, ४५ थान ह्युम पाइप, ७७ थान ग्याबिन र ३३०० मि. कच्ची नाली निर्माण गरिएको छ ।
- ❖ मेलम्ची नगरपालिका वडा नं. २ मा रहेको जिरो किलो सोती खोला सडकको स्तरोन्नती गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । यस सडकमा ६१० मि. ग्राभेल, ५० मि. मेशिनरी वाल, ३९० मि. पक्की नाली, ९२ थान जाली, १ वटा कजवे र २ वटा ह्युम पाइप कल्भर्ट निर्माण गर्ने कार्य सम्पन्न गरिएको छ ।
- ❖ मेलम्ची न.पा. वडा नं. ३ स्थित दहपोखरी पाटी भञ्ज्याङ्ग सडकको स्तरोन्नती गर्ने कार्य सम्पन्न भएको छ । यस सडकमा ३.५ कि.मि. सडक चौडा, १९०० मिटर ग्राभेल, ७८ थान जाली, २३०० मि. कच्ची नाली निर्माण गर्ने कार्य सम्पन्न गरिएको छ ।
- ❖ मेलम्ची न.पा. वडा नं. १२ स्थित ढकालखहरे ढल व्यवस्थापनको कार्य नगरपालिका र सम्बन्धित उपभोक्ताहरुको साझेदारीमा सम्पन्न भएको छ ।

२) भवन तथा पुर्ननिर्माण :

- ❖ मेलम्ची नगरपालिका कार्यालयको पक्की भवनको निर्माण कार्य सम्पन्न गरिएको छ भने भवन परिसरको निर्माणको ठेक्का आव्हान भई परिसर निर्माणको कार्य प्रक्रिया अगाडि बढेको छ ।
- ❖ मेलम्ची नगरपालिका वडा नं. १, २ र ५ को वडा कार्यालय भवन निर्माण गर्नको लागि ठेक्का सम्झौता भई निर्माण कार्य भैरहेको छ ।
- ❖ मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मनमोहन स्मृती भवन तथा कोशेली घरको निर्माण कार्य भैरहेको छ ।
- ❖ मेलम्ची नगरपालिका वडा नं. ८, १० र १३ को स्थायी भवन निर्माणको लागि DPR निर्माणको कार्य थालनी गरिएको छ ।
- ❖ २०७२ साल वैशाख १२ गते गएको विनाशकारी भूकम्पबाट यस नगरपालिकाका करिव १२५६४ घरधुरी पूर्ण रुपमा क्षति भएकोमा उक्त कार्यको पुनर्निर्माणमा केही राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाहरुले सहयोग प ुर्याउदै आएका छन् ।
- ❖ मेलम्ची नगरपालिका वडा नं १२ स्थित गिरान्चौरमा मेलम्ची नगरपालिका र तिलगंगा ग्लोबल फ्रेण्स्को सहयोगमा सामुदायिक पुनर्निर्माण पर्यटन प्रवद्र्धन परियोजना समिति मार्फत एकिकृत बस्ती निर्माणको कार्य भइरहेको छ । सोही वडाको नाम्डोलिङ बस्तीमा चौधरी फाउण्डेशनबाट एकिकृत बस्ती निर्माणको कार्य भइरहेको छ ।
- ❖ राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र मेलम्ची नगरपालिकाको सहयोगमा मेलम्ची नगरपालिका वडा नं. ११ स्थित जरायोटार एकिकृत बस्ती निर्माणाधिन अवस्थामा रहेको छ । महिला आत्म निर्भरता केन्द्र, अक्सफाम नेपाल र यस नगरपालिकाको समन्वयमा मेलम्ची नगरपालिका वडा नं. १२ स्थित थाक्ले एकिकृत बस्तीको २८ घरको निर्माण कार्य सम्पन्न भएको छ । त्यसैगरी मेलम्ची नगरपालिका वडा नं. ३ स्थित बिन्दु बञ्जरा टोल र वडा नं. ६ स्थित तालामाराङ सिग्देल टोल एकिकृत बस्ती निर्माण कार्य भैरहेको छ ।
- ❖ मेलम्ची नगरपालिकाका १३४२१ लाभग्राहीहरु मध्ये १३२४२ जनाले भूकम्पपीडित लाभग्राही सम्झौता गरेका छन् । जसमध्ये १३०६३ जना लाभग्राहीहरुले प्रथम किस्ता, १२१८० जना लाभग्राहीहरुले दोश्रो किस्ता

र ८९९४ जना लाभग्राहीले अन्तिम किस्ता अनुदान प्राप्त गरेका छन् । भूकम्पमा छुट भएको गुनासो दर्ता गर्ने कार्य सम्पन्न गरी स्थलगत पुनः निरिक्षणको कार्य भैरहेको छ ।

- ❖ भूकम्प पश्चातको पुनर्निमाणलाई तिव्रता दिन नगर कार्यपालिकाको निर्णयबाट पुनः मिति २०७७ असार मसान्तसम्म सबै प्रकारका लोड बेयरिङ्ग घरहरुको नक्सा पास नगरी सम्बन्धित वडाको सिफारिसको आधारमा स्थायी आवास निर्माण गर्न अनुमति प्रदान गरिएको छ । चुक्रुक्रु र स्ल्याब ढलानबाट निर्माण हुने घरहरुमा २०७७ असार मसान्तसम्म २५% छुट सहित नक्शा पास गर्ने व्यवस्था गरिएको छ ।

(३) सिंचाई व्यवस्थापन :

- ❖ मेलम्ची नगरपालिका वडा नं. १ स्थित ठूलो कुलो सिंचाई योजना उपभोक्ता समिति मार्फत सम्झौता गरिएकोमा २७५ मि. आर.सि.सि. पक्की कुलो निर्माण कार्य सम्पन्न भएको, भोटेचौर सिंचाई योजना सम्झौता भई १८ मि. मेशिनरी पर्खाल निर्माण, २४ थान ग्याबिन, ५ घ.मि. पहरो कटिङ्गको कार्य भई सिंचाई कुलो निर्माणाधिन अवस्थामा रहेको र सिन्धुखोला लप्सेफाँट सिंचाई कुलो निर्माणको लागि उपभोक्ता समितिबाट सम्झौता गरिएकोमा उक्त सिंचाई कुलोको २३ मि. एच.डि.पी. पाइप तथा ४.६५ घ.मि. मेशिनरी वाल निर्माण गर्ने सम्पन्न गरिएको छ ।
- ❖ मेलम्ची नगरपालिका वडा नं. ८ स्थित घट्टेखोला सिंचाई योजनाको कुलो निर्माण कार्य सम्पन्न भएको तथा वडा नं. ७ स्थित चालिसेफाट सिंचाइ आयोजनाको १३०० मिटर पक्की कुलो निर्माण कार्य सम्पन्न गरिएको छ ।

(४) खानेपानी :

- ❖ चालु आ.व. २०७६/०७७ मा नगरपालिकाको क्रमागत योजनाको रुपमा रहेको मेलम्ची नगरपालिका वडा नं. १३ स्थित फटकशिला खानेपानी आयोजनाको १४ कि.मि. दुरीको पानी वितरण पाइपलाइन खन्ने र पुर्ने कार्य सम्पन्न भएको छ । उक्त आयोजनामा धारा वितरणको लागि फ्लो रेगुलेटर भल्भ र रिजर्भ भायर ट्याङ्की तथा ब्रेक पे्रशर च्याम्बरको निर्माण कार्य शुरुवात भएको छ भने सोही वडाको फटकशिला मा.वि. खानेपानी निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ र उक्त आयोजना निर्माण पश्चात वडाका ५०४ घरधुरीले स्वच्छ पानी प्राप्त गर्नेछन् ।
- ❖ क्रमागत योजनाको रुपमा रहेको मे.न.पा. वडा नं. ९ स्थित गुफा चांखु डब्ल्याङ खानेपानी आयोजनाको ट्याङ्की तथा पाइपलाइनको निर्माण कार्य भैरहेको छ । यस आयोजनाबाट वडाका ३६१ घरधुरीहरु लाभान्वित हुनेछन् । त्यसैगरी यस वडाको दलित बस्ती खड्काथोक खानेपानी आयोजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। यस खानेपानी आयोजनाबाट ३६ घरधुरी लाभान्वित हुनेछन् ।
- ❖ मेलम्ची नगरपालिका वडा नं. ५ स्थित सिन्धुकोट खानेपानी आयोजनाको खानेपानी ट्याङ्की निर्माण, वितरण पाइपलाइन खन्ने तथा पुर्ने कार्य सम्पन्न गरिएको छ भने यस आयोजनाबाट १६५ घरधुरी लाभान्वित भएका छन् ।
- ❖ मेलम्ची नगरपालिकाका वडा नं. ६ स्थित कोतेटोल द्धारेटोल खानेपानी आयोजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । यस आयोजना निर्माण पश्चात २६ घरधुरी लाभान्वित हुनेछन् ।

- ❖ मेलम्ची न.पा. वडा नं. १२ स्थित मेलम्ची नगरपालिका र सामुदायिक विकास तथा वातावरण संरक्षण मञ्चको साझेदारीमा ढकालथोक खानेपानी आयोजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । यस आयोजनाबाट ६५ घरधुरी लाभान्वित हुनेछन् ।
- ❖ मेलम्ची न.पा. वडा नं. ११ मा नेपाल रेडक्रस सोसाइटीसंगको साझेदारीमा ६० वटा धारा जडान गरी डडुवा खानेपानी आयोजनाको निर्माण कार्य सम्पन्न भएको छ ।

(ग) योजना :

- ❖ चालु आ.व. को जेष्ठ मसान्तसम्ममा वडा कार्यालयबाट कार्यान्वयन गर्ने गरी २२१ वटा योजनाहरुमा बजेट विनियोजन गरिएकोमा हालसम्म १७५ वटा योजनाको उपोक्ता समिति दर्ता तथा सम्झौता भएको छ । २ वटा योजनाका उपभोक्ता समितिको रनिङ बिल भुक्तानी गरिएको र ८९ वटा योजनाहरुको अन्तिम बिल भुक्तानी गरिएको छ भने बाँकी योजनाहरु तालिम लगायत अन्य सफ्टवेयरका कार्यक्रमहरु रहेका छन् ।
- ❖ नगरपालिकाबाट कार्यान्वयन गर्ने गरी ७७ वटा योजनाहरुमा बजेट विनियोजन गरिएकोमा हालसम्म ५१ वटा योजनाको उपोक्ता समिति दर्ता भएको, ठेक्का सहित ६१ वटा योजनाहरु सम्झौता भएको, २ वटा योजनाको रनिङ बिल भुक्तानी गरिएको र ६ वटा योजनाहरुको अन्तिम बिल भुक्तानी गरिएको छ भने बाँकी योजनाहरु क्रमागत योजना र परामर्श तथा सफ्टवेयरका कार्यक्रमहरु रहेका छन् ।
- ❖ नगरबाट कार्यान्वयन हुने गरी बागमती प्रदेशबाट यस चालु आ.व.मा ६ वटा योजनाहरुमा बजेट विनियोजन भएकोमा ४ वटा योजनाको उपोभोक्ता समिति मार्फत २ वटा योजनाहरु ठेक्काबाट सम्झौता भएकोमा २ वटा योजनाको रनिङ बिल भुक्तानी गरिएको छ भने सबै योजनका कामहरु अन्तिम चरणमा पुगेका छन् ।
- ❖ संघीय सरकारबाट चालु आ.व.मा २ वटा योजनाहरुमा बजेट विनियोजन भएकोमा २ वटा योजनाहरु ठेक्काबाट सम्झौता भई कार्यान्वयन भइरहेको छ भने शिक्षा सशर्त कार्यक्रम तर्फ विनियोजित रकमबाट ३ वटा सामुदायिक विद्यालयहरुमा वास सहितको शौचालय निर्माणका लागि सम्झौता भई काम अन्तिम चरणमा पुगेको छ । त्यस्तै सहकारी खेती, साना सिंचाई कार्यक्रम अन्तर्गत ३ वटा सिंचाइ कुलो निर्माणका लागि उपभोक्त समितिबाट कार्यान्वयन हुने गरी सम्झौता भई निर्माण कार्य भइरहेको छ
- ❖ स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम मार्फत १२ वटा योजनाहरुमा बजेट विनियोजन भएकोमा ५ वटा योजनाको उपभोक्ता समितिबाट कार्यान्वयन हुने गरी दर्ता तथा सम्झौता भएको र ६ वटा योजनाहरु ठेक्काबाट सम्झौता भएकोमा सबै योजनाहरु कार्यान्वयनकै क्रममा रहेका छन् ।
- ❖ संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालयबाट प्राप्त पर्यटन पूर्वाधार विकास कार्यक्रम अन्तर्गत ४ वटा योजनाहरु विनियोजन भएकोमा ४ वटै योजनाहरुको उपभोक्ता समिति दर्ता भई सम्झौता भएको छ भने २ वटा योजनाहरुको अन्तिम बिल भुक्तानी भएको छ ।
- ❖ मेलम्ची नगरपालिका र ग्लम्ए को साझेदारीमा कार्यान्वयन गर्ने गरी ६ वटा योजनाहरु विनियोजन भएकोमा ६ वटै योजनाहरुको दर्ता भई सम्झौता भएका छन् भने २ वटा योजनाहरुको अन्तिम बिल भुक्तानी भएको छ ।
- ❖ कृषि तर्फको सिंचाई अन्तर्गत ६ वटा योजनाहरु विनियोजन भएकोमा ५ वटा योजनाहरुको उपभोक्ता समिति दर्ता तथा सम्झौता भई कार्यान्वयनको चरणमा रहेको छन् ।

(घ) पर्यटन विकास :

- मेलम्ची नगरपालिका क्षेत्रलाई पर्यटन क्षेत्रको रुपमा विकास गर्नको लागि ईन्द्रावती नदीमा कृत्रिम वाँध वाँधी मेलम्ची स्वप्न सरोवर निर्माण गर्नको लागि यस क्षेत्रका प्राविधिक विज्ञ, सरोकारवालाहरु विच छलफल तथा अन्तक्रिया कार्यक्रम संचालन गरी आवश्यक राय सल्लाह र सुझावहरु लिने कार्य गरिएको छ । मेलम्ची स्वप्न सरोवर निर्माणको संभाव्यता अध्ययन भई विस्तृत परियोजना प्रतिवेदन निर्माण गर्ने तयारी भैरहेको छ ।
- नगरपालिकालाई पर्यटकिय हवको रुपमा विकास गरी आन्तरिक तथा वाह्य पर्यटकहरुलाई आकर्षण गर्नको लागि मेलम्ची नगरपालिका वडा नं. १ को सुरक्षा डाँडा र पाताल गुफा, वडा नं. २ को तपचुली डाँडा, वडा नं. ३ को गुरुङगाउँ चिसापानी, वडा नं. ४ को पाटी भञ्ज्याङ, थाना भञ्ज्याङगढी र धौले, वडा नं. ५ को धौले, सुलिकोट, वडा नं. ६ को मानेभञ्ज्याङ सिग्देलटोल एकिकृत बस्ती, वडा नं. ११ को मेलम्ची हुँदै धुसेनीचौर धौले र वडा नं. ९ को चांखु, गुफासम्मको पदमार्ग पहिचान गर्ने कार्य सम्पन्न गरिएको छ । त्यसैगरी मेलम्ची सिटी पार्क निर्माण गरी पर्यटकहरुको आवगमनलाई सघन तुल्याउने उद्देश्यले पार्कभित्रको पुर्वाधार निर्माणका कार्यलाई तदारुकताको साथ अगाडि वढाईएको छ ।
- नेपाल सरकारले घोषणा गरेको नेपाल भ्रमण वर्ष २०२० लाई लक्षित गरी यस नगरपालिकामा आर्थिक वर्ष २०७६/७७ मा मेलम्ची महोत्सव आयोजनाको लागि निजी क्षेत्र, नागरीक समाज, सरोकारवालाहरुको सक्रिय सहभागितामा विभिन्न चरणका छलफल तथा अन्तक्रिया कार्यक्रमहरु सहित महोत्सबको पूर्व तयारी पूरा गरिएकोमा कोभिड -१९ (कोरोना भाइरस) को संक्रमणको जोखिमको कारण हाललाई स्थगित गरिएको छ ।
- पर्यटन विकासको लागि पर्यटन विकास कोषको स्थापना गरिएको छ । मेलम्ची नगरपालिका वडा नं. १, २, ३, ४ र ११ लगायत सुलिकोट, धुसेनीचौर धौले, गुफा चांखु, ओखेनी चौर, ककनी लगायत नगरपालिका भित्रका अन्य मेलम्ची नगरपालिका आसपासमा रहेका छिमेकी गाउँपालिकहरुसंग समन्वय गरी बृहत्तर पर्यटन विकासका कार्यहरु अगाडि बढाउँने लक्ष्यका साथ कार्य भइरहेको छ । पर्यटन प्रवर्द्धनका लागि घर बास (होम स्टे) सम्बन्धी आधारभूत तालिम सम्पन्न गरिएको छ ।

(ङ) वातावरण संरक्षण, फोहरमैला तथा विपद् व्यवस्थापन :

- मेलम्ची नगरपालिकाको बजार क्षेत्रबाट उत्पादन/संकलन भएका फोहरमैलाहरुको उचित व्यवस्थापनको लागि मेलम्ची नगरपालिका वडा नं. ११ स्थित धिताल बेंसी बगर क्षेत्रमा खाल्डो खनी अस्थायी रुपमा व्यवस्थापन गर्दै आएकोमा हाल उक्त स्थानमा व्यवस्थित रुपमा फोहरमैला व्यवस्थापनका लागि ठेक्का मार्फत सडक पूर्वाधारको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ भने ३००० वर्ग फिट क्षेत्रफलको फोहर व्यवस्थापन गृहको निर्माण कार्य शुरु गरिएको छ ।
- विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन अन्तर्गत मेलम्ची नगरपालिका भित्रका जोखिममा रहेका बस्तीको संरक्षणका लागि नगरपालिकाबाट आवश्यक तारजाली खरिद गरी जोखिमयुक्त बस्ती तथा स्थानको लागि सम्बन्धित वडा कार्यालयसंग समन्वय गरी तार जाली वितरण गरिएको छ ।
- नगरपालिका क्षेत्रको वातावरण प्रदुषण न्यूनिकरण तथा वातावरण संरक्षण गर्नको लागि यस आ.व.मा मेलम्ची नगरपालिका वडा नं. ७ स्थित सेल्ले र च्यानडाँडामा स्थायी शवदाह स्थल तथा पाटी निर्माणको कार्य सम्पन्न गरिएको छ । त्यसैगरी वडा नं. ३ स्थित हैबुंग डाँडामा सवदाह गृह, चिप्लिङ चिहाने पाटी निर्माण गरिएको छ भने वडा नं. १ स्थित मानेडाँडामा सवदाह गृह निर्माणाधिन अवस्थामा रहेको छ ।

(च) कृषि तथा पशु विकास :

(१) कृषि :

- कृषि विकास तर्फ कृषि विकास कोषको स्थापना गरी संघीय सरकारबाट प्राप्त भएको शशर्त रकमबाट विभिन्न किसिमका कार्यक्रम संचालन मार्फत कृषिमा आधुनिकिरण र व्यवसायी बनाउँन कृषि यन्त्र उपकरण, प्लाष्टिक टनेल, फलफुलको विरुवाहरु खरिद गरी अनुदानमा वितरण गर्ने कार्य भएको छ । जनताको आर्थिक स्तर वृद्धिको लागि मकै पकेट क्षेत्र, अलैंची पकेट क्षेत्र, किबी पकेट क्षेत्र जस्ता उदयमान बालीहरुको पकेट क्षेत्र निर्धारण गरी धानको उन्नत बिउ उत्पादन गर्नका साथै नगरपालिका भित्रका कृषकहरुलाई कागती, सुन्तला र जुनारका १५ हजार विरुवाहरु वितरण गरिएको छ ।
- कृषि यन्त्रिकरणको प्रवद्र्धनको लागि चालु आ.व.मा मिनिटिलर, थ्रेसर, पावर स्प्रेयर, न्याप्स्याक स्प्रेयर गरी ५४३ वटा यन्त्र उपकरण तथा प्लाष्टिक टनेलहरु खरिद गरी वितरणको प्रक्रिया अघि बढाइएको छ ।
- बाली विकास, खाद्यान्न तथा बिउमा आत्म निर्भर बनाउँनका लागि १४०० केजी. रामपुर कम्पोजिट मकैको उन्नत बिउ, ५००० के.जी. गौतम जातको उन्नत बिउ, ४००० के.जी. खुमलचार धान, २०० के.जी. खुमल चारको मुल बिउ र ३२० के.जी. खुमल १० धान को उन्नत बिउ खरिद गरी नगरपालिका भित्रका १५०० जना कृषकहरुलाई वितरण गरिएको छ ।
- माटो सुधार कार्यक्रम अन्तर्गत १३ वटा वडाहरुमा माटो परिक्षण सम्बन्धी तालिम संचालन गर्नुका साथै ११ सय रोपनी क्षेत्रफलमा सुक्ष्म खाद्यतत्व वितरण गरी कृषि बालीको गुणस्तर वृद्धि गर्ने कार्य गरिएको छ । कृषि प्रविधि विकास र क्षमता अभिवृद्धिका लागि तरकारी, फलफुल, खाद्यान्न तथा बिउ उत्पादन सम्बन्धी तालिम संचालन गरी ३२५ जना कृषकहरुलाई तालिम प्रदान गरिएको छ । बाली बिबिधिकरण कार्यक्रम अन्तर्गत ४० वटा मौरी गोला घार र ४० वटा खाली मौरी घार वितरण गर्ने कार्य गरिएको छ । त्यसैगरी ४०० ग्रामको १ हजार प्याकेट कन्ने च्याउ र ४ सय प्याकेट सिताके च्याउको बिउ वितरण गरिएको छ ।
- नगरपालिका अन्तर्गतका १३ वटै वडाहरुमा ८ वटा आ.पि.एम. कृषक पाठशालाहरु सम्पन्न गरिएको छ । मेलम्ची नगरपालिका वडा नं. १, ५, ७, ८, ९, १०, १२ मा सिंचाई कुलो निर्माणाधिन अवस्थामा रहेको छ भने यस आयोजनाबाट कुल ५००० रोपनी जग्गामा सिंचाई पुग्नेछ ।
- मेलम्ची नगरपालिका वडा नं. १३ को फटकशिला स्थित बगर फाँटमा प्रदेश सरकारको रु. ७५ लाख र यस नगरपालिकाको रु. ३० लाख गरी कूल लागत रु. १ करोड ५ लाखको लागत साझेदारीमा २ हजार रोपनी क्षेत्रमा सामूहिक कृषि खेतिका लागि पूर्वाधार निर्माण भैरहेको छ ।

(२) पशु सेवा :

- पशु सेवा कार्यक्रम तर्फ चालु आ.व.मा पशुपालक कृषकहरुलाई गाई भैंसी पालन, बाख्रा पालन, बंगुर पालन, कुखुरा पालन तालिम प्रदान गरिनुको साथै पशु आहारको पहुँच पुर्याउँने उद्देश्यका साथ हिंउदे तथा वर्षे घाँसका बिउहरु वितरण गरिएको छ । पशु उपचारको लागि औषधि खरिद गरी नियमित रुपमा ११ हजार ७ सय ५ वटा पशु उपचार सेवा प्रदान गरिएको छ ।
- यस आ.व.मा २५ वटा फर्महरुको गोठ सुधार गर्ने कार्य गरिएको छ । मेलम्ची नगरपालिका वडा नं. ९ स्थित धिरेन कृषि तथा पशु फर्म र वडा नं. १२ स्थित सन्नेसीचौर कृषि तथा पशु फर्मको लागि ५०% अनुदानमा

उन्नत नश्लको १/१ वटा बोयर जातीको बोका वितरण गरिएको छ। मेलम्ची नगरपालिका १३ वटै वडामा ३० वटा उन्नत नश्लको बंगुरको पाठापाठी वितरण गरिएको छ।

❖ मेलम्ची नगरपालिका क्षेत्र भित्रका २५ जना कृषकहरुलाई ५०% अनुदानमा २५ वटा भुस्सा काट्ने मेशिन वितरण गरिएको छ। चालु आ.व.मा यस नगरपालिका क्षेत्रका २५ वटा व्यवसायीक गाई, भैंसी, बाख्रा र बंगुर फर्महरुलाई गोठ सुधारका लागि प्रति फर्म रु. १ लाख का दरले अनुदान सहयोग प्रदान गरिएको छ। यस नगरपालिकाको वडा नं. ३ स्थित नेपाल ट्राउट प्रोडक्ट सेन्टर र वडा नं. ११ स्थित मेलम्ची अष्टम कृषिजन्य उद्योगलाई पोखरी मर्मत सभांरका लागि प्रति उद्योग रु. १ लाखका दरले अनुदान सहयोग उपलब्ध गराइएको छ। पशु नष्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रम अन्तर्गत नगरपालिका भित्र ५५७ वटा पशुमा कृत्रिम गर्भाधान सेवा प्रदान गरिएको छ। पशु सेवा शाखाको प्रयोगशालाबाट ३३० वटा गोवर परीक्षणको कार्य गरी उपचार गरिएको छ।

(छ) शिक्षा तथा खेलकुद :

❖ विद्यार्थी संख्या र भौगोलिक दुरीको आधारमा नगरका ८ वटा आधारभूत विद्यालयहरु सम्बन्धित वडाका अन्य माध्यामिक तथा आधारभूत विद्यालयमा पूर्ण रुपमा समायोजन गरिएको छ भने ७ वटा आधारभूत विद्यालयका केही कक्षाहरु सोही वडाका अन्य माध्यामिक तथा आधारभूत विद्यालयमा समायोजन गरिएको छ। चालु आ.व. २०७६/७७ मा मेलम्ची नगरपालिकाको शिक्षा ऐन, २०७५ (संशोधन सहित) बमोजिम नगर भित्रका ४० वटा विद्यालयहरुको विद्यालय व्यवस्थापन समिति गठन गर्ने कार्य सम्पन्न भएको छ। एक विद्यालय एक बालविकास केन्द्रको नीतिलाई कार्यान्वयन गर्न चालु आ.व.मा २ वटा विद्यालयहरुमा बालबिकास सहजकर्ताहरुको व्यवस्थापन गरिएको छ। आधारभूत तह कक्षा ८ को नगरस्तरीय परीक्षा संचालन गरी नतिजा प्रकाशन समेत गरिएको छ। नगर भित्रका १० वटा माध्यमिक विद्यालयहरुमा पुस्तकालय, विज्ञान प्रयोगशाला तथा ICT ल्याब व्यवस्थापन गरिएको छ। माध्यामिक तहमा शिक्षक दरवन्दी कमी भई पठनपाठनमा परेको समस्यालाई मध्यनजर गरी Teach For Nepal संगको सहकार्यमा ७ वटा विद्यालयहरुमा अंग्रेजी, गणित र विज्ञान विषयका १४ जना प्रज्ञार्थी शिक्षकहरुको व्यवस्था गरिएको छ। नगरका ३ वटा विद्यालयमा वास सहितको शौचालय निर्माण कार्य सम्पन्न भएको छ। मेलम्ची नगरपालिका वडा नं. ६ स्थित तेर्से मा.वि.मा छात्रबासको निर्माण सम्पन्न भई सञ्चालनको क्रममा रहेको छ। नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयका छात्राहरुलाई स्यानीटरी प्याड वितरण कार्य शुरु गरिएको छ

❖ बालविकास देखि कक्षा ५ सम्म अध्यनरत विद्यार्थीहरुलाई दिवा खाजाको व्यवस्थापन गरिएको छ। छात्रा छात्रवृत्ति, दलित छात्रवृत्ति, अपाङ्ग छात्रवृत्ति लगायतका छात्रवृत्तिहरु वितरण गरिएको छ। कक्षा १ देखि १० सम्मका विद्यार्थीहरुलाई निशुल्क पाठ्यपुस्तकको लागि रकम निकासा भई पाठ्यपुस्तकको व्यवस्थापन गरिएको छ। शैक्षिक गुणस्तर वृद्धिका लागि प्रधानाध्यापक, नगर शिक्षा समिति र अन्य सरोकारवालाहरुसंग समन्वय वैठक सम्पन्न गरिएको छ।

❖ खेलकुद क्षेत्रको विकासको लागि मेलम्ची नगरपालिका वडा नं. ११ को धितालबेंसी खेलकुद मैदानमा नगरस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सम्पन्न गरी उत्कृष्ट स्थान हाँसिल गर्ने विद्यालय र विद्यार्थीहरुलाई प्रोत्साहन स्वरुप पुरस्कार वितरण गरिएकोछ। उक्त प्रतियोगितामा नगरका १४ वटा

माध्यामिक विद्यालयहरुको सहभागीता रहेको थियो भने सो प्रतियोगितामा ईन्द्रेश्वरी माध्यामिक विद्यालय प्रथम भई शिल्ड जित्न सफल भएको थियो ।

(ज) स्वास्थ्य तथा आयुर्वेद :

(१) कोभडि–१९ :

- ❖ कोभिड–१९ को रोकथाम तथा नियन्त्रण कार्यलाई प्रभावकारी बनाउँनको लागि नगरपालिकास्तरीय कोरोना भाइरस रोकथाम तथा नियन्त्रण समन्वय समिति तथा स्थानीय कोरोना विपद् व्यवस्थापन केन्द्र गठन गरी उक्त वैठकको निर्णय अनुसार रोकथामका कार्यहरु अगाडि बढाइएको छ । त्यसैगरी यस नगरपालिकासंग सिमाना जोडिएका अन्य गाउँपालिकाको समेत सहयोग र सहभागीतामा क्षेत्रीय क्वारेन्टाइन व्यवस्थापन समिति गठन गरी क्षेत्रीय स्तरमा हाललाई मेलम्ची रिभर रिसोर्ट मेलम्ची, जाल्पा देवी मा.वि. बाहुनेपाटी र क्षेत्रपालेश्वरी मा.वि., तिपेनी र सरस्वती मा.वि., ग्याल्थुम गरी ४ वटा क्वारेन्टाइन र मेलम्ची नगरपालिका भवनमा १ वटा आइसोलेशन निर्माण गरी संचालनमा ल्याइएको छ ।
१६४) नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका निजी स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ।

१६५) नगरपालिका अन्तर्गतका बर्थिङ सेन्टर र पोष्टमार्टम कार्यमा संलग्न कर्मचारीहरुलाई कार्यसम्पादनको आधारमा प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१६६) महिला स्वास्थ्य स्वयंसेविकालाई कार्यसम्पादनको आधारमा प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ।

आदरणीय नगर सभाका सदस्यज्यूहरु,

१६७) न्यायिक समितिले गर्ने न्याय सम्पादनको कार्यलाई व्यवस्थित बनाउन सचेतनामुलक कार्यक्रमहरु संचालन गर्नुका साथै इजलास निर्माण तथा व्यवस्थापन र कानूनी सल्लाहकारको प्रभावकारी परिचालन गरिनेछ।

१६८) न्यायिक निरुपणमा शिघ्रता, सरलता, मितव्ययिता जस्ता आदर्श मान्यताको अवाधारणामा जोड दिइनेछ।

१६९) न्यायिक समितिमा हुने न्याय सम्पादनलाई प्रक्रियामुखी भन्दा परिणाममुखी बनाइनुका साथै मेलमिलाप तथा मध्यस्थताबाट न्याय निरुपण गर्न अधिकतम प्रयत्न गरिनेछ।

१७०) न्यायिक निरुपणमा संलग्न वडा तथा नगरस्तरका मेलमिलापकर्ताहरुको आवश्यकता अनुसार गठन, पुर्नगठन गरी जनप्रतिनिधि, कर्मचारी र मेलमिलापकर्ताको सबलिकरणको लागि अन्तरक्रिया, प्रशिक्षण जस्ता कार्यक्रमहरु संचालन गरी जनस्तरमा न्यायिक सचेतनाको कार्यक्रम संचालन गरिनेछ।

धन्यवाद।

मेलम्ची नगरपालिकाको नगर सभामा २०७७ साल आषाढ ९ गते मंगलवार
नगरपालिकाका उपप्रमुख श्री भगवती नेपालले
प्रस्तुत गर्नुभएको बजेट वक्तव्य-२०७७/७८

आदरणीय सभा अध्यक्षज्यू ,

मेलम्ची नगरपालिकाको उपप्रमुखको हैसियतले यस नगर सभा समक्ष चालु आर्थिक वर्ष २०७७/०७८ को बजेट प्रस्तुत गर्न यहाँहरु समक्ष उपस्थित भएको छु । यस अवसरमा राजनैतिक परिवर्तनको लागि जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । मुलुकको स्वाभिमानको रक्षा गर्दै लोकतान्त्रिक गणगन्त्र प्राप्तीको आन्दोलनको कठिन परिस्थितिमा त्याग र नेतृत्व गर्नुहुने आदरणीय अग्रज राजनीतिज्ञहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको नोबेल कोरोना भाइरसका कारण विश्व आक्रान्त भैरहेको अवस्थामा यस नगरपालिकाले पनि सो मानवीय र आर्थिक संकट व्यहोर्नु परेको छ । यसवाट नगरपालिकाका समग्र विकासका गतिविधिहरुमा प्रत्यक्ष प्रभाव पारेको कठिन घडिमा म चौँथो वर्षको बजेट प्रस्तुत गर्न गईरहेको छु ।

कोरोना भाइरसको कारण नेपाल सरकारले देशभरिनै गरेको बन्दाबन्दीका कारण तिनै तहका सरकारहरुको राजश्वमा संकुचन हुन आएको अवस्थामा उपलब्ध हुन सक्ने न्यून स्रोतको बाबजुत संक्रामक रोगवाट नागरिकको जीवन रक्षा गर्ने कार्यलाई मुख्य प्राथामिकता दिदै नगरपालिकामा समग्र विकासको क्रियाकलापहरुलाई समेत संगसंगै लैजानुपर्ने चुनौती हाम्रो सामु रहेको छ ।

"मेलम्ची नगर सम्वृद्धिको आधार : कृषि, पर्यटन, उद्योग र जलाधार", भन्ने नाराका साथ आर्थिक सामाजिक रुपान्तरणको लागि अघि बढिरहेको यस नगरपालिकाले बजेट तर्जुमा गर्दा नेपालको संविधान, पन्धौँ पञ्चवर्षिय योजना, दिगो विकासका लक्षहरु, स्थानीय सरकार सञ्चालन ऐन, संघीय तथा प्रदेश सरकारका दस्तावेजहरु, नगर प्रमुखज्यूद्धारा प्रस्तुत भएको वार्षिक नगर विकास नीति तथा कार्यक्रम, यस नगरपालिकाको नगर विकास गुरुयोजना, नगर सभा तथा नगर कार्यपालिकाका सदस्यज्यूहरुले दिनु भएका सुझावहरुलाई मार्गदर्शनको रुपमा लिएको छु । अघिल्लो आर्थिक वर्षको बजेट कार्यान्वयनका सन्दर्भमा हासिल गरेका अनुभव, विभिन्न राजनैतिक दल, संघसंस्था, विद्धतवर्ग तथा नगरवासी दिदी–बहिनी, दाजु–भाईहरुबाट प्राप्त रचनात्मक सुझावहरुलाई समेत ध्यान दिएको छु ।

आदरणीय सभा अध्यक्षज्यू

अव म आगामी आर्थिक वर्ष २०७७/७८ को बजेटको उद्देश्य तथा प्राथामिकता प्रस्तुत गर्न चाहन्छु । बजेटका उद्देश्यहरु निम्नानुसार छन् ।

- ❖ संक्रामक रोग, प्रकोप र विपदबाट जीवन रक्षा गर्दै जनजीवनलाई सुरक्षित बनाउने,
- ❖ उपलब्ध श्रोत र साधनको उच्चतम परिचालन गरी आर्थिक विकासको सम्बाहकहरु मार्फत तिव्ररुपमा पुनरुत्थान गर्दै विकासको गतिलाई तिव्रता दिने,
- ❖ नागरिकको मौलिक हक अधिकारका रुपमा रहेका आवश्यकता परिपुर्ति गर्ने,
- ❖ पुर्वाधार विकासमार्फत नागरिकको जीवनस्तर उकास्दै आयका अवसरहरु वृद्धि गर्ने ।

- ❖ उपरोक्त उदेश्यहरु हासिल गर्नका लागि देहाय अनुसारका क्षेत्रगत र कार्यक्रमगत प्राथामिकता निर्धारण गरेको छु।
- ❖ कोभिड–१९ लगायत सबै प्रकारका स्वास्थ्यर विपद जोखिमबाट नगरवासीलाई सुरक्षित राखी गुणस्तरिय स्वास्थ्य सेवाको स्तरोन्नति तथा क्षमता विस्तार गर्ने,
- ❖ कोभिड–१९ को कारण सिर्जित अवस्थाबाट शिथिल भएको अर्थतन्त्रलाई क्रमश पुनः उत्थान गर्दै नयाँ क्षेत्रहरुको समेत विस्तार गरी चलायमान बनाउने,
- ❖ नगरवासीका लागि खाद्य सुरक्षा, रोजगारीको अवसर र सामाजिक संरक्षण गर्ने,
- ❖ संक्रमणको कारण सृजित विषम परिस्थितिमा तत्काल प्रतिफल प्राप्त गर्न सकिने कृषि क्षेत्रमा जोड दिने,
- ❖ बन्दाबन्दीको कारण शिथिल अवस्थामा पुगेको शिक्षा क्षेत्रको पुनः स्थापनामा जोड दिने,
- ❖ पहुँचयोग्य, गुणस्तरिय र विद्युतिय सार्वजनिक सेवामार्फत सुशासन प्रवर्द्धन गर्ने,
- ❖ विकासको सिघ्र प्रतिफल प्राप्त हुने र दिर्घकालिन रुपमा प्रभाव पार्ने खालका योजनाहरुमा निरन्तरता दिने।

आदरणीय सभा अध्यक्षज्यू

अव म आगामी आर्थिक वर्षको बजेटका कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

कोरोना संक्रमण व्यवस्थापन र गुणस्तरीय स्वास्थ्यसेवा :

- ❖ कोरोना महामारी लगायत संक्रामक तथा अन्य रोगबाट सिर्जित हुने स्वास्थ्य जोखिमलाई न्यूनिकरण गर्न रोगको रोकथाम, नियन्त्रण र उपचारको लागि गुणस्तरीय स्वास्थ्यसेवा, पुर्वाधार विकास एवं औषधि उपकरण र दक्ष चिकित्सक तथ स्वास्थ्यकर्मीको सेवा विस्तारमा उच्च प्राथामिकता दिई स्वास्थ्यक्षेत्रमा उल्लेख्य बजेट बृद्धि गरेको छु।
- ❖ कोभिड–१९ को महामारीको कारण वाहिरी जिल्ला तथा विदेशबाट यस नगरपालिका आएका व्यक्तिहरुमा दिन प्रतिदिन बढ्दै गएका संक्रमण नियन्त्रण तथा रोकथाम गर्नको लागि संचालनमा रहेका क्वारेन्टाइन कक्षहरुलाई पुर्ण श्रोत, साधन र मापदण्डम बमोजिम हुने गरी संचालन गरिनेछ। यसको लागि पानी, शौचालय, फोहोर व्यवस्थापन, व्यक्तिगत सुरक्षा सामाग्री, स्वास्थ्यसामाग्रीहरु, कर्मचरी, स्वयमसेवक, सुरक्षाकर्मी लगायत सेवाका कर्मचारी सहित क्वारेन्टाईन होमहरुलाई अझ प्रभावकारी र व्यवस्थित बनाउन बजेटको व्यवस्था गरेको छु।
- ❖ कोभिड–१९ को संक्रमणलाई मध्यनजर गरी यस नगरपालिका, हेलम्बु गाउँपालिका, पाँचपोखरी थाङपाल गाउँपालिका र इन्द्रावती गाउँपालिकालाई हुने गरी क्षेत्रीय क्वारेन्टाईन संचालन गरिएकोमा हाल विदेशबाट आउने व्यक्तिहरुको संख्या दिनानुदिन बढ्दै गएको कारण सम्बन्धित पालिकाका व्यक्तिहरुलाई सम्बन्धित पालिकामा नै क्वारेन्टाइनमा पठाउने र क्षेत्रीय क्वारेन्टाइनलाई आइसोलेशनमा परिणत गरी संक्रमण पुष्टि भएका व्यक्तिहरुलाई राख्ने गरी संचालनमा ल्याउने व्यवस्था मिलाएको छु। यसबाट चार वटै स्थानीय तहलाई सम्भावित संक्रमित राख्न सहज भएको छ । हालको समयमा मेलम्ची नगरपालिकामा समेत कोरोना संक्रमितको संख्या बढ्न थालेको स्थितीलाई मध्यनजर गर्दै उक्त संक्रमितहरुको Contact Tracing गर्न आवश्यक टोली गठन गरी परिचालन गरेको छु । यसको लागि परीक्षण किट स्टोरेज, छुट्टै सवारी साधन, व्यक्तिगत सुरक्षा सामाग्री लगायतका विषयहरु समेतलाई मध्यनजर गरी बजेटको व्यवस्था गरेको छु।

- कोभिड विषेश सूचना, तथ्याङ्क संकलन तथा व्यवस्थापन मार्फत कोरोना संक्रमणलाई न्यूनिकरण गरी सचेतनामुलक कार्यक्रम संचालन गर्न कर्मचारी, सामुदायिक संस्था र सञ्चार जगतलाई समेत परिचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।
- कोभिड–१९ को कारण यस नगरपालिकामा रहेका महिला, बालबालिका, अशक्त, असहाय, बृद्ध, एकल महिला, अपाङ्गता भएका व्यक्ति लगायत संरक्षण गर्नुपर्ने लक्षित समुदायको उच्च मनोवल कायम राख्न आवश्यक राहत कार्यक्रम, उद्धार तथा मनोसामाजिक परामर्श लागाएतका विषयमा आवश्यक कार्यक्रम गर्न बजेटको व्यवस्था गरेको छु।
- नगरपालिकाबाट कोरोना संक्रमण रोकथाम तथा नियन्त्रणको लागि स्थापित कोषमा हालसम्म रु १ करोड ३१ लाख १५ हजार ६ सय ८१ रुपैयाँ पैसा ३३ मात्र नगरपालिका, सहयोगी व्यक्ति तथा संस्थाहरुबाट प्राप्त भएको छ। जसमध्य कोरोना संक्रमण तथा रोकथाम नियन्त्रण र कोरोना संग संम्बन्धित अन्य पुर्वाधार निर्माणमा गरी हालसम्म रु ९५ लाख ४३ हजार ९ सय ६६ खर्च गरिएको छ। साथै यो कोषकामा हुने आम्दानी तथा खर्च विवरण नियमित रुपमा सार्वजनिकिकरण गरिनेछ।
- कोभिड–१९ को कारण हाल विदेशमा लगभग २१ सय को हाराहारीमा रहेका मेलम्ची नगरपालिका स्थायी ठेगाना भएका व्यक्तिहरु नगरपालिका फर्किएमा राख्नको लागि आवश्यक भवन, सरसफाई, खानेपानी, शौचालय जस्ता आधारभूत पुर्वाधार सहितको होल्डिङ सेन्टर संचालन गर्नको लागि बजेटको व्यवस्था गरेको छु।
- कोभिड–१९ को संक्रमणलाई न्यूनिकरण गर्न क्वारेन्टाईन तालिम संचालन, महिला स्वास्थ्य स्वयंसेविकाको तालिम, द्रुत प्रतिकार्य टोली तथा कोभिड क्लिनिक संचालन गर्न आवश्यक माक्स, स्यानिटाईजर, औषधी, उपकरण, परीक्षण सामाग्री लगायतको वस्तुहरुको व्यवस्थापनको लागि बजेट विनियोजन गरेको छु।
- नगरपालिकाको स्वास्थ्य शाखालाई आवश्यक पर्ने भौतिक पुर्वाधार, मानवस्रोत, उपकरण, औषधी तथा स्वास्थ्यसामाग्री, स्वास्थ्यप्रचार प्रसार सामाग्री सहित कोभिड–१९ को रोकथाम तथा नियन्त्रणमा परिचालन गरिएको छ र अन्य आवश्यक श्रोत र साधनहरु क्रमश परिपूर्ति गर्दै लैजान आवश्यक बजेटको व्यवस्था मिलाएको छु।
- स्वास्थ्यकेन्द्र तथा स्वास्थ्य संस्थाहरुलाई सेवाग्राहीको चापको आधारमा पुर्वाधार, स्वास्थ्यकर्मी, औषधी तथा स्वास्थ्य औजार उपकरणको पर्याप्त व्यवस्था मिलाएको छु। कोभिड–१९ को संक्रमित वोक्ने डेडिकेटेड एम्बुलेन्स र छुट्टै सवारीसाधनको व्यवस्था मिलाएको छु।
- नगरपालिका अन्तर्गत वडा वडामा रहेका स्वास्थ्यसंस्थाहरुमा सेवाग्राहीको चापलाई मध्यनजर गरी आवश्यक सामाग्री, पुर्वाधार, स्वास्थ्यकर्मी, औषधि तथा स्वास्थ्यसामाग्री र औजार उपकरण लगायत व्यक्तिगत स्वास्थ्य सुरक्षा सामाग्रीको व्यवस्था मिलाई प्रत्येक स्वास्थ्यसंस्थामा कोभिड–१९ को संक्रमणलाई न्यूनिकरण गर्न महिला स्वास्थ्य स्वयंसेविकालाई परिचालन गर्न आवश्यक व्यवस्था मिलाएको छु।
- मेलम्ची नगरपालिका वडा नं ११ स्थित डुडे फाँटमा २५ शैयाको अस्पताल निर्माणको प्रारम्भिक कार्य गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

- ❖ कोरोना भाइरसको कारण सिर्जित यो कठिन परिस्थितिलाई मध्यनजर गरी यस नगरपालिकामा रहेका १९०० जना असंगठित क्षेत्रमा कार्यरत श्रमिक तथा असहायहरुलाई राहत प्रदान गरिएको छ । राहत कार्यक्रमलाई श्रममा आधारित वनाई १६५८ जना श्रमिकलाई श्रममा आधारित राहत रकम उपलब्ध गराईएको छ । यस नगरपालिकामा रहेका नियमित औषधि सेवन गर्नुपर्ने व्यक्तिहरुलाई एक महिनाको लागि मुटु, रक्तचाप, मधुमेह, दम, क्यान्सर, मृगौला, मानसिक रोग, बाथ रोग लगायतका औषधीहरु १६५९ जनालाई निशुल्क वितरण गरिएको छ।
- ❖ कोरोना भाइरस संक्रमण रोकथामको लागि छुट्टै रु ५ करोड १० लाख तथा स्वास्थ्यक्षेत्रसंग सम्बन्धित अन्य नियमित कार्यहरुको लागि रु ८ करोड ८४ लाख गरी समग्र स्वास्थ्यक्षेत्रमा रु १३ करोड ९४ लाख बजेट विनियोजन गरेको छु।

आदरणीय सभा अध्यक्षज्यू

अब म वडा कार्यालयमा गरेको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहान्छु।

मेलम्ची नगरपालिका अन्तर्गतका वडाहरुमा सन्तुलित एवं समावेसी विकास गर्न कोभिड १९ को संक्रमणको अवस्थालाई समेत मध्यनजर गरी एकमुष्ट रुपमा प्रत्येक वडामा रु ३० लाखका दरले विनियोजन गरेको छु भने वडाको जनसंख्या, क्षेत्रफल, राजश्वको क्षमता लगायतका विषय समेतलाई आधार मानी थप रु १ करोड १० लाख विनियोजन गरेको छु।

नगरको समग्र विकासमा साझेदारी विकासको अवधारणालाई प्रोत्साहन गर्ने व्यवस्था मिलाएको छु । संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, उपभोक्ता र अन्य क्षेत्रसंग साझेदारी कार्यक्रम संचालन गर्नका लागि रु ५ करोड ३० लाख बजेट विनियोजन गरेको छु।

आदरणीय सभा अध्यक्षज्यू,

अब म शिक्षा क्षेत्रमा गरेको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहान्छु।

कोभिड–१९ को बन्दाबन्दीको कारण एस.इ.इ. को नियमित परिक्षा संचालन तथा विद्यालय पुर्ण रुपमा ठप्प हुँदा भविष्यका कर्णधार मानिने बालबालिकामा त्यसको प्रत्यक्ष असर परिरहेको छ । यस सन्दर्भमा स्थानीय मौलिकता अनुकुल हुनेगरी बैकल्पिक सिकाईका माध्यमहरु पहिचान गरी शिक्षा क्षेत्रलाई अगाडि बढाउने गरी व्यवस्था मिलाएको छु।

हाल नगरपालिकाको कतिपय विद्यालयहरुलाई क्वारेन्टाइनको रुपमा संचालन गरिएको र विदेशबाट आउने व्यक्तिहरुलाई समेत व्यवस्थापन गर्न अझै केहि विद्यालयहरुलाई क्वारेन्टाइन कक्ष, होल्डिङ सेन्टर तथा आइसोलेसन कक्ष बनाउनुपर्ने अवस्थालाई समेत मध्यनजर गरी आवश्यक बजेटको व्यवस्था गरेको छु।

संक्रमणको जोखिम रहँदासम्म विद्यालयमा सहज रुपले सिकाई गर्न नसकिने हुँदा टोल टोलमा गई शैक्षिक कार्य संचालन एवं कोभिड–१९ को कारण बालबालिकामा परेको असरलाई न्यूनिकरण गर्न आवश्यक मनोसामाजिक परामर्श लगायतको कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

विद्यार्थी संख्या कम भएका विद्यालयहरु समायोजन तथा एकीकरण गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ । विद्यालय समायोजन तथा एकीकरणका कारण विद्यार्थीहरु शिक्षाको अवसरबाट बञ्चित नहुने व्यवस्थाका लागि आवश्यक बजेट व्यवस्था मिलाएको छु।

मेलम्ची नगरपालिकाका प्रत्येक वडामा एक अगुवा माध्यामिक विद्यालय छनौट गरी तत् तत् वडाका अन्य विद्यालयहरुको गुणस्तर सुधार कार्यक्रममा जिम्मेवार गराउनको लागि आवश्यक बजेटको विनियोजन गरेको छु।

नगरपालिकामा शिक्षा क्षेत्रमा देखिएको बेथितिलाई न्यूनिकरण गरी शिक्षकहरुको योग्यता र क्षमता उच्च मुल्याङ्कन गरी क्षमतावान शिक्षकलाई विद्यालयको प्रधान्याध्यापक वनाई प्रत्येक विद्यालयलाई कुसल नेतृत्व प्रदान गरी विद्यालयबाट हुने उपलब्धिलाई महोत्तम बनाउन प्रधानाध्यापक व्यवस्थापन गर्ने कार्यलाई कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाएको छु।

समग्र शिक्षा क्षेत्रको दिवा खाजा, स्यानिटरी प्याड, पुस्तकालय, ल्याव, आइ.सि.टी व्यवस्थापन, शिक्षक तलव भत्ता र विद्यालय संचालनको लागि रु २६ करोड ६८ लाख रुपयाँ विनियोजन गरेको छु।

श्रम, रोजगार एवं सामाजिक सुरक्षा : कोरोना भाईरसको वर्तमान संक्रमणको अवस्थालाई हेर्दा आर्थिक रुपमा विपन्न नगरवासीलाई खद्य सुरक्षाको लागि रोजगारीमा आधारित राहत कार्यक्रम संचालन गर्न बजेटको व्यवस्था गरेको छु।

प्रधानमन्त्री रोजगार कार्यक्रमलाई विस्तार गर्दै यस नगरपालिकामा संञ्चालित विकास निर्माणका कार्यहरु श्रममुलक प्रविधिबाट गरिनेछ। यो कार्यक्रम मार्फत आगामी आर्थिक वर्षमा २००० जनालाई रोजगारी उपलब्ध गराउने उदेश्यले बजेटको व्यवस्था गरेको छु। प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि आगामी आर्थिक वर्षका रु ७६ लाख विनियोजन गरेको छु।

आगामी आर्थिक वर्षदेखि सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई अनिवार्य रुपमा बैङ्किङ प्रणालीबाट गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु। आगामी आर्थिक वर्षको लागि सामाजिक सुरक्षा भत्ताको लागि रु १५ करोड विनियोजन गरेको छु।

आदरणीय सभा अध्यक्षज्यू,

अब म कृषि, वन, पर्यटन, उद्योग, वाणिज्य लगायतका उत्पादनका क्षेत्रका कार्यक्रम तथा विनियोजनमा प्रस्तुत गर्ने अनुमती चाहन्छु।

कृषि तथा पशु : आर्थिक वर्ष २०७७/७८ देखि यस नगरपालिकाले "तपाईंको वडामा मल, बिउ, औषधि पाइन्छ उत्पादन गर्नुहोस, बिक्रीको जिम्मा नगरले लिन्छ" भन्ने नारालाई कार्यान्वयन गर्न आवश्यक बजेटको विनियोजन गरेको छु।

कृषिमा आधुनिकीकरण तथा व्यवसायीकरण गर्दै उत्पादकत्व बृद्धि गरी यस नगर क्षेत्रलाई विषादी रहित अर्गानिक तरकारी, खाद्यान्न, दुग्ध र मासुजन्य पदार्थमा आत्मनिर्भर बनाई नगरपालिका भित्र तरकारी, फलफुल तथा नगदेबाली उत्पादनको पकेटक्षेत्र निर्धारण गरी विशेष कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

एक वडा एक कृषि उत्पादन भन्ने नारालाई प्राथामिकतामा राखी प्रत्येक वडामा प्राविधिक जाँच गराई अनुकुलताको आधारमा सहज रुपमा उत्पादन हुने खेतीलाई जोड दिन आवश्यक बजेट विनियोजन गरेको छु।

कोभिड १९ को कारण विश्वव्यापी रोजगारमा पारेको असर समेतलाई मध्यनजर गरी स्वदेश तथा विदेशबाट फर्किने युवाहरुलाई कृषि व्यवसायमा संलग्न हुन आकर्षण गर्ने कार्यक्रम संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु सार्वजानिक, निजी र सहकारी क्षेत्रको साझेदारीमा पशु नश्ल केन्द्र विकास गरी उन्नत जातका गाई, भैंसी, बाख्रा लगायतका पशुपंक्षीहरुको उत्पादन तथा वितरणलाई व्यवस्थित गर्न तथा पशु स्वास्थ्यसम्बन्धी कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

यस नगरपालिकामा रहेका सम्पुर्ण कृषकहरुको वालिनाली तथा पशुधनलाई सुरक्षित वनाई आफ्नो पेशाप्रती सदैव उत्प्रेरित गराई उत्पादनमा बृद्धि गर्न कृषि तथा पशु विमाको व्यवस्थाका लागि आवश्यक बजेटको विनियोजन गरेको छु।

कृषि तथा पशु सम्बन्धी सम्पुर्ण कार्यक्रम संचालन गर्ने गरी आगामी आर्थिक वर्षको लागि रु ३ करोड ३३ लाख बजेट विनियोजन गरेको छु।

पर्यटन : मेलम्ची खानेपानी आयोजनाले पार्नसक्ने पर्यटकीय, पर्यावरणीय र वातावरणीय प्रतिकुलतालाई न्यूनिकरण गर्न मेलम्ची स्वप्न सरोवरको म्एच् निर्माण कार्य अगाडि बढाउन आवश्यक बजेट विनियोजन गरेको छु।

मेलम्ची नगर क्षेत्रका धुसेनी, धौले, गुफा चाँखु, हैवुङ, भोटेचौर, ककनी, थाना भञ्ज्याङगढी, मेलम्ची सिटी पार्क लगायतका पर्यटकीय क्षेत्रहरुको विकास र विस्तार गर्दै लगिनेछ। साथै यस नगरको पर्यटक ट्रेकिङ रुटको पहिचान गरी आन्तरिक तथा बाह्य पयर्टनको प्रवद्र्धन गर्न आवश्यक बजेटको विनियोजन गरेकोछु।

एक वडा एक पर्यटकिय गन्तव्य अवधारणा अनुरुप सबै वडामा आवश्यक रुपमा पर्यटकिय पुर्वाधार विकास गरिनेछ। निजी क्षेत्रको समेत सहभागितामा नगरपाकिलाका सवै वडाका बहुआयामिक सम्भावना बोकेको पर्यटकीय स्थललाई विकास र प्रवर्द्धन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

उद्योग वाणिज्य : घरेलु तथा साना उद्योग व्यवसायहरुलाई प्रवद्र्धन गर्दै लघु उद्यम कार्यक्रम मार्फत नगरपालिकामा उत्पादन हुने वस्तुहरुको औधोगिकरण गरी व्यापार वढाउन आवश्यक बजेट विनियोजन गरेको छु। कोभिड १९ का कारण हाल नगरपालिकामा संचालनमा रहेका व्यवसाय तथा उद्योगहरुलाई स्वास्थ्य सुरक्षा कायम गरी संचालन गरिनेछ। मध्यपहाडी लोकमार्गमा पर्ने बाहुनेपाटी बजारलाई व्यापारिक सहरको विकास गर्न आवश्यक पर्ने सहरी पुर्वाधार विकासको लागि वजेटको व्यवस्था गरेको छु। मेलम्ची नगरपालिकामा रहेका मुख्य सहरहरुलई सहरी मापदण्ड अनुरुप हुने गरी व्यवस्थित रुपमा सहरीकरण गर्दै नगरपालिकाको वाणिज्यको केन्द्र विन्दु बनाउन आवश्यक बजेटको विनियोजन गरेको छु।

मानिसको जीवनपद्धति र समृद्धिको आधारको रुपमा रहेको वन क्षेत्रको सम्वद्र्धन मार्फत वातावरणिय सन्तुलन कायम गर्दै वनको वहुउपयोग गरी आयआर्जन एवं रोजगारी प्रवद्र्धन गरिनेछ। समृद्धिको लागि वन कार्यक्रम संचालन गरी वन पैदावहारमा काष्ठ उद्योग, गैरकाष्ठ र जडीबुटीमा आधारित उद्योगको विकास गरिनेछ। कला, साहित्य, भाषा र संस्कृतिलाई नगरको सम्पत्तिको रुपमा जगेर्ना गर्दै विविधतामा एकता कायम गर्न संग्राहलय, पार्क निर्माण गरी ऐतिहाँसिक, पुरातात्विक र सांस्कृतिक क्षेत्रको निर्माण, पुनःनिर्माण र सवलिकरणको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

युवा जनसंख्या अधिकतम रहेको अवसरलाई सदुपयोग गर्दै युवालाई आर्थिक विकासको संवाहकको रुपमा परिचालन गरी दिगो आर्थिक विकास हासिल गदै सामाजिक रुपान्तरणको प्रक्रियामा नेतृत्वदायी भूमिकामा युवालाई परिचालनको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

महिला, वालवालिका तथा जेष्ठ नागरिक : महिला विरुद्ध हुने सबै प्रकारका हिंसालाई न्यूनिकरण गर्दै विभेदरहित नगरको स्थापना गर्न सरकार, निजी क्षेत्र तथा गैरसरकारी क्षेत्रको माध्यमबाट सामाजिक जागरण अभियान संचालन गरिनेछ। लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई नगरपालिकाको बजेटमा आन्तरिकिकरण गर्ने व्यवस्था मिलाएको छु। बालबालिकालाई खेलकुद, मनोरन्जन, शारीरिक विकास र मानसिक विकासको लागि वाल उद्यान, पुस्तकालय निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

अपाङ्गता भएका व्यक्तिहरुलाई परिचयपत्र वितरण गर्ने कार्य सरल र सहज बनाइनेछ र कार्यालय सम्म आउन नसक्ने व्यक्तिको हकमा घर घरमै गई परिचयपत्र वितरण कार्य गरिनेछ। अव बन्ने वा निर्माणधिन रहेका पुर्वाधार अपाङ्गमैत्री वनाई सार्वजनिक सेवामा पहुँच अभिबृद्धि गरिनेछ। गम्भिर किसिमका अपाङ्गता भएका व्यक्तिहरुलाई विशेष व्यवस्था

मिलाईनेछ । अपाङ्गता भएका व्यक्तिहरुको लागि शिक्षा, स्वास्थ्य, मनोरन्जन, रोजगारी तथा आय आर्जनका कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

महिला, बालबालिका तथा जेष्ठ नागरिक लगायत लक्षित वर्गको लागि रु १ करोड ४३ लाख रुपयाँ विनियोजन गरेको छु

सहकारी : सहकारी संस्थाको नियमन, प्रवद्र्धन तथा प्रशिक्षणको अधिकार स्थानीय तहलाई आएको वर्तमान अवस्थामा आगामी आर्थिक वर्षमा सम्पुर्ण सहकारीका सघन अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई पहिलो प्राथामिकता दिईनेछ । समान प्रकृति र कार्यक्षेत्र भएका सहकारी संस्थालाई अनुदानमार्फत एकीकरणको लागि प्रोत्साहन गर्ने नीतिमार्फत सहकारी एकिकरण प्रक्रियालाई अभियानको रुपमा संचालन गरिनेछ । नयाँ सहकारी दर्ता प्रक्रियालाई निरुत्साहित गरी भएका सहकारीहरुको प्रवद्र्धनमा जोड दिने व्यवस्था मिलाएको छु ।

कोभिड १९ को कारणले रोकिएको सहकारी प्रशिक्षणको कार्यक्रम अवस्था सामान्य भएपछि क्रमश संचालन गर्दै लगिनेछ । संस्थागत संरचना तथा अस्तित्वमा नरहेका सम्पुर्ण सहकारीहरुलाई अभिलेखिकरण गरी कानून बमोजिम कारवाही गर्ने प्रक्रियामा लगिनेछ ।

गैर सरकारी संघ संस्था : नगरपालिकाभित्र गैरसरकारी संस्थामार्फत संचालन हुने योजना तथा कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउन अनुगमन तथा मुल्याङ्कन प्रणलिलाई व्यवस्थित गराई सबै क्षेत्रको सहभागिता हुने गरी अनुगमन तथा मूल्याङ्कन गर्ने संरचना तयार गरिनेछ । संघसंस्थाहरुको काम कारवाहीको विषयमा त्रैमासिक रुपमा मूल्याङ्कन तथा समिक्षा गर्ने व्यवस्था मिलाईनेछ ।

नगरपालिका र गैरसरकारी संस्थाविच आपसमा समन्वय, सहकार्य गरी काम कारवाहीमा दोहोरोपना हुन नदिई कार्यक्रमलाई व्यवस्थित वनाउन NGO DESK स्थापना तथा संचालन गरी संघ संस्थाबाट संचालन हुने योजना तथा कार्यक्रमहरु नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गराईनेछ । नगरपालिकामा भएका गैरसरकारी संस्थाहरुको प्रोफाईल वनाईनेछ ।

भौतिक पुर्वाधार : कोभिड १९ का कारण सम्पन्न हुन नसकी संचालनमा रहेका भौतिक पुर्वाधारहरुको निर्माणलाई आगामी वर्षमा समेत निरन्तरता दिने व्यवस्था मिलाएको छु । दिर्घकालिन रुपमा प्रभाव पार्ने किसिमका पुर्वाधारहरुको निर्माण कार्य क्रमश अगाडि वढाईदै लगिनेछ । नगरपालिका कार्याकालय तथा वडा कार्यलय जोड्ने वाटोको स्तरोन्नति गरी वाहै महिना संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेकोछु ।

मेलम्ची नगरपालिकामा आन्तरिक पर्यटनलाई प्रवद्र्धन गर्दै सुन्दर सहर वनाउनको लागि निर्माणाधिन महत्वपुर्ण आयोजना मेलम्ची सिटी पार्क तथा नगरपालिकाको पार्किङ व्यवस्थित गरी सफा सहरको निर्माण गर्न मेलम्ची वसपार्क निर्माण कार्यलाई आगामी आर्थिक वर्षमा पुर्णता प्रदान गर्ने उदेश्यले आवश्यक रकम विनियोजन गरेको छु ।

नगरपालिकाका वडा कार्यालयहरु, नगरकार्यपालिकाको कार्यालय तथा राजधानी काठमाडौंसम्म जाने सडक पुर्वाधारलाई दिगो, भरपर्दो र व्यवस्थित गराउन प्रदेश तथा संघीय सरकारसंग आवश्यक पहल गरिनेछ । नगरपालिकाभित्र संचालित सम्पुर्ण भौतिक पुर्वाधारका संरचनाहरुको गुणस्तरलाई सुनिश्चित गर्न आवश्यक पर्ने इन्जिनियरिङ प्रयोगशाला निर्माणको लागि रु २० लाख बजेट विनियोजन गरेको छु ।

मेलम्ची नगरपालिकालाई पर्यटकीय हवको रुपमा विकास गर्न मेलम्ची स्वप्न सरोवर निर्माणको संभाव्यता अध्ययन भई विस्तृत परियोजना प्रतिवेदन निर्माण गर्नको लागि आवश्यक बजेटको विनियोजन गरेको छु ।

नगरपालिका अन्तर्गत विभिन्न स्थानबाट नगर चक्रपथको ट्रयाक जोडी त्येसलाई स्तरोन्नती गर्ने कार्यलाई अगाडी वढाउन आवश्यक बजेट विनियोजन गरेको छु । मेलम्ची नगरपालिकाको शहरी इलाकामा बढेको बसाइसराइको कारणबाट सिर्जित चुनौतिलाई सामना गर्न नगर सहरी विकास रणनीति र एकिकृत सहरी पुर्वाधार विकास गुरुयोजना

तर्जुमा गरी आधारभूत पुर्वाधार सहितको सुरक्षित र दिगो शहर निर्माण कार्य अगाडी वढाइनेछ । यस आर्थिक वर्ष २०७६।०७७ मा निर्माण सम्पन्न हुन बाँकी क्रमागत तथा बहुवर्षिय योजनाका लागि रु १० करोड तथा सडक निर्माण तथा स्तरोन्नतिको लागि रु ८ करोड ८५ लाख बजेट विनियोजन गरेको छु ।

खानेपानी तथा सरसफाई :

एक घर एक धारा कार्यक्रम लागु गरी प्रत्येक नगरबासिको घरघरमा शुद्ध र सफा पिउने पानीको व्यवस्था गरी आधारभूत स्तरको खानेपानीको पहुँचमा सबै नगरवासीलाई पुर्याउन रु १ करोड ३५ लाख बजेट विनियोजन गरेको छु । नगरपालिकालाई पुर्ण सरसफाईयुक्त बनाई हरित नगरको रुपमा विकास गरिनेछ । नगरपालिकाबाट निस्कासन हुने फोहोरमैलालई पुनः प्रयोग हुने र नष्ट गर्नुपर्ने छुट्याई व्यवस्थित रुपमा फोहोरमैलाको उचित व्यवस्थापन गरिनेछ । यसको लागि मेलम्ची नगरपालिका वडा नं ११ स्थित फोहरमैला व्यवस्थापन केन्द्र निर्माण कार्य सम्पन्न गर्न आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

भुकम्पपछिका पुनः निर्माणका क्रममा रहेका विद्यालयहरु, स्वास्थ्यसंस्थाहरु, मन्दिर, गुम्बा, पाटी, पौवा तथा निजी आवास राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणसंग समन्वय गरी आगामी आर्थिक वर्षमा पुर्ननिर्माणको कार्य सम्पन्न गरिनेछ । मेलम्ची नगर कार्यपालिकाको कार्यालय वा अन्र्तगतका कार्यालयहरुलाई क्रमश सूचना प्रविधिमैत्री बनाउदै लगिनेछ । नगरपालिकाको सार्वजनिक सूचनामा आम नगरवासीको पहुँच अभिवृद्धि गर्नका लागि वढी भन्दा वढी सूचना र समाचारहरु प्रकाशन तथा प्रसारण गरिनेछ ।राज्यको चौथो अंगको रुपमा रहेको सञ्चार जगतलाई साझेदारी अवधारणा अनुरुप सहयोग गर्ने व्यवस्था गरेको छु । पत्रकारीता क्षेत्रको प्रवद्र्धन एवम् विकासको लागि संचार संग सम्बद्ध निकायहरुसंग समन्वय गरी कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु । स्थानीयस्तरबाटै न्यायिक समिति मार्फत प्रवाह गरिने न्यायिक सेवालाइ सरल, सहज र पहुँचयोग्य तथा नतिजामुखी बनाइनेछ । इजालस निर्माण तथा वडास्तरीय मेलमिलाप केन्द्रलाई क्रमिक रुपमा व्यवस्थित गर्दै लगिनेछ । न्यायिक काम कारवाहीलाई सहज रुपमा संचालन गर्न सक्ने गरी प्रशिक्षणका कार्यक्रम संचालन गर्न तथा अन्य कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

विपद व्यवस्थापन : विपद जोखिम न्यूनिकरण गर्न आवश्यक पुर्वतयारी तथा क्षती न्यूनिकरण गर्ने विपदको पुर्व तयारी, खोज, उद्धार, राहत र पुनस्थापना कार्य गर्न नगरपालिका, निजी क्षेत्र, गैरसरकारी संस्थाहरु तथा प्रदेश र संघीय सरकारसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाईनेछ । यसको लागि विपद जोखिम न्यूनिकरण तथा उत्थानशिलता र क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ । समग्र विपद व्यवस्थपन कोषमा रहने गरी रु २ करोड बजेट विनियोजन गरेको छु ।

सुशासन, संस्थागत विकास र सार्वजनिक सेवा प्रवाह : स्वास्थ्य जोखिमको विद्यमान अवस्थामा आफ्नो कार्यक्षेत्रमा अहोरात्र खटिई जिम्मेवारी पुरा गर्ने सबै कर्मचारीहरुको योगदानको उच्च मुल्याङ्कन गर्दै कोरोनाको जोखिममा अग्रपंक्तिमा रही काम गर्ने कर्मचारीलाई प्रोत्साहनको व्यवस्था गरेको छु । मेलम्ची नगर कार्यपालिकाको कार्यालय वा अन्र्तगत सबै निकायमा सदाचार संस्कृतिको विकास गरिनेछ । नेपाल सरकारले लागु गरेको म भ्रष्टाचार गर्दिनँ, म भ्रष्टाचार हुन दिन्नँ, म देश र जनताको लागि इमान्दार भएर काम गर्नेछु भन्ने प्रतिज्ञासहित सुशासन काय गर्ने कार्य संस्कृतिको प्रवद्र्धन गरिनेछ । भ्रष्टाचार रोकथाम र नियन्त्रणको कार्यलाई थप प्रभावकारी बनाउन कार्यालयहरुको संस्थागत क्षमतामा अभिवृद्धि गरिनेछ । शासकिय प्रबन्धमा कानूनी राज्यको अवधारणालई पूर्ण परिपालना गरिनेछ । जनताको सवालका विषयमा वडास्तरमै गई सवाल जवाफ गर्न टोलटोलमा मेयर ताथ सार्वजनिक सुनुवाई कार्यक्रमलाई निरन्तरता दिईनेछ । यसको लागि रु ७ लाख बजेट विनियोजन गरेको छु ।मेलम्ची नगरपालिकाको नियमित, आकस्मिक

तथा विकासात्मक काम कारवाहीलई व्यवस्थित रुपले संचालन गर्न प्रर्याप्त रुपमा सही तथ्याङ्क आवश्यक पर्ने भएकोले नगरपालिकाको बहुआयामिक विषयलाई समेट्ने खालको विशिष्ट प्रकृतिको भ्(एचयाष्भि तयार गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु । मानव अधिकार तथा मौलिक अधिकारको संरक्षण र सम्वद्र्धनको पुर्ण रुपमा पत्याभूत गराई मर्यादित र स्व अनुशासित नगर निर्माणमा जोड दिईनेछ ।

आदरणीय सभा अध्यक्षज्यू,

अब सार्वजनिक वित्त व्यवस्थापन र बजेट कार्यान्वयन सम्बन्धी कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न अनुमति चाहन्छु ।

सार्वजनिक खर्चमा मितव्यायिता : कोभिड १९ को कारण राजश्व संकलन तथा वित्तिय हस्तान्तरणमा आउने संकुचन र सार्वजनिक खर्चमा पर्ने थप चापलाई व्यवस्थापन गर्न आगामी आर्थिक वर्षमा प्रशासनिक खर्चमा मितव्ययिता अपनाएको छु । कार्यालय संचालन, इन्धन, मर्मत, भ्रमण, गोष्ठि, सेमिनार, सहायता, भैपरी खर्च, फर्निचर आदिमा उल्लेख्य बजेट कटौती गरेको छु । मेलम्ची नगरपालिका, नगर कार्यपालिकाको बैडक तथा वडा समितिको बैठक महिनामा जतिपठक बसे पनि कार्यपालिकाको बैठक बापत १ र वडा समितिको बैठक बापत २ वटा मात्र भत्ता उपलब्ध गराउने व्यवस्था मिलाएको छु । कर्मचारीलाई प्रदान गरिदै आएको प्रात्साहन भत्तामा उल्लेख्य कटौती गरी सार्वजनिक खर्चमा मितव्ययिता कायम गरेको छु ।

सार्वजनिक वित्त व्यवस्थापन : विकासका आयोजना छनौट, खर्च र आन्तरिक नियन्त्रणका मापदण्ड वनाई परिचालन गरिनेछ । आयोजना व्यवस्थापन र निर्माण व्यवसायीलाई समयमै आयोजना सम्पन्न गर्न थप जिम्मेवार बनाईनेछ ।

सार्वजनिक विकास निर्माण तथा सेवा प्रवाहको कार्यक्रमलाई नतिजामुखी बनाई प्राप्त उपलब्धी पुर्णरुपमा नगरवासी समक्ष पुग्ने अवस्था सिर्जना गर्न अनुगमन प्रणलीलाई सुचकमा आधारित बनाई तेस्रो पक्ष अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई क्रमश स्थापित गर्दै लगिनेछ ।

आदरणीय सभा अध्यक्षज्यू,

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनको लागि बजेट विनियोजन र श्रोत व्यवस्थापन अनुमान प्रस्तुत गर्न अनुमति चाहान्छु । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु १ अर्ब २१ करोड ३७ लाख ८४ हजार ८ सय साठ्ठी रुपैया मात्र विनियोजन गरेको छु । कुल विनियोजनमध्ये करीव १९ प्रतिशत आन्तरिक श्रोत, संघीय सरकारबाट प्राप्त श्रोत ७१ प्रतिशत र प्रदेश सरकारबाट प्राप्त श्रोत १० प्रतिशत अनुमान गरेको छु । आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्य आन्तरिक राजश्व तर्फ रु २३ करोड २७ लाख ६१ हजार, गत वर्षको मौज्दात आय रु ६ करोड २० लाख गरी रु २९ करोड ४७ लाख ६१ हजार व्यहोर्दा रु ९१ करोड ९० लाख २३ हजार ८ सय ६० न्यून हुनेछ । सो न्यून पुर्ति गर्न संघीय सरकारबाट प्राप्त सशर्त अनुदान रु ३३ करोड ९० लाख, वित्तीय समानिकरण अनुदान रु १९ करोड ४५ लाख, विशेष अनुदान रु १ करोड ६० लाख, राजश्व बाँडफाँड रु १० करोड ७ लाख २८ हजार ८ सय ६०, सामाजिक सुरक्षा भत्ता अनुदान रु १५ करोड, नेपाल सरकार प्रदेश तथा स्थानीय तह क्षमता विकास अनुदान रु ३ लाख ५ हजार गरी ८० करोड ५ लाख ३३ हजार ८ सय ६० संघीय सरकारबाट पुर्ति गरिने अनुमान गरेको छु ।

प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान रु. २ करोड ७९ लाख ५ हजार, वित्तीय समानीकरण अनुदान रु १ करोड ५ लाख ४७ हजार, विशेष अनुदान रु ३५ लाख राजश्व वाँडफाड रु. ४ करोड ३५ लाख ६७ हजार, समपुरक अनुदान रु. २ करोड ९९ लाख ७१ हजार गरी ११ करोड ५४ लाख ९० हजार तथा लागत सहभागितामा रु ३० लाख पूर्ति गरिने अनुमान गरेको छु ।

आगामी आर्थिक वर्षको लागि कूल विनियोजित रकममध्ये चालु खर्च रु ७१ करोड ४२ लाख ८५ हजार (५८.८५ प्रतिशत) तथा पुँजिगत तर्फ रु ४९ करोड ९४ लाख ९९ हजार ८ सय ६० (४१.१५ प्रतिशत) खर्च हुने अनुमान पेश गरेको छु।

आदरणीय सभा अध्यक्षज्यू,

अब म आगामी आर्थिक वर्ष २०७७।०७८ को राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु। करयोग्य आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याउँदै प्रगतिशिल, समन्यायीक, पारदर्शी र व्यवसायमैत्री राजश्व प्रणाली अवलम्वन गरिनेछ। स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय तहलाई प्रदान गरेको राजश्वको प्राप्तीको अधिकारलाई कार्यान्वयन गर्न आवश्यक पर्ने थप ऐन, कानून, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड स्वीकृत गरी लागु गरिनेछ। दक्ष, व्यवसायिक र स्वच्छ कर प्रशासनको विकास, प्रक्रियागत सरलिकरण, सूचना प्रविधिको प्रयोग, कर कानूनको परिचालनमार्फत कर सहभागितामा वृद्धि गर्ने व्यवस्था मिलाईनेछ। लघु, घरेलु तथा साना उद्योग, कृषि, पशुपन्छी, साना व्यवसाय, महिला उद्यमसिलतालई प्रवद्र्धन गर्ने लगायतका क्षेत्रमा लाग्ने कर न्यून गरेको छु। नोबेल कोरोना भाइरसको कारणले भएको बन्दाबन्दीको अवस्थाबाट सृजित परिस्थितिमा नगरबासिलाई करको दरमा सहुलियत वा छुट दिने व्यवस्थाको लागि आगामि आर्थिक बर्षको सम्पत्ति तथा मोलपोत करमा १० प्रतिशत र व्यवसाय करमा २५ प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु।

आदरणीय सभा अध्यक्षज्यू,

आर्थिक वर्ष २०७५।०७६ को यथार्थ खर्च, आर्थिक वर्ष २०७६/७७ को संसोधित अनुमान, आर्थिक वर्ष २०७७/७८ को अनुमानीत आय–व्यायको विवरण अनुसूचिमा उल्लेख गरेको छु। विषयगत शाखा र अन्तर्गतका कार्यालयको चालु आर्थिक वर्षको प्रगति विवरण आजै प्रस्तुत भैसकेको छ।

मैले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०७७/७८ को बजेट कार्यान्वयनबाट संक्रामक लगायत सबै प्रकारका रोगबाट नगरवासीको जीवन रक्षा गर्न स्वास्थ्य प्रणाली सुढृड र सवल हुने, गुणस्तरीय र जीवनउपयोगी शिक्षाको पहुँच अभिवृद्धि हुने, श्रम शक्तिलाई काम तथा रोजगार सिर्जना हुने र सबै नागरीकले नगरपालिबाट क्रमश सामाजिक सुरक्षा एवं संरक्षण प्राप्त गर्ने व्यवस्थाबाट समुन्नत, सभ्य, सुसस्कृत र न्यायपुर्ण समाज निर्माणमा महत्वपुर्ण योगदान पुग्ने अपेक्षा गरेको छु। आगामी आर्थिक वर्ष तत्काल प्रतिफल दिने र एक वर्षभित्र सम्पन्न हुने योजना एवं निर्माणाधिन अधुरा आयोजना निर्माणमा तिव्रता आउने, रणनैतिक महत्वका आर्थिक समाजिक र भौतिक पुर्वाधार आयोजनाको निर्माण कार्य अघि वढ्ने तथा भुकम्प पछिको पुननिर्माण सम्पन्न हुने र सेवा क्षेत्र विस्तारित हुने अपेक्षा लिएको छु, कोभिड-१९ को प्रभाव तत्काल एकिन गर्न कठिन रहेपनि परिस्थिति सामान्य हुनासाथ अर्थतन्त्र पुन गतिशिल हुनसक्ने आत्माविश्वासका आधारमा आगामी आर्थिक वर्ष पछिल्लो तीन आर्थिक वर्षको औषतको हाराहारीमा नगर विकास कार्यक्रम चलयमान रहने अनुमान गरेको छु।

विगत तीन वर्षको अवधिमा खडा गरिएको आर्थिक तथा सामाजिक विकासको जगमा टेकेर आगामी आर्थिक वर्षको बजेटले समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षालाई आन्तरिकिकरण गरी यस नगरपालिकाको हालको मुख्य प्राथमिकता कोभिड-१९ को प्रभाव न्यूनिकरण एवं व्यवस्थापन तथा नगरपालिको दिगो सोच कृषि, पर्यटन, उद्योग र जलाधारको विकास मार्फत समृद्धि हासिल गर्न नयाँ उत्साहका साथ थप योगदान पुर्याउने अपेक्षा गरेको छु। कोरोनाको संक्रमणले सिर्जना गरेको यस संकटको घडीमा सम्पूर्ण नगरबासी एकजुट भई सुखद भविष्य निर्माणको लागि उत्साहका साथ अघि बढ्न यस बजेटले उत्प्रेरित गर्ने विश्वास लिएको छु।

सबै जनप्रतिनिधि, राजनीतिक दल, निजी क्षेत्र, सामाजिक संघ संस्था, नागरीक समाज लाई यो उद्देश्य प्राप्ती तर्फ सहकार्यको लागि आह्वान गर्दछु । प्रस्तुत बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नुहुने नगर प्रमुखज्यू, जनप्रनिनिधि, कर्मचारी, राजनीतिक दल, नागरिक समाज, गैरसरकारी संस्था, अर्थविद, सहकारी क्षेत्र तथा संचार जगत लगायत सम्पुण नगरवासीहरुलाई हार्दिक आभार प्रकट गर्दछु । बजेटको सिद्धान्त तथा प्राथामिकतामा छलफल गरी रचनात्मक सुझाव प्रदान गर्नुहुने सभाका सम्पुर्ण सदस्यहरुमा आभार व्यक्त गर्दछु । यस नगरपालिकाको आर्थिक सामाजिक रुपान्तरण गर्न, सेवा प्रवाह, नागरिक अधिकार रक्षा र शान्ति सुव्यवस्था कायम गर्न सधै सहयोग गर्ने संघीय सरकार र प्रदेश सरकारलाई धन्यवाद ज्ञापन गर्दछु । नगरपालिकाको आर्थिक सामाजिक विकासमा निरन्तर सहयोग पुर्याउने सबै करदाता र कठिन अवस्थामा समेत नगरपालिकालाई निरन्तर सहयोग गर्ने विकास साझेदारहरुलई हार्दिक धन्यवाद दिन चाहान्छु । बजेट कार्यन्वयनमा सबैको पुर्ण साथ र सहयोग रहने अपेक्षा समेत गर्दछु । अन्त्यमा, नगरभित्र र मुलुक भित्र तथा नेपाल बाहिर रहनु भएका सबै नगरवासी दाजुभाई तथा दिदीवहिनीहरुलाई कोभिड-१९ को जोखिमबाट सुरक्षित रहदै सवल, समृद्ध र न्यायपुर्ण नगर निर्माणमा योगदान गर्न आह्वान गर्दछु ।

धन्यवाद ।

मेलम्ची नगरपालिका

नगर सभाको सातौँ अधिवेशनका निर्णयहरु

मिति: २०७७ आषाढ ०९

१. संलग्न अनुसूची बमोजिमको गत आ.ब. २०७५/७६ को यथार्थ, चालु आ.ब. २०७६/७७ को संशोधित र आगामी आ.ब. २०७७/७८ को अनुमानित **आय व्यय** विवरण स्वीकृत गर्ने।

२. संलग्न अनसूची बमोजिम यस नगरपालिका क्षेत्र भित्र लागु हुने कर तथा गैर करका दरहरु सहितको **आर्थिक विधेयक, २०७७** स्वीकृत गर्ने।

३. संलग्न अनसूची बमोजिम मेलम्ची नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को यथार्थ खर्च, आर्थिक वर्ष २०७६/०७७ को संशोधित अनुमानित खर्च र आ.व. २०७७/०७८ को प्रस्तावित अनुमानित खर्चको वार्षिक आय व्यय अनुमान समेटिएको **विनियोजन विधेयक,२०७७** तथा वार्षिक नगर विकास नीति, बजेट तथा कार्यक्रम समेटिएको वार्षिक नगर विकास योजना स्वीकृत गर्ने।

४. संलग्न अनुसूची बमोजिमको मेलम्ची नगरपालिकाको नगर शिक्षा ऐन, दोश्रो संशोधन विधेयक, २०७७ स्वीकृत गर्ने।

५. स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा ७८ बमोजिम नगर कार्यपालिकाको कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यन्वयनमा ल्याउन तथा सार्वजनिक स्रोतको मितव्ययी, प्रभावकारी र दक्षतापुर्ण उपयोगको लागि आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी कार्यन्वयन गर्नुपर्ने हुँदा नगर कार्यपालिकाले **आन्तरिक नियन्त्रण कार्यविधि** बनाई लागु गर्ने व्यवस्था मिलाउने।

६. नगरपालिकाको राजश्व संभाव्यता अध्ययन गरी तयार भएको राजश्व सुधार कार्ययोजना स्वीकृत गर्ने। साथै आ.ब. २०७७/७८ लाई **कर संकलन अभियान बर्ष**को रुपमा कार्यक्रम, कार्ययोजना र तालिका बनाई कार्यान्वयन गर्न नगर कार्यपालिकालाई निर्देशन दिने। विनासकारी भूकम्पले तहसनहस पारेको वर्ष २०७२ श्रावण भन्दा पछाडिको सम्पत्ति कर र मालपोत बुझाउने नगरवासीहरुको सो भन्दा अगाडिको सम्पत्ति कर र मालपोत/भूमि **कर छुट दिने**।

७. यस नगरपालिकामा चालु आ.व. २०७६/७७ आषाढ मसान्तसम्म कार्यरत स्थायी र अस्थायी कर्मचारीहरुको वार्षिक तलवी प्रतिवेदन पारित गर्ने।

८. महालेखा परिक्षकको कार्यालयबाट सम्पन्न आ.ब. २०७५/७६ को यस नगरपालिकाको आय ब्ययको अन्तिम लेखा परिक्षण प्रतिबेदनमा औल्याएका बेरुजुहरु लेखा समितिको सुझाब अनुसार सम्परीक्षण तथा फछर्यौटका बाँकी प्रक्रियाहरु अगाडि बढाउन नगर कार्यपालिकालाई निर्देशन दिने।

९. नगर सभाले निर्णय गर्ने भनी प्रचलित कानूनमा किटान भएका विषय बाहेक नीति कार्यक्रम, योजना, बजेट मापदण्ड, बजेट संशोधन (थपघट) र अत्यावश्यक बाधा अड्काउ फुकाउ सम्वन्धी कामको लागि तत्काल नगर सभाको बैठक बस्न नसक्ने भएमा त्यस्ता निर्णयहरु गर्न सक्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने।

१०. नगरपालिकाले आफ्नो कोषबाट मात्र कार्यान्वयन गर्न सम्भब नभएका संलग्न अनुसूची बमोजिमका योजनाहरु कार्यान्वयनको लागि प्रदेश सरकार, संघीय सरकार र सरकारी वा गैरसरकारी संस्थाहरुसंग संयुक्त रुपमा वा संघ/प्रदेशले एकल रुपमा कार्यान्वयन गर्न बजेट उपलव्धताको लागि सम्वन्धित निकायमा सिफारिस गर्ने।

११. नगरपालिका, वडा र मातहतका कार्यालयहरुबाट भए गरेका कार्यको प्रगति विवरण समेटी अर्धबार्षिक/बार्षिक प्रतिवेदन प्रकाशित गर्ने।

१२. नगरपालिका क्षेत्रभित्रका तपशिलका योजनाहरु बहुवर्षीय (क्रमागत) योजनाको रुपमा बजेट उपलब्धता अनुसार क्रमशः कार्यान्वयन गर्दे जाने।

१. मेलम्ची सिटी पार्क – वडा नं. १०
२. मेलम्ची स्वप्न सरोवर
३. नगरपालिका भवन परिसर तथा कम्पाउण्ड निर्माण
४. फोहरमैला व्यवस्थापन केन्द्र निर्माण– वडा नं. ११
५. मेलम्ची बस पार्क निर्माण– वडा नं. ११
६. नगर चक्रपथ निर्माण/स्तरोन्नती
७. वडा नं. १, २ र ५ को कार्यालय भवन निर्माण

१३. नगरपालिका कार्यालयमा बिभिन्न समयमा सेवा करारमा तथा ज्यालादारीमा सम्झौता गरी कामकाज लगाएतका कर्मचारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक खर्च अनुमोदन गर्ने।

१४. यस नगरपालिकामा अस्पताल निर्माण गर्नको लागि जग्गा खरिद गरी सकिएको हुँदा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी भवन निर्माण गर्नको लागि आवश्यक पूर्वाधार र बजेट व्यवस्थापन गर्न बागमती प्रदेश सामाजिक विकास मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने। साथै अस्पताल सेवा संचालन प्रक्रिया र क्षमता विकासको लागि सहयोग गर्न सम्वन्धित स्वास्थ्य संस्थासंग समन्वय र सहयोगको पहल गरी आगामी आर्थिक वर्षभित्र नगर अस्पताल निर्माणको कार्य शुरुवात गर्न नगर कार्यपालिकालाई निर्देशन दिने।

१५. यस नगरपालिका भित्र रहेका सडकहरु, खोला, नदी र मुख्य पूर्वाधारहरुको सूची तयार गरी तिनीहरुको मापदण्ड र अवस्थाबारे कार्यविधी बनाई स्थानीय राजपत्रमा प्रकाशित गर्न कार्यपालिका मार्फत भौतिक पूर्वाधार विकास र विधेयक समितिलाई निर्देशन दिने। साथै नगरपालिकाको नगर यातायात गुरु योजना (MTMP) तयार भएकोमा नगरको आवश्यकता र परिस्थिती अनुसार परिमार्जन गरी नगर कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा लैजाने।

१६. यस मेलम्ची नगरपालिका भित्र रहेको खानेपानी समस्या समाधानको लागि हालसम्म भएका पूर्वाधारहरुको लगत संकलन गरी आगामी दिनमा एक घर एक धारा पुर्याउन गर्नुपर्ने कार्ययोजना र कार्यविधी निर्माण गरी अन्य संघ संस्थाहरु समेतसँगको साझेदारीमा उल्लेखित योजनाहरुको समन्वय र व्यवस्थापन सहित खानेपानीको गुरुयोजना निर्माण गरी थप नयाँ योजना शुरुवात गरी तीन वर्षभित्र खानेपानीको समस्या समाधान गर्ने कार्यक्रम बनाई कार्यान्वयन गर्ने।

१७. यस नगरपालिकाको बस्ती विकास गर्न सम्भाव्यता रहेको वडा नं. १० को सिम्ले बगर र वडा नं. १२ को बाहुनेपाटी क्षेत्रमा (Land Pooling) अवधारणा अनुसार बस्ती विकास योजना तयार गर्न शहरी विकास तथा

भवन निर्माण विभागबाट विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी शुरु भएकोमा यस आर्थिक वर्षमा निर्माण कार्य शुरुवात गर्न आवश्यक कार्ययोजना तयार गर्ने।

१८. यस नगरपालिकाबाट विगत वर्षहरु देखि नै लक्षित वर्ग (महिला, बालबालिका, आदिवासी, जनजाती, दलित, ज्येष्ठ नागरिक, दृष्टि विहिन, अशक्त अपाङ्ग (फरक क्षमता) लगायतका क्षेत्रमा बजेटको महत्वपूर्ण अंश खर्च गर्दै आएकोमा आवश्यकता अनुसार आ.ब. २०७७/७८ मा समेत यस्ता कार्यक्रमलाई प्राथमिकताका साथ नगरपालिकाको तर्फबाट योजना बनाई कार्यान्वयन गर्ने। नगर भित्र रहेका फरक क्षमता भएका व्यक्तिहरु (अशक्त अपाङ्ग) को तथ्याङ्क अद्यावधिक गरी उपयुक्त कार्ययोजना बनाउने।

१९. यस नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुलाई सो बिद्यालयको निर्णयको आधारमा निर्णय गरी सञ्चालन/विकास अनुदान दिने, साथै सार्वजनिक विद्यालयहरु आपसमा सहकार्य गर्न आवश्यक पर्ने प्रक्रिया परिमार्जन गरी संचालन गर्ने कार्यविधी बनाई कार्यान्वयन गर्न नगर कार्यपालिकालाई अधिकार दिने।

२०. यस नगरपालिका भित्रका विद्यालयहरुको शिक्षालाई व्यवसायिक, जीवनोपयोगी र स्वावलम्वी बनाउन विद्यालयहरु बीच आपसी सहयोग र समन्वयमा सामुहिक योजना निर्माण गरी उपयूक्त कार्ययोजना, कार्यविधी र निर्देशिका निर्माण गरी लागु गर्न कार्यपालिकालाई निर्देशन दिने।

२१. आ.व.०७७।७८ मा बजेट विनियोजित योजना कार्यान्वयन गर्दा कुनै एक महत्वपूर्ण योजनामा बढिमा २०% सम्म थप गर्दा कार्य सम्पन्न हुने र अर्को वर्ष बजेट आवश्यक नपर्ने अवस्था भएमा वडा समितिबाट निर्णय गराई शुरुमा लागत अनुमान गर्दा नै एकै पटक गरेर सम्झौता गरी कार्यान्वयन गर्ने व्यवस्था गर्ने।

२२. २०७२ सालको भुकम्पबाट पूर्ण क्षति भएका भूकम्प पिडित लाभग्राही छनौट र निर्णय गर्न केहि कार्य अझै बाँकी रहेको देखिन आएको हुँदा आ.व. २०७७/७८ मा समेत यस कार्यलाई निरन्तरता दिन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई अनुरोध गर्ने।

२३. मेलम्ची नगरपालिकाभित्र निर्माण गर्न पर्ने/निर्माणधिन देहायका पूर्वाधार योजनालाई महत्वपूर्ण प्राथमिकताको योजनाको रुपमा स्वीकृत गरी प्रदेश सरकार, संघीय सरकार एवं अन्तर्राष्ट्रिय गैर सरकारी दातृ संस्थाको सहयोगमा बजेट व्यवस्थापन गरेर क्रमशः अघि बढाउने।

१. मेलम्ची स्वप्न सरोवर
२. मेलम्ची सिटी पार्क

२४. यस नगरपालिकाको कार्यबोझ, कार्य प्रकृति र आवश्यकताको आधारमा आवश्यक संगठन संरचना र दरबन्दी सम्बन्धी विस्तृत रुपमा संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) गरी प्राप्त प्रतिवेदनको आधारमा संलग्न अनुसूचि बमोजिमको संगठन संरचना र दरबन्दी स्वीकृत गरी कार्यान्वयन गर्ने।

२५. यस नगरपालिकालाई बालमैत्री नगरपालिकाको रुपमा विकास गरी बालमैत्री नगर घोषणा गर्न कार्यकम बनाई कार्यान्वयन गर्ने।

२६. नगरपालिका कार्यालयको जिन्सी निरीक्षण गराई प्रतिवेदन प्राप्त गरी सो प्रतिवेदनलाई प्रचलित कानुन बमोजिम लिलाम, बिक्री तथा मिनाहा गर्ने अधिकार कार्यपालिकालाई प्रत्यायोजन गर्ने। साथै, वार्षिक खरिद योजना तयार गरी सस्तो एवं गुणस्तरीय सामाग्री खरिदको योजना बनाउन कार्यपालिकालाई निर्देशन दिने।

२७. यस नगरपालिकाको स्वीकृत बजेट कार्यान्वयन गर्दा कट्टी भएको कन्टेन्जेन्सी रकमबाट विकास योजना तथा कार्यक्रमको अनुगमन, मुल्याङ्कन, दैनिक भ्रमण भत्ता खर्च, सवारी साधन भाडा तथा खरिद, फर्निचर, मेशिनरी औजार खरिद, कार्यालय सामान तथा आवश्यकता अनुसार विविध खर्च समेत गर्न सकिने।

२८. घर जग्गा/नक्सापास सम्बन्धमा बस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ (प्रथम संशोधन सहित) र सो मा भएको पछिल्लो संशोधनमा भएका व्यवस्थालाई आधार मान्दै यस नगरपालिकाबाट तयार गरिने भवन निर्माण मापदण्ड (Building Bylaws) सम्वन्धी कार्यविधी स्वीकृत गरी कार्यान्वयनमा ल्याउन कार्यपालिकालाई अधिकार दिने।

२९. नगर सभावाट स्वीकृत भएको व्यय अनुमानको पुंजिगत खर्चको तपशिलमा उल्लेखित कोषहरुमा राखिएको रकमको परिचालनको लागि आवश्यकतानुसार कोष सञ्चालन कार्यविधी बनाई निर्णय गरी कार्यान्वयन गर्न कार्यपालिकालाई निर्देशन दिने।

क) विपद व्यवस्थापन कोष
ख) मर्मत संभार कोष
ग) कर्मचारी कल्याण कोष
घ) कृषि विकास कोष
ङ) पर्यटन विकास कोष
च) नगर शिक्षा कोष
छ) वातावरण तथा फोहोरमैला व्यवस्थापन कोष

३०. नगर सभाले आर्थिक वर्ष २०७६/०७७ का लागि स्वीकृत गरेका योजना तथा कार्यक्रम र नगर कार्यपालिकाको बैठकबाट निर्णय भएको संशोधन सहितको योजना तथा कार्यक्रमहरु र नेपाल सरकारबाट आ.व २०७६/७७ का लागि विनियोजित सर्शत तथा थप बजेटको बाँडफाडको आधारमा नगर कार्यपालिका, नगर प्रमुखस्तर, उप प्रमुखस्तर, प्रमुख प्रशासकीय अधिकृतस्तर तथा नगर कार्यपालिकाको कार्यालयबाट भएको निर्णय, योजना तथा कार्यक्रमको कार्यन्वयनको बिषय तथा सो बमोजिम भएको सम्पूर्ण खर्चलाई समर्थन तथा अनुमोदन गर्ने। साथै वार्षिक प्रगति विवरण तयार गरी सम्वन्धित निकायमा पठाउने।

३१. नगरपालिकाबाट आर्थिक सहायता, सानातिना अनुदान, चन्दा आदि बापत एक पटकमा बढिमा रु २५,०००।– (अक्षरपी पच्चीस हजार रुपयाँ मात्र) सम्मको रकम दिने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने। उपचार सहयोग, बिज्ञापन सहयोग तथा खेलकुद सहयोग सम्बन्धी सहयोग वितरण कार्यविधी बनाई लागु गर्न नगर कार्यपालिकालाई निर्देशन दिने।

३२. नगरपालिकामा आ.व.०७७/०७८ देखि पूर्वाधार निर्माणको काम उपभोक्ता समितिबाट गराउँदा लागत सहभागिता बापत देहाय बमोजिमको श्रमदान/नगद व्यहोर्नु पर्ने व्यवस्था गर्ने। साथै सडकको ट्रयाक खोल्दा पक्की नाली अनिवार्यरुपमा बनाउने गरी लागत अनुमान गर्ने तथा नयाँ निमार्ण गर्ने सडकमा बायोईन्जिनियरिङ (सडक दायाँ बायाँमा वृक्षारोपण) अनिवार्य रुपमा गर्नु पर्ने। यस कार्यको लागि नगरपालिकाले छुट्टै शीर्षकमा बजेट ब्यवस्था गरि कार्यान्वयनको ब्यवस्था मिलाउने।

क) पिच, ग्रावेल, ढल, मेसिनरी वाल, सवै किसिमको सडक/बाटो तथा अन्य बाँकी निर्माण सवै कार्यमा – १० प्रतिशत

ख) महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्ग, दलित, दृष्टिविहिन, विपन्न वर्गका र शिक्षा तथा स्वास्थ्य कार्यक्रममा – ५ प्रतिशत।

तर, कुनै योजनामा जनसहभागिता उठ्न नसक्ने बिशेष अवस्था भएको, सामाग्री ढुवानी गर्नु पर्ने, गाह्रो ठाउँ भएको, योजना कार्यान्वयन अवस्था जटिल भएको भनी उपभोक्ता समिति र सम्वन्धित वडाबाट सिफारिस भएको अवस्थामा जनसहभागिता कम गर्ने वा छुट गर्ने अधिकार नगर प्रमुखलाई दिने।

३३. यस नगरपालिका भित्र रहेका सहकारीहरु मार्फत नगरमा प्रत्यक्ष रुपमा आर्थिकस्तर वृद्धि गरी कृषि, पशु, लघु उद्योग ब्यवसाय र आर्थिक गतिविधी वृद्धि र रोजगार सृजना हुने कार्यक्रममा लगानी गर्न प्रोत्साहित गर्ने। सहकारीहरु र नगरपालिका मिलेर नमुना बिशेष योजना/कार्यक्रम बनाई कार्यान्वयन गर्न प्रोत्साहन गर्ने नीति बनाई लागु गर्ने। टोल विकास समिति/समूहहरुले रोजगार, उत्पादन र उद्यमशिलताका निश्चित योजना र पूँजी श्रोत सहित निर्णय पेश गरेमा नगरपालिकाले आर्थिक र प्राविधिक सहजिकरणमा सहयोग पुर्याउने।

३४. नगर सभाबाट पारित विषयगत वा क्षेत्रगत बजेटलाई योजना/कार्यक्रम बनाई स्वीकृत गरी कार्यान्वयन तालिका बनाई कार्यान्वयन गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने। साथै पूर्वाधार सम्वन्धी ठुला योजनाहरु अनिवार्य रुपमा सार्वजनिक खरिद ऐन बमोजिमको खरिद प्रकृया अपनाई कार्यान्वयन गरिने।

३५. चालु आ.व. २०७६/७७ मा नगर सभा र नगर कार्यपालिकाबाट निर्णय भई संझौंता भएका पूर्वाधार निर्माणका योजनाहरु कोरोना संक्रमण लगायतका विभिन्न कारणबाट यसै आ.व.मा सम्पन्न गर्न नसकिने अवस्था भएमा आगामी आ.व. २०७७/७८ को पहिलो चौमासिक अवधिको ३ महिना श्रावण, भाद्र र असोजसम्म सम्पन्न गर्ने गरी म्याद थप गरी सो अबधीमा कार्य सम्पन्न गराई भुक्तानी प्रकृया अगाडि बढाउने। साथै चालु आ.ब. मा नै कार्य सम्पन्न भई विविध कारणबाट भुक्तानी हुन नसक्ने भएमा त्यस्ता योजनाहरुको रकम भुक्तानीको लागि **म.ले.प.फा.नं. १८** भरी आगामी आ.ब. २०७७/७८ को असोज महिना भित्र भुक्तानी दिने गरी जिम्मेवारी सार्ने।

३६. यस नगरपालिकामा कार्यरत गैरसरकारी संघ संस्थावाट आ.व ०७७/७८ मा यस नगरपालिका भित्र संचालन हुने गरी सम्बन्धित संस्थाबाट पेश हुन आएका योजना तथा कार्यक्रम र वजेटको बजेट तथा कार्यक्रम संलग्न अनुसूची बमोजिम नगर कार्यपालिकावाट यस सभामा पेश हुन आएकोमा सम्बन्धित संस्थाबाट पेश भए अनुसार योजना तथा कार्यक्रम सञ्चालन गर्न स्वीकृती प्रदान गर्ने। यस्तो कार्यक्रमको लागि नगरपालिकामा गैरसरकारी संस्था डेस्क (NGO-DESK) स्थापना गरी योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्याङकन गर्ने र चौमासिक रुपमा प्रगति समीक्षा समेत गर्ने व्यवस्था मिलाउने र विभिन्न संघ संस्थाहरुले आर्थिक बर्षको विचमा कुनै योजना तथा कार्यक्रम सञ्चालन गर्नको लागि अनुमती माग गरेमा नगर प्रमुखले स्वीकृती दिन सक्ने गरि अधिकार प्रत्यायोजन गर्ने।

३७. मेलम्ची नगरपालिकाले कानूनी सल्लाहकारको आवश्यकता महशुस गरी मिति २०७५।०६।२९ मा निर्णय भै कानूनी सल्लाहकारको रुपमा काम गर्दे आउनुभएका अधिवक्ता **श्री भेषराम ढकाल**को कामकाज सन्तोषजनक भएको र नगरपालिकालाई कानुनी सल्लाहकारको सेवा आवश्यकता पर्ने हुँदा हाल भएको सम्झौता बमोजिम सेवा सुविधा पाउने गरी सम्झौता बमोजिम कामकाज गर्ने गरी तपसिल बमोजिम २०७८ असार मसान्तसम्म करार सम्झौता गरी कानूनी सल्लाहकारको रुपमा काम लगाउने।

३८. संलग्न अनुसूची बमोजिम नगरपालिका र मातहतका कार्यालयमा सेवा करारमा कार्यरत कर्मचारीलाई नेपाल सरकारबाट निजामती सेवाको समान पदमा उपलब्ध गराउने सूरु स्केलको तलब, सुविधा उपलब्ध गराउने गरी २०७७ श्रावण १ गते देखि २०७८ आषाढ मसान्तसम्म पुनः एक बर्षका लागि सेवा करार म्याद थप गर्ने । कार्यबोझ र आवश्यकताको आधारमा कार्यालय सहयोगी, कम्प्यूटर अपरेटर, सरसफाई कर्मचारी, सुरक्षा गार्ड, प्रविधिक सेवाका कर्मचारी, कर संकलक तथा नगर रक्षकहरु सेवा करारमा लिन नगर कार्यपालिकालाई अधिकार दिने ।

३९. मेलम्ची नगरपालिका र मातहतका वडा कार्यालयमा कार्यरत नियमित फिल्ड काम गर्नु पर्ने ईन्जिनियरीङ तर्फका इन्जिनियर, सव इन्जिनियर, अ.स.इ. र अमिन पदमा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप आर्थिक वर्षमा उपलब्ध गराएको आम्शिक सुविधा कटौती गरी आगामी आर्थिक वर्षमा आवास, सञ्चार तथा फिल्ड सुविधा वापत खाइपाइ आएको तलबमानको २५ प्रतिशत र नगरपालिकाको अन्य शाखा तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको लागि आवास तथा सञ्चार बापत खाइपाइ आएको तलबमानको १५ प्रतिशतका दरले २०७७ साल श्रावण १ गते देखी लागु हुने गरी उपलब्ध गराउने ।

४०. मेलम्ची नगरपालिकाका सम्पुर्ण नगरस्तरिय, वडास्तरिय तथा अन्य कुनैपनि योजना कार्यान्वयन गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका यस नगरपालिकामा सूचिकृत रहेका वेरोगजारहरुको सूचीका कामदारलाई पहिलो प्राथामिकता दिई उक्त सूचीबाट जनशक्ति उपलब्ध नहुने भएमा मात्र अन्य कामदारबाट काम गराउने व्यवस्था गर्ने ।

४१. मेलम्ची नगरपालिका क्षेत्रभित्र रहेका सार्वजानिक, पर्ति तथा सरकारी जग्गाको ब्यवस्थित तथ्याङ्क संकलन गरी अद्यावधिक गराई राख्ने । नगरपालिका भित्रका सडकहरु तथा नगर सडक गुरुयोजनामा उल्लेखित सडकहरुको लगत कट्टा अभियान सञ्चालन गर्ने, सार्वजानिक जग्गाहरुको संरक्षण सम्वन्धि Inventory बनाई कार्ययोजना स्वीकृत गरी लागु गर्ने ।

४२. दैनिक कार्य संञ्चालन तथा अत्यावश्यकीय कार्यहरु गर्नको लागि बाधा अड्चनहरु आइपरेमा तत्काल नगर कार्यपालिकाको बैठक बोलाउन सम्भब नभएमा नगर प्रमुखले बाधा अड्चनहरु फुकाई कार्य सञ्चालन गर्ने निर्णय गर्ने र त्यस्तो निर्णयहरुको अनुमोदन भने आगामी नगर कार्यपालिकाको बैठकबाट गराउने ।

४३. मेलम्ची नगरपालिकाको क्षेत्र भित्र संचालनमा रहेका र नगरपालिकाको ब्यवसाय दर्ता प्रकृयामा नआएका बाँकी व्यवसायलाई उद्योग बाणिज्य संघ संगको सहकार्यमा व्यवसाय दर्ता कार्यलाई लाई आ.व. ०७७/७८ मा अभियानको रुपमा संञ्चालन गरी ९० प्रतिशत व्यवसायीहरुलाई व्यवसाय दर्ताको दायरामा ल्याउने ।

४४. मेलम्ची नगरपालिकाको विद्युतीय दुर्घटनाहरुलाई न्यूनीकरण गर्नको लागि यस नगरपालिका भित्र रहेका सवै विद्युतका काठका पोलहरुलाई फलामको पोलले विस्थापन गर्न आगामी आ.ब.मा नेपाल विद्युत प्राधिकरणबाट थप विद्युतका पोलहरु प्राप्त गरि नगरपालिकालाई काठको पोल मुक्त नगरपालिका घोषणा गर्ने गरी अभियानको रुपमा कार्य अगाडि बढाउन नेपाल विद्युत प्राधिकरणलाई अनुरोध गर्ने ।

४५. नगरपालिका भित्रको खानेपानी तथा सरसफाई सम्वन्धी योजना तथा कार्यक्रमलाई समन्वय गर्न, नेपाल सरकार, प्रदेश सरकार र दातृसंस्था तथा गैरसरकारी संघ संस्थाहरुबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरुमा दोहोरोपन आउन नदिन, नगरपालिकाले आगामी ३ वर्ष भित्रमा सवै नगरवासीको घरमा खानपानीको निजी धारा पुर्याउनको लागि नगर र वडास्तरीय देहाय बमोजिम खानेपानी, सरसफाई तथा समन्वय समिति गठन

गरिनेछ । सो समितिको बैठक कम्तिमा तीन महिनामा एक पटक अनिवार्य बैठक बसी योजना तथा कार्यक्रमहरुको समिक्षा तथा मूल्यांकन गर्नेछ । सो समितिले आवश्यकता अनुसार योजना तथा कार्यक्रमको स्थलगतरुपमा अनुगमन तथा मुल्याङ्कन गर्ने ।

नगरस्तरीय खानेपानी तथा सरसफाई समन्वय समन्वय समिति

११.पार्किङ्ग शुल्कः (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्ग स्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए बापत पार्किङ्ग गर्ने समयको आधारमा अनुसूची (११) मा उल्लेख भए बमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान बाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ । तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन ।

(३) नगरपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालय वा सुरक्षा निकायसंगको समन्वयमा गर्नेछ ।

१२.सेवा शुल्क, दस्तुर : (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका ट्रेकिङ्, बञ्जी जम्प, र्याफ्टिङ्ग, प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा अनुसूची (१२) बमोजिम सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

तर सीमा नदी वा अर्को गाउँपालिका वा नगरपालिकाको क्षेत्रलाई समेटेर सञ्चालन हुने सेवा वा व्यबसायमा सेवा शुल्क लगाउँदा सम्बन्धित गाउँपालिका÷नगरपालिकासँग समन्वय गरी लगाइनेछ ।

(२) नगरपालिकाले निर्माण वा सञ्चालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

(क) खानेपानी, बिजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहोरमैला व्यबस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा (फोहोरमैला ब्यवस्थापन कार्य ठेक्काबाट समेत सञ्चालन गर्न सकिनेछ)

(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,

(घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,

(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(च) नगरपालिकाले प्रदान गर्ने सिफारिस सम्बन्धी कुनै सेवा,

(छ) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क।

तर ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा मेलम्ची नगरवासीहरुलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन।

(३) नगरपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, "घ" वर्गको निर्माण व्यबसाय ईजाजत, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधि पसल, स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण तथा नियमन आदि सेवामा शुल्क दस्तुर तोकी लगाइने र उठाइनेछ।

(४) मेलम्ची नगरपालिका भित्र नयाँ घर निर्माण गर्दा घर निर्माण स्वीकृति लिएर मात्र निर्माण कार्य गर्नुपर्नेछ। अस्थायी ईजाजत (प्लिन्थ लेभल) लिए पश्चात प्राबिधिकबाट चेकजाँच गरी स्थायी निर्माण स्वीकृति लिनुपर्नेछ र अस्थायी ईजाजत लिएको मितिबाट दुई बर्षभित्र निर्माण सम्पन्न प्रमाणपत्र लिईसक्नुपर्नेछ। दुई बर्ष भित्र निर्माण कार्य सम्पन्न गर्न नसकेमा म्याद सकिनु अगावै नियमानुसार नवीकरण दस्तुर तिरी थप दुई बर्षको लागि नक्सा नवीकरण गर्न सकिनेछ। सो म्याद समेत गुज्री ४ वर्ष अवधि पुगेमा नक्सा पास गर्दा लाग्ने पुरै दस्तुर तिरी पूनस्नयाँ नक्सा पास गर्नुपर्ने छ।

१३. बिक्री गर्न सक्ने : (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्रको खोलानाला वा अन्य सार्वजनिक स्थलबाट वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा ढुंगा, गिटी, बालुवा एवं माटोजन्य वस्तुहरु तथा आफ्नो क्षेत्रभित्रको सार्वजनिक मुहानबाट उत्पादन हुने पिउने पानी तथा नक्शा पासको लागि आवश्यक निवेदन फाइल, बोलपत्र वा दरभाउपत्र फाराम आदि अनुसूची (१३) मा उल्लेख भए बमोजिमको दरमा बिक्री गर्नेछ।

(२) उपदफा (१) बमोजिम ढुंगा, गिटी, बालुवा एवं माटोजन्य वस्तुको बिक्री गर्दा बिक्रीको दर तथा उपलब्ध परिमाणका आधारमा कायम भएको न्यूनतम बिक्री मूल्यमा ठेक्का बढाबढ गरी गर्न सक्नेछ।

१४. पर्यटन शुल्क: नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट कानुनमा तोकिए बमोजिम अनुसूची (१४) अनुसार कर लगाइने र असूल उपर गरिनेछ।

१५. सामुदायिक वनबाट आय प्राप्त गर्ने : (१) नगरपालिका क्षेत्र भित्रका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर उपयोग तथा बिक्रीबाट प्राप्त रकमको १० प्रतिशतले हुन आउँने रकम स्थानीय सरकार संचालन ऐनको दफा ६२ (ख) बमोजिम नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ।

१६.घरजग्गा रजिष्ट्रेशन शुल्क : (१)घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइने र उठाईनेछ।

(२) उपदफा (१) बमोजिम उठेको रकम संघीय र प्रदेश कानून बमोजिम बाँडफाँड गरिनेछ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन नगरपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेको कार्यालय मार्फत उठाईनेछ।

१७. भाडामा लगाउँन सक्ने : (१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेका भवन, मेसिनरी तथा अन्य सम्पत्तिमा अनुसूची (१५) मा उल्लिखित दरमा भाडामा लगाउन सक्नेछ।

१८. दण्ड जरिवाना : (१) नगरपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा अनुसूची (१६) बमोजिम जरिवाना सहित बक्यौता असुल गर्नेछ।

(२) नगरपालिकाले उपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसूरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित कानुनमा तोकिए बमोजिम हुनेछ।

१९.कर छुट : (१) नगरपालिकाले प्राकृतिक विपद् वा यस्तै विशेष अवस्थामा यस ऐन बमोजिम लाग्ने वा लागेको कर तथा गैरकर राजस्वमा आधार र कारण खुलाई कार्यपालिकाको निर्णयको आधारमा आंशिक वा पूर्ण रूपमा छुट दिन वा मिनाहा गर्न सक्नेछ।

(२) उपदफा (१) कमोजिमको छुट वा मिनाहा दिँदा समान अवस्थाका सबै करदातालाई समान व्यवहार गरिनेछ।

(३) नेपाल सरकार वा प्रदेश सरकारले कुनै परियोजना वा विकास कार्यका लागि खास सामग्री, कारोवारमा कर नलाग्ने व्यवस्था गरेकोमा नगरपालिकाले तत् तत् निकासँग समन्वय गरी कर छुट सम्बन्धी व्यबस्थाको पालना गर्ने गराउनेछ।

(४) उपदफा (१) बमोजिम कर तथा गैरकर राजस्व छुट वा मिनाहा दिएको विवरण सभाको बैठक चलेको समयमा सभामा र सभाको बैठक नचलेको समयमा त्यसपछि वस्ने सभाको पहिलो वैठकमा पेश गर्नुपर्नेछ

(५) बार्षिक रुपमा तिर्नुपर्ने सम्पत्ति कर र मालपोत सोही आर्थिक बर्षको आश्विन मसान्त भित्र दाखिला गर्ने करदातालाई नियमानुसार लाग्ने राजश्वको दश प्रतिशत छुट दिइनेछ।

(६) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस ऐन, बमोजिमको कर लिईने छैन।

स्पष्टीकरण: लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, बालगृह, अनाथाश्रम, वृद्धाश्रम जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ।

(७) कानूनमा ब्यवस्था भएको अवस्थामा बाहेक नगरपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन।

तर स्थानीय आर्थिक कृयाकलापमा उल्लेखनीय योगदान पु¥याउने किसिमका उद्योग व्यवसायमा निश्चित अवधीसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन।

२०.प्रशासकीय पुनरावलोकन र पुनरावेदन : (१) नगरपालिकाले गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले नगरपालिकामा प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजश्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ। यस्तो समितिमा कर निर्धारणमा संलग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहनेछैन।

(३) उपदफा (१) बमोजिम पुनरालोकनको लागि प्राप्त भएको निवेदन उपर पैतिस दिनभित्र छानविन तथा निर्णय गरी सम्वन्धित व्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ।

(४) नगरपालिकाले तोकेको समयमा यस दफा बमोजिम प्रशासकिय पुनरावलोकन नगरेको कारणले करदातालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा नगरपालिकाले त्यसको क्षतिपुर्ति दिनु पर्नेछ।

२१ .ठेक्का आह्वान गर्न सक्ने : (१) यस ऐन, बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोबस्त गरी संकलन गर्न सक्नेछ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ।

(२) यस दफा बमोजिमको आय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ।

(३) नगरपालिकाले सामान्यतया : आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोबस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ।

(४) नगरपालिकाले कर संकलन गर्न सामान्यतया : ठेक्का बन्दोबस्त गरिने छैन। तर जडिबुटी, कवाडी र जीबजन्तुकर तथा विज्ञापन कर संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नु पर्ने अवस्थामा कार्यपालिकाको निर्णय गराई ठेक्काबाट संकलन गर्न सकिनेछ।

(५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि मेलम्ची नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५ र पट्टा, कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु अर्को व्यबस्था नभएसम्म स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ (संशोधन समेत) लाई आधार मानी गरिनेछ।

२२.सहयोग गर्नुपर्ने : संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले नगरपालिकाको राजस्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

२३.प्रगतिशील कर प्रणाली अवलम्बन गरिने : नगरपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ।

२४.कार्यविधि बनाउन सक्ने : (१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नगरपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनेको कार्यविधि वा निर्देशिका नगर कार्यपालिकाबाट स्वीकृत भई सार्वजनिक भए पछि लागु हुनेछ।

२५.प्रचलित कानून बमोजिम हुने : यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

अनुसूची–१

(दफा (२) को उपदफा (३) संग सम्बन्धित)

सम्पत्ति करको दर

क्र.सं.	सम्पत्तिको मूल्य रु. मा		लाग्ने कर रु मा	कैफियत
	देखि	सम्म		
१	१ देखि माथि	१०००००	१००	
२	१००००० देखि माथि	५०००००	२००	
३	५००००० देखि माथि	१००००००	३००	
४	१०००००० देखि माथि	१५०००००	५००	
५	१५००००० देखि माथि	२००००००	६००	
६	२०००००० देखि माथि	२५०००००	७००	
७	२५००००० देखि माथि	३००००००	८००	
८	३०००००० देखि माथि	३५०००००	१०००	
९	३५००००० देखि माथि	४००००००	१२००	
१०	४०००००० देखि माथि	४५०००००	१४००	
११	४५००००० देखि माथि	५००००००	१६००	
१२	५०००००० देखि माथि	६००००००	१७००	
१३	६०००००० देखि माथि	८००००००	१८००	
१४	८०००००० देखि माथि	१०००००००	२०००	
१५	१००००००० देखि माथि	५०००००००	२५००	
१६	५००००००० देखि माथि	१००००००००	३०००	
१७	१०००००००० देखि माथि		४०००	

नोट :

(क) प्रत्येक आ.व.को आश्विन मसान्तसम्म सम्पत्ति कर दाखिला गरेमा वार्षिक सम्पत्ति करको १०% प्रतिशत छुट दिइनेछ।

(ख) प्रत्येक आ.व.को पौष मसान्तसम्म सम्पत्ति कर दाखिला नगरेमा वार्षिक सम्पत्ति करको १०% जरिवाना लाग्नेछ।

(ग) झुठा विवरण पेश गरेमा पुनः मूल्यांकनमा लाग्ने जरिवाना २५% प्रतिशत हुनेछ।

(घ) एक वर्षको वार्षिक सम्पत्ति कर वक्यौता रहेमा जम्मा सम्पत्ति तथा भूमि कर शुल्कको २०% प्रतिशत थप जरिवाना लाग्नेछ।

(ङ) एक वर्ष भन्दा वढि सम्पत्ति कर वक्यौता रहेमा जम्मा सम्पत्ति तथा भूमि कर शुल्कको ३०% थप जरिवाना लाग्नेछ।

अनुसूची २ (क)

(दफा २ को उपदफा (४) संग सम्वन्धित)

घरको मूल्यांकन दर

प्रकार	बनोट	उपयोग	मूल्यांकन प्रति वर्ग फिट रु.	
			बजार क्षेत्र	अन्य क्षेत्र
भवन	आर.सि.सि. फ्रेम स्ट्रक्चर	ब्यापारिक, औद्योगिक तथा संस्थागत	३५००	२०००
भवन	आर.सि.सि. फ्रेम स्ट्रक्चर	घरायसी	२५००	१८००
गोदाम वा अन्य संरचना	आर.सि.सि. फ्रेम स्ट्रक्चर	ब्यापारिक, औद्योगिक तथा संस्थागत	२५००	१८००
भवन	सिमेण्ट वा माटोको जोडाईमा ईट्टा वा ढुङ्गाको गारो भई आर.सि.सि. छाना	ब्यापारिक, औद्योगिक तथा संस्थागत	२०००	१८००
भवन	सिमेण्ट वा माटोको जोडाईमा ईट्टा वा ढुङ्गाको गारो भई आर.सि.सि. छाना	घरायसी	२०००	१८००
गोदाम वा अन्य संरचना	सिमेण्ट वा माटोको जोडाईमा ईट्टा वा ढुङ्गाको गारो भई आर.सि.सि. छाना	ब्यापारिक, औद्योगिक तथा संस्थागत	२०००	१८००
भवन	सिमेन्ट वा माटोको जोडाईमा ईट्टा वा ढुङ्गाको गारो जस्ता/टायलको छाना	ब्यापारिक, औद्योगिक तथा संस्थागत	१८००	१५००
भवन	समेन्ट वा माटोको जोडाईमा ईट्टा वा ढुङ्गाको गारो जस्ता/टायलको छाना	घरायसी	१५००	१२००
गोदाम वा अन्य संरचना	समेन्ट वा माटोको जोडाईमा ईट्टा वा ढुङ्गाको गारो जस्ता/टायलको छाना	ब्यापारिक, औद्योगिक तथा संस्थागत	१५००	१२००
गोदाम वा अन्य संरचना	प्रि फ्याब तथा जस्ताले बनेको भित्ता र टिनको छाना	ब्यापारिक, औद्योगिक तथा संस्थागत	१०००	८००
भवन	प्रि फ्याब तथा जस्ताले बनेको भित्ता र टिनको छाना	घरायसी	७५०	६००
सेड	जस्ता वा टायलको छाना भएको	सबै उपयोग	५००	४००
कच्ची घर	कच्ची छाना भएको	सबै उपयोग	१००	५०

नोटः (क) माथि उल्लेखित वाहेक अन्य किसिमका संरचना भएमा लागतको आधारमा मिल्दो जुल्दो प्रकार तथा बनोटमा उल्लेखित दरको आधारमा मूल्यांकन गरिनेछ ।

(ख) बजार क्षेत्र भन्नाले मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची बजार क्षेत्र, वडा नं १२ स्थित बाहुनेपाटी/सिन्धुखोला वजार क्षेत्र, वडा नं ६ स्थित तालामाराङ वजार क्षेत्र, वडा नं १ स्थित भोटेचौर बजार क्षेत्र, वडा नं ४ स्थित पिप्ले वजार क्षेत्र र वडा नं ७ स्थित सेल्ले पोखरे बजार क्षेत्र भन्ने बुझिन्छ ।

(ग) बुँदा नं. (ख) भन्दा बाहेकका क्षेत्रहरु अन्य क्षेत्र भित्र पर्दछन् ।

अनुसूची—२ (ख)

(दफा (२) को उपदफा (४) संग सम्बन्धित)

जग्गाको न्यूनतम मूल्याङ्कन दर विवरण

वडा नं. १				
क्र. सं.	जग्गाको विवरण	प्रति रोपनी दर रु.		
		घडेरी योग्य	खेती योग्य	पाखो
१	भोटेचौर–काउलेदोभान सडकखण्डको दाँयावायाँको जग्गा (शंखरापुर न.पा.–२ देखि मेलम्ची न.पा.–२ को सिमाना सम्म)	४००००००	२४०००००	८०००००
२	नगर चक्रपथ सडकखण्डको दाँयावायाँको जग्गा (महभिर भञ्ज्याङ्ग ठाँटी)	३२०००००	२४०००००	८०००००
३	वडास्तरीय मुख्य सडकखण्डको दाँयावायाँको जग्गा :			
क	पाटीगाउँ सिन्धुखोला भोटेचौर सडक	१६०००००	८०००००	४०००००
ख	भोटेचौर फुस्रे माटो सडक	१६०००००	८०००००	४०००००
ग	एक्लेबेंसी ठूलो पिपलबोट जर्केखोला पटाप सडक	१६०००००	८०००००	४०००००
घ	चौकीडाँडा पातालगुफा तपचुली सडक	१६०००००	८०००००	४०००००
४	वडा स्तरीय शाखा सडकखण्डको दाँयावायाँको जग्गा	१२०००००	६०००००	३०००००
५	गोरेटो बाटोसंग जोडिएको दायाँ बायाँको जग्गा	५०००००	४०००००	३०००००
बाटो नभएको अन्य सबै जग्गा				
क्र. सं.	वडा नं.	जग्गाको विवरण	प्रति रोपनी रु.	कैफियत
१	मेलम्ची नगरपालिका वडा नं १	खेत	२०००००	
२		बारी	१५०००००	

३		पाखो	१०००००	
वडा नं. २				
क्र. सं.	जग्गाको विवरण	प्रति रोपनी दर रु.		
		घडेरी योग्य	खेती योग्य	पाखो
१	काउले दोभान सडक खण्डको दायाँ बायाँको जग्गा	३९०००००	२०००००	८०००००
२	नगर चक्रपथ सडक खण्डको दायाँ बायाँको जग्गा	३०००००	१५०००००	६०००००
३	वडा स्तरीय सडक खण्डको दायाँ बायाँको जग्गा			
क	पँधेराडाँडा महादेवस्थान सडक	१५०००००	८०००००	३०००००
ख	घुम्ती सिम्लेबेंसी महादेवस्थान सडक	१५०००००	८०००००	३०००००
ग	सिम्लाफेद सुँयलछाप मोटरबाटो	१५०००००	१०००००	३०००००
घ	ओखेनी खोला साङताङ टोल सोयलछाप मोटरबाटो	१५०००००	१०००००	३०००००
ङ	साउको मुख खड्केवेंशी खगले सिम्ले सडक	१५०००००	११०००००	३०००००
च	ओखेनी खोला डाँडाघर तपचुली मोटरबाटो	१०००००	७०००००	३०००००
छ	सिमधारा चियाबगान तपचुली मोटरबाटो	१०००००	७०००००	३०००००
४	गोरेटो बाटोसंग जोडिएको दायाँ बायाँको जग्गा	५०००००	४०००००	३०००००
बाटो नभएको अन्य सबै जग्गा				
क्र. सं.	वडा नं.	जग्गाको विवरण	प्रति रोपनी रु.	कैफियत
१	मेलम्ची नगरपालिका वडा नं २	खेत	३०००००	
२		बारी	२०००००	
३		पाखो	१०००००	
वडा नं. ३				
क्र. सं.	जग्गाको विवरण	प्रति रोपनी दर रु.		
		घडेरी योग्य	खेती योग्य	पाखो
१	भोटेचौर काउले दोभान सडक खण्डको दायाँ बायाँको जग्गा	४०००००	२०००००	८०००००
२	नगर चक्रपथ सोती खोला हैबुङ पाटी भञ्ज्याङ्ग सडक खण्डको दायाँ बायाँको जग्गा	३०००००	१५०००००	५०००००
३	मध्ये पहाडी लोकमार्गको दायाँ बायाँ जोडिएको जग्गा	३०००००	१५०००००	५०००००

४	वडास्तरीय सडकसंग जोडिएको दायाँ बायाँको जग्गा	१५०००००	८०००००	३०००००
५	गोरेटो बाटोसंग जोडिएका दायाँ बायाँका जग्गा	३०००००	२०००००	१०००००
बाटो नभएको अन्य सबै जग्गा				
क्र. सं.	वडा नं.	जग्गाको विवरण	प्रति रोपनी रु.	कैफियत
१	मेलम्ची नगरपालिका वडा नं ३	खेत	२०००००	
२		बारी	१५००००	
३		पाखो	१०००००	

वडा नं. ४

क्र. सं.	जग्गाको विवरण	प्रति रोपनी दर रु.		
		घडेरी योग्य	खेती योग्य	पाखो
१	मेलम्ची खानेपानी आयोजना र मध्यपहाडी लोकमार्ग सडकसंग जोडिएका दायाँ बायाँको जग्गा	४००००००	२००००००	५०००००
२	नगर चक्रपथसंग जोडिएका दायाँ बायाँको जग्गा	२५०००००	१००००००	४०००००
३	सुन्दरीजल, पाटीभञ्ज्याङ्ग हेलम्बु राजमार्ग दायाँ बायाँको जग्गा	२००००००	१००००००	४०००००
४	वडा चक्रपथसंग जोडिएका दायाँ बायाँको जग्गा	१५०००००	५०००००	३०००००
५	वडा भित्रका अन्य शाखा सडकसंग जोडिएका दायाँ बायाँको जग्गा	१५०००००	५०००००	३०००००
६	गोरेटो बाटोसंग जोडिएका दायाँ बायाँको जग्गा	३०००००	२०००००	१०००००
बाटो नभएका अन्य सबै जग्गा				
क्र. सं.	वडा नं.	जग्गाको विवरण	प्रति रोपनी रु.	कैफियत
१	मेलम्ची नगरपालिका वडा नं ४	खेत	२०००००	
२		बारी	१५००००	
३		पाखो	१०००००	

वडा नं. ५

क्र. सं.	जग्गाको विवरण	प्रति रोपनी दर रु.		
		घडेरी योग्य	खेती योग्य	पाखो
१	सिन्धु सुरुङ मार्ग (मध्ये पहाडी लोकमार्ग) ले छोएको	३००००००	१५०००००	५०००००

	दायाँ बायाँको जग्गा			
२	भदौरे धुसेनी मेलम्ची मोटरबाटोले छोएका दायाँ बायाँको जग्गा	१५०००००	५०००००	३०००००
३	यस वडाबाट अर्को वडामा जोडिने कच्ची सडकले छोएको दायाँ बायाँको जग्गा	१५०००००	५०००००	३०००००
४	वडा भित्रको शाखा सडकसंग जोडिएको दायाँ बायाँको जग्गा	१००००००	४०००००	२०००००
५	गोरेटो बाटोसंग जोडिएको दायाँ बायाँको जग्गा	५०००००	३०००००	१०००००
बाटो नभएका अन्य सबै जग्गा				

क्र. सं.	वडा नं.	जग्गाको विवरण	प्रति रोपनी रु.	कैफियत
१	मेलम्ची नगरपालिका वडा नं ५	खेत	३०००००	
२		बारी	२०००००	
३		पाखो	१०००००	

वडा नं. ६

क्र. सं.	जग्गाको विवरण	प्रति रोपनी दर रु.		
		घडेरी योग्य	खेती योग्य	पाखो
१	हेलम्बु राजमार्ग अन्तर्गत तालामाराङ बजारको सडकले छोएको दायाँ बायाँ जग्गा	६०००००	२०००००	५०००००
२	हेलम्बु राजमार्ग नुहारखोला देखि तालामाराङ खोलासम्म सडकले छोएको दायाँ बायाँको जग्गा (तालामाराङ वजार क्षेत्र वाहेक)	४०००००	१५०००००	५०००००
३	नगर चक्रपथसंग जोडिएका सडक खण्डका दायाँ बायाँको जग्गा	१०००००	५०००००	३०००००
४	वडाका शाखा बाटोसंग जोडिएका दायाँ बायाँको जग्गा	८०००००	४०००००	२०००००
५	गोरेटो बाटोसंग जोडिएका दायाँ बायाँ जग्गा	५०००००	३०००००	१०००००
बाटो नभएका अन्य सबै जग्गा				

क्र. सं.	वडा नं.	जग्गाको विवरण	प्रति रोपनी रु.	कैफियत
१	मेलम्ची नगरपालिका वडा नं ६	खेत	३०००००	
२		बारी	२०००००	

३		पाखो	१००००	

वडा नं. ७				
क्र. सं.	जग्गाको विवरण	प्रति रोपनी दर रु.		
		घडेरी योग्य	खेती योग्य	पाखो
१	सेल्ले पोखरे सिमलबोट सडक खण्डको दायाँ बायाँको जग्गा	२०००००	१०००००	५००००
२	वडा भित्रका अन्य शाखा मोटरबाटोसंग जोडिएको दायाँ बायाँको जग्गा	१५०००००	५०००००	३०००००
३	गोरेटो बाटोले छोएको दायाँ बायाँको जग्गा	५०००००	३०००००	१०००००
बाटो नभएका अन्य सबै जग्गा				
क्र. सं.	वडा नं.	जग्गाको विवरण	प्रति रोपनी रु.	कैफियत
१	मेलम्ची नगरपालिका वडा नं ७	खेत	१५००००	
२		बारी	१०००००	
३		पाखो	५००००	

वडा नं. ८				
क्र. सं.	जग्गाको विवरण	प्रति रोपनी दर रु.		
		घडेरी योग्य	खेती योग्य	पाखो
१	दाउचेत क्यौरानी बाँसखर्क बरुवा सडक खण्डको दायाँ बायाँको जग्गा	१५०००००	१०००००	५००००
२	क्यौरानी लाभगाउँ सडक खण्डको दायाँ बायाँको जग्गा	१५०००००	६०००००	३०००००
३	लाभगाउँ ककनी सडकखण्डको दायाँ बायाँको जग्गा	८०००००	४०००००	२०००००
४	अन्य शाखा मोटरबाटोसंग जोडिएको दायाँ बायाँको जग्गा	६०००००	४०००००	२०००००
५	गोरेटो बाटोले छोएको दायाँ बायाँको जग्गा	४०००००	३०००००	१०००००
बाटो नभएका अन्य सबै जग्गा				
क्र. सं.	वडा नं.	जग्गाको विवरण	प्रति रोपनी रु.	कैफियत
१	मेलम्ची नगरपालिका वडा नं ८	खेत	१५००००	
२		बारी	१०००००	

३		पाखो	५००००	

वडा नं. ९

क्र. सं.	जग्गाको विवरण	प्रति रोपनी दर रु.		
		घडेरी योग्य	खेती योग्य	पाखो
१	मेलम्ची भोताङ सडक (काफ्ले खोला देखि खाल्डे खोलासम्म) को दायाँ बायाँको जग्गा	२००००००	८०००००	५०००००
२	मेलम्ची ज्यामिरे गोल्मास्थान सडकसंग जोडिएको दायाँ बायाँको जग्गा	१८०००००	८०००००	३०००००
३	गोल्मास्थान मुलखर्क गुफा सडकसंग जोडिएको दायाँ बायाँको जग्गा	१००००००	५०००००	१५००००
४	वडा स्तरीय शाखा सडकसंग जोडिएका दायाँ बायाँको जग्गा	१००००००	३०००००	१५००००
५	नगर चक्रपथसंग जोडिएका दायाँ बायाँको जग्गा	१५०००००	३०००००	१०००००
६	गोरेटो बाटोसंग जोडिएको दायाँ बायाँको जग्गा	५०००००	१५००००	७००००

बाटो नभएका अन्य सबै जग्गा				
क्र. सं.	वडा नं.	जग्गाको विवरण	प्रति रोपनी रु.	कैफियत
१	मेलम्ची नगरपालिका वडा नं ९	खेत	१५००००	
२		बारी	१०००००	
३		पाखो	५००००	

वडा नं. १०

क्र. सं.	जग्गाको विवरण	प्रति रोपनी दर रु.		
		घडेरी योग्य	खेती योग्य	पाखो
१	मेलम्ची–नवलपुर–चौतारा सडकसंग जोडिएका दायाँ बायाँको जग्गा (मेलम्ची नेवारे खोलासम्म)	४००००००	१००००००	५०००००
२	ईन्द्रावती करिडोरसंग जोडिएका जग्गाहरु	३००००००	१००००००	५०००००
३	मेलम्ची–नवलपुर–चौतारा सडक खण्डको नेवारे खोला देखि ईन्द्रावती गा.पा. को सिमानासम्म जोडिएका दायाँ बायाँको जग्गा	२५०००००	५०००००	१५००००
४	मेलम्ची–भोताङ सडक खण्डको मेलम्ची काफ्ले खोला सडकसंग जोडिएका दायाँ बायाँको जग्गाहरु	२५०००००	१००००००	५०००००

५	नगर चक्रपथ खण्डको सञ्जेलटार–साँधखोला–महांकाल खोलासंग जोडिएका जग्गाहरु	२००००००	३०००००	१०००००
६	सिम्ले–रामपुर –ज्यामिरे मुल सडकसंग जोडिएका जग्गाहरु	२००००००	५०००००	१५०००००
७	वडा कार्यालय–बडहरे–अम्बोटे सडकसंग जोडिएका जग्गाहरु	१८०००००	५०००००	१५०००००
८	काफ्लेखोला–भुमेस्थान–फलामे सडकसंग जोडिएका जग्गाहरु	१८०००००	५०००००	१५०००००
९	संसारे डाँडा–शिखरपुर–जुगे सडकसंग जोडिएका जग्गाहरु	१८०००००	५०००००	१५०००००
१०	१० नं. वडाका अन्य शाखा मोटर बाटोसंग जोडिएका जग्गाहरु	१८०००००	३०००००	१०००००
११	गोरेटो बाटोसंग जोडिएका जग्गाहरु	५०००००	१५०००००	७०००००

बाटो नभएका अन्य सबै जग्गा				
क्र. सं.	वडा नं.	जग्गाको विवरण	प्रति रोपनी रु.	कैफियत
१	मेलम्ची नगरपालिका वडा नं १०	खेत	१५०००००	
२		बारी	१०००००	
३		पाखो	५०००००	

वडा नं. ११				
क्र. सं.	जग्गाको विवरण	प्रति रोपनी दर रु.		
		घडेरी योग्य	खेती योग्य	पाखो
१	हेलम्बु राजमार्ग अन्र्तगत मेलम्ची खानेपानी साइट अफिस देखि होटल रिभरसाइटसम्मको सडक खण्डमा जोडिएका दायाँ बायाँका जग्गाहरु	९००००००	२०००००००	५०००००
२	हेलम्बु राजमार्ग अन्तर्गत खानेपानी साइट अफिस देखि डुँडेखोलासम्मको सडक खण्डको दायाँ बायाँको जग्गा	६५०००००	१५०००००	५०००००
३	मेलम्ची कटुञ्जे धुसेनी सडकखण्डको मेलम्ची बजार देखि बैनचौरसम्मको सडकमा जोडिएको दायाँ बायाँको जग्गा	६५०००००	१५०००००	५०००००
४	हेलम्बु राजमार्ग अन्तर्गत होटल रिभरसाइट देखि माथि नुहारखोलापुलसम्मको सडक खण्डको दायाँ बायाँको	५०००००	१०००००	५०००००

	जग्गा			
५	मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्र हुँदै कठेरीसम्मको सडकसंग जोडिएको दायाँ बायाँको जग्गा	३००००००	१५०००००	५०००००
६	मेलम्ची कटुञ्जे धुसेनी सडक खण्ड तर्फ बैनचौर देखि कटुञ्जे धुसेनी सडकसंग जोडिएको दायाँ बायाँको जग्गा	२००००००	३०००००	१०००००
७	मेलम्ची डडुवा सुलिकोट घ्याङसम्मको सडक खण्डमा जोडिएको दायाँ बायाँको जग्गा	२००००००	३०००००	५००००
८	दनुवार शेरा फाँट हुँदै खानीगाउँ सेल्लेसम्मको सडकमा जोडिएको दायाँ बायाँको जग्गा	२००००००	३०००००	५००००
९	मेलम्ची न.पा. वडा नं. ११ का अन्य सबै भित्री शाखा सडकसंग जोडिएका दायाँ बायाँका जग्गा	१००००००	३०००००	५००००
१०	गोरेटो बाटोमा जोडिएका दायाँ बायाँको जग्गा	५०००००	२०००००	५००००
बाटो नभएका अन्य सबै जग्गा				
क्र. सं.	वडा नं.	जग्गाको विवरण	प्रति रोपनी रु.	कैफियत
१	मेलम्ची नगरपालिका वडा नं ११	खेत	२०००००	
२		बारी	१५०००००	
३		पाखो	५००००	

वडा नं. १२				
क्र. सं.	जग्गाको विवरण	प्रति रोपनी दर रु.		
		घडेरी योग्य	खेती योग्य	पाखो
१	हेलम्बु राजमार्ग सडकसंग जोडिएका दायाँ बायाँको जग्गाहरु	७०००००	२०००००	५०००००
२	बहुनेपाटी पाटीभञ्ज्याङ्ग लोकमार्ग सडकसंग जोडिएका दायाँ बायाँको जग्गा	५०००००	१५०००००	३०००००
३	सिन्धुखोला गिराञ्चौर भोटेचौर सडकसंग जोडिएका दायाँ बायाँको जग्गा	२५०००००	५०००००	३०००००
४	बाहुनेपाटी थाक्ले धुसेनीचौर सडकको दायाँ बायाँको जग्गा	२५०००००	५०००००	३०००००
५	ढकालखहरे ढकालथोक डडुवा सडकको दायाँ बायाँको जग्गा	२५०००००	५०००००	३०००००

६	अमलेडाँडा शिवशंकरेश्वर प्रा.वि. थाक्ले सडकको दायाँ बायाँको जग्गा	२००००००	५०००००	३०००००
७	एक्ले बेंसी चाँपाबोट थाक्ले मोटर बाटोको दायाँ बायाँको जग्गा	१८०००००	५०००००	३०००००
८	शाखा मोटरबाटो सडकको दायाँ बायाँको जग्गा	१२०००००	४०००००	२०००००
९	गोरेटो बाटोसंग जोडिएको दायाँ बायाँको जग्गा	३०००००	२०००००	१०००००
बाटो नभएका अन्य सबै जग्गा				

क्र. सं.	वडा नं.	जग्गाको विवरण	प्रति रोपनी रु.	कैफियत
१	मेलम्ची नगरपालिका वडा नं १२	खेत	३०००००	
२		बारी	२०००००	
३		पाखो	१०००००	

वडा नं. १३

क्र. सं.	जग्गाको विवरण	प्रति रोपनी दर रु.		
		घडेरी योग्य	खेती योग्य	पाखो
१	हेलम्बु राजमार्गको सिपाघाट फट्केश्वर सडकखण्डको दायाँ बायाँ जोडिएको जग्गा	६००००००	२००००००	१००००००
२	फट्केश्वर छाप भन्जयाङ सडक खण्डको दायाँ बायाँ जोडिएको जग्गा	२५०००००	८०००००	५०००००
३	सिपाघाट पँधेराचौर सडक खण्डको दायाँ बायाँ जाडिएको जग्गा	१८०००००	५०००००	२०००००
४	फट्केश्वर पँधेराचौर ठाँटी छापभञ्ज्याङ्ग सडक खण्डसंग जोडिएको दायाँ बायाँ जग्गा	१८०००००	५०००००	२०००००
५	फट्केश्वर पब्लिक छापभञ्ज्याङ्ग सडक खण्डसंग जोडिएको दायाँ बायाँको जग्गा	१८०००००	५०००००	२०००००
६	नगर चक्रपथ सडकको दायाँ बायाँको जग्गा	१८०००००	५०००००	२०००००
७	वडा भित्रका शाखा बाटोसंग जोडिएका दायाँ बायाँको जग्गा	१००००००	३०००००	१०००००
८	गोरेटो बाटो, राज कुलो बाटो र चलनचल्तीको बाटोसंग जोडिएका दायाँ बायाँको जग्गा	१००००००	३०००००	१०००००
बाटो नभएका अन्य सबै जग्गा				

क्र. सं.	वडा नं.	जग्गाको विवरण	प्रति रोपनी रु.	कैफियत
१	मेलम्ची नगरपालिका वडा नं १३	खेत	१५००००	
२		बारी	१०००००	
३		पाखो	५००००	

अनुसूची ३

(दफा २ को उपदफा (४) संग सम्वन्धित)

घरको ह्रास कट्टी दर

बनोटको किसिम	हसकट्टी दर
आर.सि.सि. फ्रेम स्टक्चर भएको भवन वा गोदाम	वार्षिक १.५ प्रतिशतका दरले ६० बर्ष सम्म
सिमेण्ट वा माटोको जोडाईमा ईट्टा वा ढुङ्गाको गारो भई आर.सि.सि. छाना भएको भवन वा गोदाम	वार्षिक २ प्रतिशतका दरले ४५ बर्ष सम्म
सिमेन्ट वा माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो जस्ता/टायलको छाना भवन वा गोदाम	वार्षिक ३ प्रतिशतका दरले ३० बर्ष सम्म
प्रि फ्याब तथा जस्ताले बनेको भित्ता र टिनको छाना	वार्षिक ५ प्रतिशतका दरले १८ वर्ष सम्म
जस्ता वा टायलको छाना भएको सेड	वार्षिक ५ प्रतिशतका दरले १८ वर्ष सम्म
कच्ची छाना भएको	वार्षिक १० प्रतिशतका दरले ९ बर्ष सम्म

अनुसूची–४

दफा (३) को उपदफा (२) संग सम्बन्धित

भूमिकर (मालपोत) को दर

सम्पत्ति कर प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम जग्गाको मूल्याङ्कन दरलाई नै भूमिकर (मालपोत) प्रयोजनको लागि समेत प्रयोग गरिने छ।

क्र.सं.	सम्पत्तिको मूल्य रु. मा		लाग्ने कर रु मा
	देखि	सम्म	
१	१ देखि	५००००	५
२	५०००१ देखि	१०००००	१०
३	१००००१ देखि	५०००००	२०

४	५०००००१ देखि	१००००००	३०
५	१०००००१ देखि	२००००००	६०
६	२०००००१ देखि	३००००००	१००
७	३०००००१ देखि	४००००००	१५०
८	४०००००१ देखि	५००००००	२००
९	५०००००१ देखि	१०००००००	३००
१०	१००००००१ देखि	५०००००००	५००
११	५००००००१ देखि	१००००००००	७००
१२	१०००००००१ देखि	२००००००००	१०००
१३	२०००००००१ देखि माथि		२०००

नोट : (क) प्रत्येक आ.व.को आश्विन मसान्तसम्म भूमिकर (मालपोत) दाखिला गरेमा १०% प्रतिशत छुट दिइनेछ
(ख) प्रत्येक आ.व.को पौष मसान्तसम्म भूमिकर (मालपोत) दाखिला नगरेमा वार्षिक भूमि करको १०% जरिवाना लाग्नेछ।

(ग) झुठा विवरण पेश गरेमा पुनः मूल्यांकनमा लाग्ने जरिवाना २५% प्रतिशत हुनेछ।

(घ) एक वर्षको वार्षिक मालपोत वक्यौता रहेमा जम्मा भूमिकर (मालपोत) को २०% प्रतिशत थप जरिवाना लाग्नेछ।
(ङ) एक वर्ष भन्दा वढि भूमिकर (मालपोत) वक्यौता रहेमा जम्मा भूमिकर (मालपोत) शुल्कको ३०% थप जरिवाना लाग्नेछ।
(च) मिति २०७२ साउन १ गते पछिको मालपोतको वक्यौता रकम एकमुष्ट तिरेमा सो भन्दा अगाडिको मालपोत रकम मिनाहा गरिनेछ।

अनुसूची–५

दफा (४) को उपदफा (२) संग सम्बन्धित

घरजग्गा बहाल कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ बमोजिम मेलम्ची नगरपालिका क्षेत्र भित्र निम्न अनुसार घर जग्गा बहाल कर लगाईनेछ।

सि.नं.	बिवरण		रकम
१	नगर क्षेत्र भित्रका	(क) संघ/संस्था, कार्यालय, उद्योग	१० प्रतिशत
		(ख) अन्य व्यवसाय	७ प्रतिशत

	भवन तथा घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना, जग्गा, पोखरी आदि।	(ग) आवास प्रयोजनको लागि	३ प्रतिशत
		(घ) कृषि प्रयोजनको लागि	२ प्रतिशत

नोट : (क) कोभिड–१९ को महामारीबाट भएको बन्दाबन्दीका कारण परेको प्रतिकुल असरलाई मध्यनजर गर्दै आ.ब. २०७६/७७ को घर जग्गा बहाल करमा २५ प्रतिशतले छुट सहुलियत दिइनेछ।

(ख) आ.ब. २०७६/७७ को कर दायित्व २०७७ साल आश्विन मसान्त सम्म भुक्तान गरेमा मात्र उल्लेखित छुट दिइनेछ।

(ग) आ.ब. २०७६/७७ को कर दायित्व भुक्तान गरिसकेको हकमा उल्लेखित छुट बराबरको रकम आगामी आ.व. २०७७/७८ को कर दायित्वमा मिलान गरिनेछ।

अनुसूची–६

दफा (५) को उपदफा (३) सँग सम्बन्धित

व्यवसाय कर

नगरपालिका क्षेत्रभित्र कुनै पनि किसिमको व्यापार तथा व्यवसाय गर्नेले नगरपालिकाबाट व्यवसाय ईजाजत पत्र लिई वार्षिक रुपमा नवीकरण गर्नु पर्नेछ। व्यवसाय दर्ता तथा नवीकरण गर्दा लाग्ने व्यवसाय करको दर देहाय बमोजिम रहेको छ :

सि. नं.	व्यवसायिक वस्तुको कारोवार रकम विवरण	वार्षिक कर रु. मा	कैफियत
१	**चुरोट, मदिरा थोक बिक्रेताको बिक्री**		
	१ करोड देखि माथि	२५०००	
	रु. ५० लाख देखि १ करोड सम्म	१५०००	
	रु. २० लाख देखि ५० लाख सम्म	१००००	
	रु. १० लाखदेखि २० लाख सम्म	८०००	

	रु. ५ लाख देखि माथि १० लाख सम्म	६५००	
	रु. ५ लाख सम्म ।	५०००	
२	**चुरोट, मदिरा खुद्रा विक्री**		
	रु.२० लाख देखि ५० लाख सम्म	१००००	
	रु. १० लाख देखि २० लाख सम्म	८०००	
	रु. ५ लाख देखि १० लाख सम्म	५०००	
	रु. ३ लाख देखि ५ लाख सम्म ।	४०००	
	रु. ३ लाख सम्म ।	३०००	
३	**सुन चाँदी तथा गहना बनाउने पसल (ज्वेलरी)**		
	रु. १ करोड भन्दा माथि	१५०००	
	रु. ५० लाख देखि १ करोड सम्म	१००००	
	रु. ३० लाख देखि ५० लाख सम्म	८०००	
	रु. २० लाख देखि ३० लाख सम्म	५०००	
	रु. १० लाख देखि २० लाख सम्म	४०००	
	रु. १० लाख सम्म ।	३०००	
४	**भिडियो, क्यासेट, रिकर्डर तथा प्लेयर टेलिभिजन,फ्रिज, वाशिङमेशिन, कम्प्यूटर, ल्यापटप, मोबाइल, विद्युत सामान, क्यामेरा, टेलिभिजन, रेडियो आदिको थोक तथा खुद्रा बिक्री गर्ने**		
	रु. ५० लाखभन्दा माथि	५०००	
	रु. २० लाख देखि ५० लाख सम्म	४०००	
	रु. १० लाख देखि २० लाख सम्म ।	३५००	
	रु. १० लाख सम्म ।	३०००	
५	**निर्माण सामग्री (हार्डवेयर पसल)**		
	रु. १ करोड भन्दा माथि	२००००	
	रु. ५० लाख देखि १ करोड सम्म	१५०००	
	रु. ३० लाख देखि ५० लाख सम्म	१००००	
	रु. २० लाख देखि ३० लाख सम्म	५०००	
	रु. १० लाख देखि २० लाख सम्म	४०००	

	रु. १० लाख सम्म।	३५००	
	रु. ५ लाख सम्मको रड सिमेन्ट नभएको सामान्य हार्डवेयर	३०००	
६	**कार्पेट पर्दा अन्य फर्निशिङ्ग पसल**		
	रु. २० लाखभन्दा माथि	७०००	
	रु. १० लाख देखि २० लाख सम्म	५०००	
	रु. ५ लाख देखि १० लाख सम्म।	३५००	
	रु. ५ लाख सम्म।	३०००	
७	**पेट्रोलियम पदार्थको आयल स्टोर वा डिपो आयल निगमको दर्ता प्रमाणपत्रको पुंजीको आधारमा**		
	१ करोड भन्दा माथि	२००००	
	रु. ५० लाख देखि १ करोडसम्म	१५०००	
	रु. २० लाख देखि ५० लाख सम्म	८०००	
	रु. १० लाख देखि २० लाख सम्म	५०००	
	रु. ५ लाख देखि १० लाख सम्म	३५००	
	रु. ५ लाख सम्म	३०००	
८	**दैनिक उपभोग्य खाद्यान्न पदार्थ, तरकारी, फलफूल (ग्याससमेत थप भएमा २५ प्रतिशत रकम थप लाग्ने)**		
	रु. २० लाखभन्दा माथि	५०००	
	रु. १० लाख देखि २० लाख सम्म	४०००	
	रु. ५ लाख देखि १० लाख सम्म।	३०००	
	रु. ३ लाख देखि ५ लाख सम्म।	२०००	
	रु. ३ लाख सम्म	१०००	
	छुट्टै ग्यास डिपो मात्र संचालन गरेको हकमा	३०००	
९	**साधारण चिया, कफी, खाना, खाजानास्ता, दूध डेरी, मिठाई पसल, आईसक्रिम पार्लर आदि**		
	रु. २० लाखभन्दा माथि	५०००	
	रु. १० लाख देखि २० लाख सम्म	४०००	
	रु. ५ लाख देखि १० लाख सम्म।	३०००	
	रु. ३ लाख देखि ५ लाख सम्म।	२५००	

	रु. ३ लाख सम्म	१५००	
१०	**कपडा पसल, रेडिमेड कपडा फेन्सी र जुत्ता**		
	रु. ५० लाख देखि माथि	१००००	
	रु. २० लाख देखि ५० लाख	७५००	
	रु. १० लाख देखि २० लाख सम्म	५०००	
	रु. ५ लाख देखि १० लाख सम्म।	३०००	
	रु. ५ लाख सम्म।	२०००	
११	**सवारी साधन बिक्रेता (सोरुम)**		
	हलुका सवारी साधन	२००००	
	दुई पाँङग्रे सवारी साधन इन्जिन जडित	१००००	
१२	**व्यवसायीले कुनै सामानको डिलर राखी बिक्री वितरण गरेमा र कूनै सामानको थोक पसल राखेमा वा बजारमा सामान विक्री विवतरण गर्ने व्यवसाय**		
	रु. १ करोड माथि	२००००	
	रु. ६० लाख देखि माथि रु.१ करोडसम्म	१५०००	
	रु ४० लाख देखि माथि ६० लाख सम्म	१००००	
	रु. २० लाख देखि माथि ४० लाख सम्म	८०००	
	रु. १० लाख देखि २० लाख सम्म	५०००	
	रु. १० लाख सम्म।	४०००	
१३	**फर्निचर शो रुम (काठ तथा स्टील)**		
	रु. ५ करोड देखि माथि	१५०००	
	रु.१ करोड देखि रु.५ करोडसम्म	१२०००	
	रु.५० लाख देखि रु.१ करोडसम्म	१००००	
	रु २० लाख देखि ५० लाख सम्म	८०००	
	रु. १० लाख देखि २० लाख सम्म	५०००	
	रु. ५ लाख देखि १० लाख सम्म।	४०००	
	रु. ५ लाख सम्म।	३०००	
१४	**स्टेशनरी, टाइबेल्ट, स्कुलड्रेस, गिफ्ट तथा खेलौना पसल फोटो कपी**		

	रु. ५० लाख देखि १ करोडसम्म	१००००	
	रु. २० लाख देखि ५० लाख सम्म	८०००	
	रु. १० लाख देखि २० लाख सम्म	५०००	
	रु. ५ लाख देखि १० लाख सम्म।	४०००	
	रु. ३ लाख देखि ५ लाख सम्म।	३०००	
	रु. ३ लाख सम्म	२०००	
१५	**कम्प्यूटर ल्यापटप, मोवाईल, रेडियो, टेलिभिजन, घडी, कुकर आदि विद्युत्तीय सामाग्री मर्मत केन्द्र**		
	रु. २० लाख भन्दा माथि	५०००	
	रु. १० लाख देखि २० लाख सम्म	४०००	
	रु. ५ लाख देखि १० लाख सम्म	३५००	
	रु. ३ लाख देखि ५ लाख सम्म	३०००	
	रु. ३ लाखसम्म।	२०००	
१६	**विविध ब्यवसायिक कारोबार (माथि उल्लेख भए भन्दा बाहेक)**		
	रु. १० करोड देखि माथि	२००००	
	रु ५ करोड १ देखि माथि १० करोडसम्म	१५०००	
	रु. ३ करोड १ देखि माथि ५ करोडसम्म	१००००	
	रु. १ करोड १ देखि माथि ३ करोडसम्म	८०००	
	रु. ५० लाख १ देखि १ करोडसम्म।	७०००	
	रु. २० लाख १ देखि ५० लाख सम्म	५०००	
	रु. १० लाख १ देखि २० लाख सम्म	४०००	
	रु. ५ लाख १ देखि १० लाख सम्म।	३५००	
	रु. ३ लाख १ देखि ५ लाख सम्म।	३०००	
	रु. ३ लाख सम्म	२०००	
१७	**पूल हाउस, जिम हाउस , फुटसल**		
	रु. २० लाखभन्दा माथि	५०००	
	रु. १० लाख १ देखि २० लाख सम्म	४०००	
	रु. ५ लाख १ देखि १० लाख सम्म	३५००	

	रु. ३ लाख १ देखि ५ लाख सम्म	३०००	
	रु. ३ लाख सम्म ।	२०००	
१८	**विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा**		
क	**स्वास्थ्य सेवा अनुमति पत्र/दर्ता शुल्क**		
१	निजी अस्पताल/नसिङ होम प्रति शैया	३०००	
२	क्लिनिक स्वास्थ्य परामर्श सेवा	६०००	
४	सामान्य क्लिनिक सहितको औषधि पसल	५०००	
५	सामुदायिक अस्पताल प्रति शैया	१५००	
६	दन्त क्लिनिक	४०००	
७	औषधि पसल/होमियोप्याथी	३०००	
८	ल्याव/प्याथोलोजी वा डाइग्नोष्टिक सेन्टर प्रति सेवा	१०००	
९	पोलिक्लिनिक प्रति सेवा	२०००	
१०	कविराज, प्राकृतिक चिकित्सा	२०००	
११	चश्मा (अप्टिकल) पसल	४०००	
१२	कानून व्यवसायी	३०००	
१३	ल फर्म	५०००	
१४	लेखापढी सेन्टर	३०००	
ख	**ईन्जिनियरिङ सेवा तथा कन्स्लटेन्सी**		
१	इन्जिनियर (व्यक्तिगत)	५०००	
२	ओभरसियर (व्यक्तिगत)	२५००	
३	संस्थागत ईन्जिनियरिङ्ग कन्स्लटेन्सी (नगरपालिकाको क्षेत्रमा नक्सा बनाउने)	५०००	
(ग)	**लेखापरीक्षक**		
१	चार्टड एकाउन्टेन्ट (सि.ए.)	१००००	
२	अन्य रजिष्ट्रर्ड लेखापरीक्षक	२०००	
(घ)	**विज्ञापन एजेन्सी**	५०००	
१८	**फ्लेक्स बोर्ड लगायत अन्य वोर्ड निर्माण ब्यबसायी**		
	रु. २० लाखभन्दा माथि	७०००	

	रु. १० लाख १ देखि २० लाख सम्म	५०००	
	रु. ५ लाख १ देखि १० लाख सम्म	४०००	
	रु. ३ लाख १ देखि ५ लाख सम्म	३०००	
	रु. ३ लाख सम्म ।	२०००	
१९	**विविध व्यवसायी**		
	कम्प्यूटर एनालिष्ट तथा प्रोगामर	५०००	
	बिमा अभिकर्ता/अधिकर्ता	५००	
	सर्भेयर	१५००	
	सामान्य पेन्टर	१०००	
	विद्युतीय वाईरिङ, प्लम्वरिङ्ग ,	१०००	
२०	**घ वर्गको निर्माण व्यवसाय दर्ता तथा नवीकरण दस्तुर**		
	नयाँ दर्ता	१५०००	
	निर्माण व्यवसाय/कम्पनी नाम संशोधन, नामसारी तथा ठाउँसारी	५०००	
	घ वर्ग दर्ता आवेदन दस्तूर	५००	
	क, ख, ग र घ वर्गको निर्माण व्यवसाय सूचीकृत हुन आएमा	१०००	
२१	आ.व.मा भएको कारोवारका आधारमा "घ" वर्गको फर्म नवीकरण शुल्क		
	रु. ५० करोड देखि माथि	२५०००	
	रु ३० करोड ५० करोड सम्म	१२०००	
	रु २० करोड देखि ३० करोडसम्म	१०००	
	रु १० करोड देखि २० करोडसम्म	८०००	
	रु ५ करोड देखि १० करोडसम्म	७५००	
	रु १ करोड देखि ५ करोडसम्म	७०००	
	रु ५० लाख देखि १ करोडसम्म	६०००	
	रु. ५० लाख सम्म	५०००	
२२	**उत्पादनमूलक उद्योग**		

	ईटा, प्लाष्टिक, ब्लक, कृषिजन्य वा गैर कृषिजन्य कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गई रहेको माल सामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने गलैंचा, गार्मेट र तयारी पोशाक, ग्रील, आल्मुनियम, मेटल वर्कस, ब्लक रिङ, फाईवर फिक्चर आदि उद्योग व्यवसायमा :		
	रु. ५ करोड देखि माथि	२५०००	
	रु.३ करोड १ देखि ५ करोड सम्म	१५०००	
	रु.१ करोड १ देखि ३ करोड सम्म	१००००	
	रु ५० लाख १ देखि १ करोडसम्म	७०००	
	रु. २० लाख १ देखि ५० लाख सम्म	६०००	
	रु. १० लाख १ देखि २० लाख सम्म	५०००	
	रु. ५ लाख १ देखि १० लाख सम्म।	४०००	
	रु. ३ लाख १ देखि ५ लाख सम्म।	३०००	
	रु. ३ लाख सम्म	२०००	
२३	**ब्यवासायीले स्थानीयस्तरमा उत्पादित बस्तुको खरिद, संकलन, संचय केन्द्र स्थापना गरेमा**	३०००	
२४	**प्राकृतिक स्रोत र साधन उपयोग गर्ने उद्योग (क्रसर, अन्य उर्जामूलक उद्योग, खनिज उद्योग, सेरामिक्स, ढलौट) सामग्री उत्पादन आदि।**		
	रु.५ करोडभन्दा माथि	१०००००	
	रु १ करोड १ देखि ५ करोडसम्म	५००००	
	रु ५० लाख १ देखि १ करोडसम्म	२००००	
	रु.२० लाख १ देखि रु.५० लाख सम्म	१००००	
	रु. १० लाख १ देखि २० लाख सम्म	४०००	
	रु. ५ लाख १ देखि १० लाख सम्म।	३०००	
	रु. ३ लाख १ देखि ५ लाख सम्म।	२५००	
	रु. ३ लाख सम्म	२०००	
२५	**खानी तथा क्रसरजन्य उद्योग (वार्षिक व्यवसाय शुल्क)**		
	क्रसर उद्योग (बालुवा र गिटी दुबै प्रशोधन गर्ने)	९५००००	
	बालुवा प्रशोधन क्रसर उद्योग (बालुवा मात्र प्रशोधन गर्ने)	९०००००	

	सामान्य फिरफिरे (बालुवा मात्र प्रशोधन गर्ने)	५०००००	
	अन्य खानी तथा खनिजजन्य उद्योग	५०००००	
	अन्य खानी तथा खनिजजन्य उद्योग दर्ता सिफारिस शुल्क (क्रसर उद्योग बाहेक)	५००००	
२६	**कृषिसंग सम्बन्धित व्यवसाय, फूल विरुवा बिक्री, नर्सरी संचालन, तरकारी खेती, माहुरी र माछा सम्बन्धी**		
	रु. १० लाख देखि माथि	१५००	
	रु. ५ लाख १ देखि १० लाख सम्म	१०००	
	रु. २ लाख १ देखि ५ लाख सम्म।	७००	
	रु. १ लाख सम्म।	५००	
२७	**वन पैदावारमा आधारित उद्योग व्यवसाय, काठ चिरान (समिल), प्लाइउड उद्योग, बेत, बाँस, काठका सामान निर्माण वा फर्निचर उत्पादन, काठमा कलात्मक बुट्टा कुद्रे, हस्तकला आदि**		
	रु. ५० लाख देखि माथि	१००००	
	रु. २० लाख देखि ५० लाखसम्म	८०००	
	रु. १० लाख १ देखि २० लाख सम्म	५०००	
	रु. ५ लाख १ देखि १० लाख सम्म।	३०००	
	रु. ५ लाख सम्म।	२०००	
२८	**मिलहरु : तेल, चामल, चिउरा, मसला जस्ता कुटानी पिसानी मिल**		
	रु. २० लाख देखि माथि	५०००	
	रु. १० लाख १ देखि २० लाख सम्म	४०००	
	रु. ५ लाख १ देखि १० लाख सम्म।	३०००	
	रु. ५ लाख सम्म।	२०००	
२९	**पशुपालन फर्म : (गाई, भैसी, बाख्रा, भेंडा, कुखुरा, बंगुर, पशुपक्षी)**		
	रु. ५ करोडभन्दा माथि	३०००	
	रु. १ करोड १ देखि ५ करोडसम्म	२५००	
	रु. ५० लाख १ देखि १ करोडसम्म	२०००	
	रु. २० लाख १ देखि ५० लाख सम्म	१५००	
	रु. १० लाख १ देखि २० लाख सम्म	१०००	

	रु. ५ लाख १ देखि १० लाख सम्म।	८००	
	रु. ५ लाख सम्म।	५००	
३०	**दाना तथा पशु आहार उत्पादन**		
	रु.१ करोड देखि माथि	५०००	
	रु.५० लाख १ देखि १ करोड सम्मका	४०००	
	रु.२० लाख १ देखि ५० लाख सम्म	२५००	
	१० लाख १ देखि २० लाख सम्म	२०००	
	१० लाख सम्म	१०००	
३१	**पर्यटन उद्योग: घरवास पर्यटन होटेल, होटल, रेष्टुराँ, रिर्सोट, ट्राभल एजेन्सी, राफ्टिङ्ग, ट्रेकिङ्, वेलुन उडान, फनपार्क, पोलो, घोडचढी, दोहोरी आदि।**		
	रु. १० करोड माथि	१५०००	
	रु.५ करोड १ देखि १० करोडसम्म	१२०००	
	रु. २ करोड १ देखि ५ करोडसम्म	१००००	
	रु. १ करोड १ देखि २ करोडसम्म	८०००	
	रु. ५० लाख १ देखि १ करोडसम्म	६०००	
	रु. २० लाख १ देखि ५० लाख सम्म	५०००	
	रु. १० लाख १ देखि २० लाख सम्म	४०००	
	रु. ५ लाख १ देखि १० लाख सम्म।	३०००	
	रु. ३ लाख १ देखि ५ लाख सम्म।	२५००	
	रु. ३ लाख सम्म	२०००	
३२	**ट्राभल एजेन्सी, यातायात तथा ढुवानी सेवा आदि)**		
	रु. २० लाख भन्दा बढी	१००००	
	रु. १० लाख देखि २० लाख सम्म	७०००	
	रु. ५ लाख देखि १० लाखसम्म	५०००	
	रु. ५ लाखसम्म	४०००	
३३	**सेवा उद्योग : (छापाखाना, परामर्श सेवा, फोटोग्राफी, फोटो स्टूडियो, प्रयोगशाला, शीत भण्डार, कलर ल्याव, स्क्रीन प्रिन्ट, साईन बोर्ड बनाउने लगायतका अन्य उद्योग व्यवसायमा)**		

	रु. ५ करोड भन्दा माथि	१००००	
	रु. १ करोड देखि ५ करोडसम्म	८०००	
	रु. ५० लाख देखि १ करोडसम्म	७०००	
	रु. १० लाख देखि ५० लाखसम्म	६०००	
	रु. ५ लाख देखि १० लाख सम्म।	५०००	
	रु. ३ लाख देखि ५ लाख सम्म।	४०००	
	रु. ३ लाख सम्मको	३०००	
३४	**व्यापारिक एवं आवासीय कम्प्लेक्स आदि निर्माण गरि संचालन गर्ने व्यवसायमा**		
	रु. २० करोड देखि माथि	१५०००	
	रु ५ करोड देखि २० करोडसम्म	१००००	
	रु. १ करोड देखि ५ करोडसम्म	८०००	
	रु. ५० लाख देखि १ करोडसम्म	७०००	
	रु. १० लाख देखि ५० लाखसम्म	६०००	
३६	**सञ्चार सेवा**		
	निजी क्षेत्रका टेलिफोन, फ्याक्स सेवा, फोटोकपी, ईन्टरनेट आदि समेत	५०००	
	कुरियर सेवा (सामान समेतको ढुवानी)	५०००	
	प्रकाशन गृह /अनलाईन	५०००	
	ईन्टरनेट सेवा प्रदायक व्यवसाय	१००००	
३७	**एफ.एम. संचालन**	३०००	
३८	**टेलिफोन, मोवाईल, वायरलेस कम्यूनिकेशन लगायत वी टी एस टावर**	८०००	
३९	**वित्तीय सेवा (वार्षिक शुल्क)**		
	निजी क्षेत्रको आर्थिक कारेवार गर्ने क बर्गका बैंकको शाखा	१५०००	
	निजी क्षेत्रको आर्थिक कारेवार गर्ने ख बर्गका बैंकको शाखा	१२०००	
	निजी क्षेत्रको आर्थिक कारेवार गर्ने ग बर्गका बैंकको शाखा	१००००	
	निजी क्षेत्रको आर्थिक कारेवार गर्ने घ बर्गका बैंकको शाखा	५०००	
	विमा कम्पनी शाखा	५०००	

	सहकारी बैंक तथा अन्य वित्तिय संस्था	२०००	
४०	**सहकारी संस्था**		
	रु. १० लाख भन्दा माथि कारोवार भएको	२०००	
	रु. १० लाखसम्म कारोवार भएको	१०००	
	कृषि सहकारी संस्था दर्ता शुल्क	५००	
	सहकारी संस्था ऋण/योजना माग सिफारिस	१०००	
	सहकारी संस्था दर्ता प्रमाणपत्र प्रतिलिपि दस्तुर	२००	
	अन्यत्र दर्ता भएका सहकारीहरु नपामा सूचिकृत हुँदाको सेवा शुल्क	५००	
४१	**विदेशी मुद्रा सटही काउण्टर, रेमिट्यन्स सेवा**		
	मुख्य कार्यालय	१००००	
	शाखा कार्यालय	५०००	
४२	**माथि उल्लेख नभएका नेपाल सरकार वा अन्य निकायमा विधिवत दर्ता भई सकेका र यस न.पा. मा सूचीकृत मात्र हुने प्रकृतिका व्यवसायहरु**		
	५ करोड देखि माथि	५०००	
	१ करोडदेखि ५ करोडसम्म	४०००	
	२० लाख देखि १ करोडसम्म	३०००	
	२० लाख सम्म पूँजी कारोवार	२०००	

४३	**शिक्षा सेवा: संस्थागत विद्यालयको अनुमति पत्र/दर्ता, नवीकरण**			
	तह	वर्ग	नवीकरण	अनुमति/दर्ता शुल्क
क	स्वीकृतिको लागि धरौटी			२००००
ख	क्याम्पस			५००००
ग	माध्यमिक तह ९ देखि १२ कक्षा सम्म	क	५०००	१००००
		ख	४०००	८०००
		ग	३०००	६०००
		घ	२०००	४०००
घ	आधारभूत तह ६ देखि ८ कक्षा सम्म	क	४०००	८०००

		ख	३०००	६०००
		ग	२०००	४०००
		घ	१०००	२०००
ङ	आधारभूत तह १ देखि ५ कक्षा सम्म	क	४०००	८०००
		ख	३०००	६०००
		ग	२०००	४०००
		घ	१०००	२०००
च	मण्टेश्वरी	क	३०००	६०००
		ख	२५००	५०००
		ग	२०००	४०००
		घ	१०००	२०००
छ	शिशुस्याहार कक्षा संचालन	क	३०००	६०००
		ख	२५००	५०००
		ग	२०००	४०००
		घ	१०००	२०००
ज	मण्टेश्वरी, शिशुस्याहार केन्द्र, विद्यालय आदिको ठाउँसारी			१०००
झ	आवेदन फाराम			२००
ञ	संस्थागत विद्यालय धरौटी खाता नवीकरण वार्षिक			५००
४४	**तालिम तथा अनुसन्धान केन्द्र, परामर्श सेवा संचालन, अनुमति**			
	रु.२० लाख भन्दा बढी	८०००		
	रु. १० लाख देखि २० लाख सम्म	६०००		
	रु. ५ लाख देखि १० लाख सम्म।	५०००		
	रु. ५ लाख सम्म	४०००		
४५	**टाईपिङ्ग, कम्प्यूटर तथा भाषा प्रशिक्षण संस्था,ट्यूशन सेन्टर तथा तयारी कक्षा संचालन**			
	रु. १० लाख देखि माथि	५०००		
	रु. ५ लाख देखि १० लाख सम्म।	४०००		
	रु. ३ लाख देखि ५ लाख सम्म।	३०००		

	रु. ३ लाख सम्म	२०००	
४६	**मर्मत सम्भार: हेभी ईक्विप्मेन्ट बस, ट्रक, कार मोटरसाईकल, साईकल मर्मत, रिसोलिङ, रिकण्डीसन, कारखाना तथा सर्भिसिङ्ग, इन्जिनियरिङ्ग, इलेक्ट्रोनिक्स, स्क्रायविङ्ग, ईम्पलान्टिङ्ग**		
	रु. ५० लाखभन्दा माथि हेभी ईक्विप्मेन्ट	८०००	
	रु. २० लाख देखि रु. ५० लाखसम्म	६०००	
	रु. १० लाख देखि २० लाखसम्म	५०००	
	रु. ५ लाख देखि १० लाख सम्म	४०००	
	रु. ३ लाख देखि ५ लाख सम्म।	३०००	
	रु. १ देखि ३ लाख सम्म।	२५००	
४७	**मार्वल, सेनेटरी, रंग, सिसा तथा प्लाईउड, कार्नेस हाउस डेकोर, फेब्रीकेशन आदिको पसल**		
	रु.१ करोड देखि माथि	१००००	
	रु. ५० लाख देखि १ करोडसम्म	८०००	
	रु. २० लाख देखि ५० लाख सम्म	५०००	
	रु. १० लाख देखि २० लाख सम्म	४०००	
	रु. १० लाख सम्म।	३०००	
४८	**भाडावर्तन पसल**		
	रु. २० लाख भन्दा माथि	५०००	
	रु. १० लाख देखि २० लाख सम्म	४०००	
	रु. ५ लाख देखि १० लाख सम्म।	३५००	
	रु. ३ लाख देखि ५ लाख सम्म।	३०००	
	रु. ३ लाख सम्म	२०००	
४९	**कवाडी संकलन तथा विक्री वितरण व्यवसाय (निकासी कर बाहेक)**	२५००	
५०	**केवुल नेटवर्क र अन्य च्यानल बार्षिक ग्राहक संख्यका आधारमा, सि.सि. क्यामरा**		
	१५ सय भन्दा वढी ग्राहक भएमा	८०००	
	पन्ध्र सय सम्म भएमा	६०००	

	एक हजार सम्म ग्राहक भएमा	४०००	
	पांच सयभन्दा कम भएमा	३०००	
५१	**अन्य व्यवसाय**		
	पार्क, पिकनिक स्पट निजी	३०००	
	टुर अपरेटर	२०००	
	ड्राई क्लिनर्स	२०००	
५२	**पार्टी प्यालेस (नक्सा स्वीकृत वा नियमित भएकोमा)**		
	रु. १ करोड देखि माथि	१००००	
	रु. ५० लाख देखि १ करोड सम्म	८०००	
	रु. २० लाख देखि ५० लाख सम्म	६०००	
	रु. १० लाख देखि २० लाख सम्म	५०००	
	रु. ५ लाख देखि १० लाख सम्म।	३०००	
	रु. ३ लाख देखि ५ लाख सम्म।	२०००	
	रु. ३ लाख सम्म	१५००	
५३	**क्याटरिङ सेवा**		
	५ लाख माथि	५०००	
	३ लाख माथि ५ लाख सम्म	३०००	
	३ लाख सम्म	२०००	
५४	**मासु पसल**		
	५ लाख माथि	५०००	
	३ लाख माथि ५ लाख सम्म	३०००	
	३ लाख सम्म	२०००	
५५	**कष्मेटिक, केश श्रृगार सैलुन व्यूटी पार्लर सिलाई कटाई**		
	५ लाख माथि	३०००	
	३ लाख माथि ५ लाख सम्म	२०००	
	३ लाख सम्म	१०००	
५६	**ब्यवसाय परिचय पाटी प्रति वर्गफीट**	१०	

५७	**सवारी प्रशिक्षण**		
	ट्रायल सेन्टर	८०००	
	ड्राईभिङ्ग सेन्टर हेभी	८०००	
	ड्राईभिङ्ग सेन्टर चारपांग्रे लाईट	५०००	
	ड्राईभिङ्ग सेन्टर दुई पांग्रे	२०००	
५८	**एक भन्दा वढी व्यवसाय संचालन गर्ने फर्मको हकमा**		
	रु. ५ करोड देखि माथि	१००००	
	रु. १ करोड देखि ५ करोडसम्म	८०००	
	रु. ५० लाख देखि १ करोडसम्म	७०००	
	रु. १० लाख देखि ५० लाखसम्म	६०००	
	रु. ५ लाख देखि १० लाखसम्म	५०००	
	रु. १ लाख देखि ५ लाखसम्म	४५००	
	रु. १ लाखसम्म	४०००	

व्यवसाय दर्ता, नवीकरण तथा खारेजी सम्बन्धमा :

१.कुनै पनि व्यवसायीले नियमानुसार व्यवसाय दर्ता गर्न चाहेमा वडाको हकमा सम्बन्धित वडा कार्यालय र न.पा.को हकमा नगरपालिका कार्यालयमा निवेदन पेश गर्नु पर्ने छ ।

२.ज्येष्ठ नागरिक, महिला तथा अपाङ्गता भएका व्यक्तिको नाममा व्यवसाय दर्ता गर्दा दर्ता गर्न लाग्ने शुल्कमा ५०% छुट दिइनेछ ।

३.माथि नवीकरण शुल्क र वार्षिक व्यवसाय शुल्क उल्लेख गरेका भन्दा बाहेकका व्यवसायको हकमा व्यवसाय नवीकरण शुल्क दर्ता शुल्कको ५०% हुनेछ ।

४.माथि उल्लेख भएका सबै व्यवसायहरु प्रत्येक आ.व.को आश्विन मसान्तस भित्र नवीकरण गर्नुपर्नेछ । उक्त अवधिमा नवीकरण नगरेमा सोही आ.व.को लागि २५% थप जरिवाना लाग्नेछ ।

५.दुई वर्ष वा सो भन्दा बढी समयसम्म व्यवसाय नवीकरण नगरेमा हालको नवीकरण शुल्कमा थप ५०% का दरले जरिवाना लिइनेछ ।

६.निर्माण व्यवसाय ईजाजत पत्रको हकमा प्रत्येक आ.व.को चैत्र मसान्तसम्म नवीकरण नगरेमा उक्त ईजाजतपत्र खारेज हुनेछ ।

७.वडा/न.पा.लाई तिर्नुपर्ने सम्पूर्ण कर र सम्झौता अनुसारको घरभाडा चूक्ता गरिसके पछि मात्र सम्बन्धित निकायमा दर्ता खारेजीको लागि सिफारिस गर्ने वा व्यवसाय खारेजी गरिनेछ ।

नोट :

१.कोभिड–१९ को महामारीबाट भएको बन्दाबन्दीका कारण परेको प्रतिकुल असरलाई मध्यनजर गर्दै आ.ब. २०७६/७७ को व्यवसाय करमा २५ प्रतिशतले छुट सहुलियत दिइनेछ ।

२.आ.ब. २०७६/७७ को कर दायित्व २०७७ साल आश्विन मसान्तसम्म भुक्तान गरेमा मात्र उल्लेखित छुट दिइनेछ ।

३.आ.ब. २०७६/७७ को कर दायित्व भुक्तान गरिसकेको हकमा उल्लेखित छुट बराबरको रकम आगामी आ.व. २०७७/७८ को कर दायित्वमा मिलान गरिनेछ ।

अनुसूची–७

दफा (६) को उपदफा (१) सँग सम्बन्धित

जडिबुटी, कवाडी र जीवजन्तु करको दर

नगर क्षेत्रभित्र उत्पादन वा संकलन भै व्यवसायिक उपयोग हुने निम्नलिखित वस्तुहरुमा देहाय बमोजिम जडिबुटी, कबाडी र जीवजन्तु कर लिइनेछ ।

सि.नं	विवरण	इकाई	करको दर (रु)
१	ऊन, खोटो	प्रति के.जी.	६
२	बज्रजन्ती, काफलको बोक्रा, चुत्रोको बोक्रा	प्रति के.जी.	२
३	लोठ सल्लाको पात, सतुवा, लप्सी	प्रति के.जी.	५
४	धसिंगरे	प्रति के.जी.	३
५	धुपीको काठ	प्रति के.जी.	२०
६	पैयुको बोक्रो, सल्लाको सिङ्टा, एसेलुको डाँठ, तितेपाती, मजिठो, धुपीको पात, अमला, काउलो, हर्रो, बर्रो	प्रति के.जी.	१
७	साल प्रति क्यू.फिट	प्रति क्यू.फिट	२००
८	सल्लो, उत्तिस, चिलाउने, कटुस, मौवा, अस्ना (साज), शिरिस, सिमल, अन्य	प्रति क्यू.फिट	५
९	दाउरा	प्रति ट्रिप	५००
१०	काठ कटानी, मुछानी र पाइलिङ्ग (समूह भन्दा बाहिर विक्री÷निकासी) गरेमा	प्रति क्यू.फिट	२०
११	प्रचलित कानूनले निषेध गरेका जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला आदि	प्रति के.जी.	५
१२	सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर विक्री शुल्क दर	स्तर (ग्रेड)	करको दर प्रति क्यू.फिट रु.

	साल	ए	१०००
		बी	७००
		सी	५००
	ओखर, चाँप र दार	–	५००
	सिसौ (वृक्षारोपण)	४ फिट र सो भन्दा बढी गोलाई भएको	४००
		४ फिट भन्दा कम गोलाई भएको	२००
	अस्ना, जामुन, कर्मा, टुनी र सिरिस	ए	३००
		बी	२००
	खोटे सल्लो	ए	२००
		बी	१५०
	सिमल	–	१२५
	हर्रो, बर्रो, फल्दु, चिलाउँने र सौर	–	२००
	उत्तिस, कटुस, मसला, आँप, अन्य सल्लो	–	१००
	बोटधंगेरो	–	८०
	अन्य (माथि उल्लेख भए देखि बाहेक)		७५ प्रति क्यू.फिट
१३	**जरा र ठुटा**		
	साल		७५।– प्रति ठुटा
	अन्य		४०।- प्रति ठुटा
१४	बल्लाबल्ली (३ फिट भन्दा साना)	स्तर (ग्रेड)	मूल्य दर
	साल	ए	१५०
		बी	१००
	अस्ना, कर्मा र जामुन	ए	७५
		बी	५०
	मसला	ए	५०
		बी	२५
	अन्य	ए	२५

१५	दाउरा	इकाई	मूल्य दर रु.
१५.१	**व्यापारिक प्रयोजन**		
		प्रति चट्टा	८०००
(क)	साल		रु १।– प्रति के.जी. (चिरुवा र लप्स टप्स समेत)
		प्रति चट्टा	१२०००
(ख)	सिसौ र टिक		रु १।५० प्रति के.जी.
		प्रति चट्टा	४०००
(ग)	अन्य		रु ०।५० प्रति के.जी. (चिरुवा र लप्स टप्स समेत)
१५.२	**दाह संस्कार**		
		प्रति चट्टा	१०००
(क)	साल		रु ०।२५ प्रति के.जी. (चिरुवा र लप्स टप्स समेत)
